सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१ साउन २०८२, बिहीबार (17 July 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ९५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

# हिमालयन बैंकको दुई करोड ८० लाख कित्ता सेयर सस्तोमा हत्याउन 'सेटिङ'

पाकिस्तानको हबिब बैंकले हिमालयन बैंकमा रहेको आफ्नो सेयर बिक्री गर्दै छ, संस्थापक सेयरधनीका हिसाबले कर्मचारी सञ्चय कोषले सेयर किन्ने पहिलो हक राख्छ, तर कोषदेखि राष्ट्र बैंक, धितोपत्र बोर्ड र नेप्सेसम्म सेटिङ गरेर सस्तोमा सेयर हत्याउन २५ चरणको कार्यतालिका नै बनाएर चलखेल गर्दै हिमालयन रिइन्स्योरेन्सका मुख्य सञ्चालक

■ करोडौँ पुँजीगत लाभकर छलीको तयारी

**१९ साउन ०८० (४ अगस्ट, सन् २०२३) मा पाकिस्तानको हबिब बैंकले हिमालयन बैंकमा रहेको आफ्नो संस्थापक सेयर हिमालयन रिइन्स्योरेन्सलाई बिक्री गर्न सेयर खरिद-बिक्री सम्झौता नै गरेको थियो। हिमालयन रिइन्स्योरेन्सले प्रतिकित्ता एक सय ३० रुपैयाँमा किन्न सम्झौता गरेको थियो। तर, अहिले प्रतिकित्ता सेयरको मूल्य ११२ रुपैयाँ ८० पैसा तोकेर बिक्री प्रक्रिया अघि बढाइएको छ। सेटिङमा प्रतिकित्ता १७ रुपैयाँ २० पैसा घटाएर बिक्री अघि बढाउनु शंकास्पद देखिएको राष्ट्र बैंक स्रोत बताउँछ। यसबाट राज्यको करोडौँ पुँजीगत लाभकरसमेत छलीको जोखिम छ।**

**पवन तिमल्सिना**/नयाँ पत्रिका

हिमालयन रिइन्स्योरेन्स कम्पनीको सञ्चालक समूहले हिमालयन बैंकको दुई करोड ८० लाख कित्ता सेयर सस्तो मूल्यमा हत्याउन नियामक निकायसँग नै मिलेर 'सेटिङ' गरेको खुलासा भएको छ। सेयर बिक्री गर्दा सबै प्रक्रिया पारदर्शी र निष्पक्ष हुनुपर्ने भए पनि यो समूहले नेपाल राष्ट्र बैंक,

» पृष्ठ २ मा क्रमशः

● **चिरञ्जीवी नेपाल**, पूर्वगभर्नर



**सेयर बिक्री गर्दा सबै प्रक्रिया पूरा गर्नुपर्छ। म हुँदा पनि हबिबको सेयर खरिद गर्ने विषय आएको थियो। तर, सञ्चालकहरूकै विवादले अघि बढ्न सकेन। त्यहाँको बोर्डमा नै समस्या छ।**

● **गुरुप्रसाद पौडेल**, कार्यकारी निर्देशक, राष्ट्र बैंक



**सुरुमा संस्थागत सेयरधनीहरूलाई नै बिक्री गर्नुपर्ने प्रावधान छ। उनीहरूका तर्फबाट कसैले इच्छा देखाएनन् भने मात्रै अरू व्यक्ति वा संस्थालाई बिक्री गर्न मिल्छ।**



● **दामोदरप्रसाद सुवेदी**, प्रवक्ता, कर्मचारी सञ्चय कोष

**हबिबको सेयर किन्दा के हुन्छ, नकिन्दा के हुन्छ भन्नेबारे आन्तरिक छलफल भइरहेको छ। समय अझै बाँकी छ, निष्कर्षमा पुगनै लागेका छौं।**

### हबिबको सेयर हात पार्न हिमालयन रिइन्स्योरेन्स समूहले बनाएको यस्तो छ २५ बुँदे तालिका

हिमालयन रिइन्स्योरेन्स समूहले हबिब बैंकको हिमालयन बैंकमा रहेको सेयरलाई हत्याउन समयसीमा नै तोकेर २५ चरणको विस्तृत कार्यतालिका नै तयार पारेको नयाँ पत्रिकाले फेला पारेको छ। यो समूहले सेटिङमा बनाएको तालिकाअनुसार सुरुमा बिक्रेता बैंक खाता, डिम्याट खाता र ब्रोकर्स नियुक्ति तथा टिएमएस खाता खोल्ने काम पूरा भइसकेको छ। त्यसपछि, संशोधित मूल्यसहित प्रि-अफर दिने उल्लेख गरिएको छ। योजनाअनुसार अफर मूल्य ११२.८ रुपैयाँ तोक्ने उल्लेख छ।

बोर्डबाट अनुमोदनपछि बैंकमा संशोधित मूल्यसहित आवेदन दिइनेछ र आरओएफआर (राइट फर फर्स्ट रिफ्युजल) प्रक्रिया तथा अन्य कानुनी कार्य अगाडि बढाइने तालिकामा उल्लेख छ। यसपछि हिमालयन बैंकले ३५ दिनको आरओएफआर सूचना र त्यसपछि १५ दिनको बिक्री सूचना राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने भनिएको छ।

खरिदकर्ताले प्रस्ताव पेस गरेपछि सम्झौता स्वीकृति गराइने र सेयर खरिद सम्झौता आगामी ३१ जुलाई २०२५ मा कार्यान्वयन गरिने तयारी छ। बिमा प्राधिकरणबाट अन्तिम स्वीकृति लिएर राष्ट्र बैंकमा आवेदन दिइनेछ। राष्ट्र बैंकको स्वीकृति प्राप्त भएपछि कारोबार तीन महिनाभित्र सम्पन्न गर्नुपर्ने तालिकामा भनिएको छ।

कारोबारको स्वीकृति प्राप्त भएपछि नेप्से र सेबोनमा सेयर कारोबारसम्बन्धी जानकारी दिइनेछ। नेप्से र सिडिएससीमा बल्क सेयर अफलोडिङ प्रक्रिया सुरु हुनेछ। त्यसपछि, बिक्रेताले डेलिभरी इन्स्ट्रक्सन स्लिपसहित बिक्री आदेश जारी गर्ने र सेयर तथा रकम स्थानान्तरण गर्ने कार्य सम्पन्न हुने तालिकामा भनिएको छ।

हिमालयन रिइन्स्योरेन्स समूहको कार्यतालिकामा भनिएको छ, 'रकम स्थानान्तरणपछि हिमालयन बैंकले राष्ट्र बैंकलाई १५ दिनभित्र जानकारी दिनेछ। त्यसपछि कर प्रमाणपत्रसहित लगानी फिर्ताको स्वीकृतिका लागि राष्ट्र बैंकमा आवेदन गरिनेछ। आवश्यक कागजात तयार गर्न १५ देखि ४५ दिनसम्म समय लाग्न सक्ने अनुमान छ। अन्तिम चरणमा राष्ट्र बैंकको स्वीकृति पाएपछि हबिब बैंकले रकम विदेश पठाउने र सम्पूर्ण प्रक्रिया समाप्त हुनेछ।'

■ घुस शृंखलामा गुप्तापछि भूमि व्यवस्थामन्त्री अधिकारी

# जेब्रा झोलामा ३२ लाख लिएको बिचौलियाको दाबीसहितको अडियो सार्वजनिक





**भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले पोखरा लिचीघारीको १३५ रोपनी विवादित जग्गा स्वार्थ समूहको नाममा दर्ता गरिदिने नाममा ३२ लाख घुस लिएको बिचौलियाको दाबी, तर, मन्त्री अधिकारी भन्छन्– कसैले जाँड खाएर कुरा गरेको आधारमा हुन्छ ?**

**सुवास भट्ट**/नयाँ पत्रिका

७८ लाख 'घुस' डिलमा तानिएपछि संघीय मामिलामन्त्री राजकुमार गुप्ताले राजीनामा दिएको भोलिपल्टै भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले पनि ३२ लाख घुस लिएको अडियो सार्वजनिक भएको छ। अडियोअनुसार उनले पोखरा लिचीघारीको १३५ रोपनी विवादित जग्गा स्वार्थ समूहको नाममा दर्ता गरिदिने भन्दै घुस लिएका हुन्।

यही जग्गा काण्डमा ५३ लाख रुपैयाँ घुस खाएको आरोप लागेपछि संघीय मामिलामन्त्री गुप्ताले मंगलबार नै पदबाट राजीनामा दिइसकेका छन्। उनले जिल्ला भूमि आयोगको अध्यक्ष नियुक्त गरिदिन भन्दै २५ लाख घुस डिल गरिरहेको पनि सार्वजनिक भएको थियो। जसमा उनले 'घुस खाएको' भन्दै भूमि व्यवस्थामन्त्री अधिकारीलाई पनि पोलेका थिए। 'बलराम (अधिकारी)ले पैसा खाइसक्यो, उसले काम गर्दैन,' उक्त अडियोमा गुप्ताले बिचौलियासँग भनेका छन्।

पछिल्लो सार्वजनिक अडियोमा अधिकारीले पैसा (घुस) खाइसकेको दाबी बिचौलियाले गरेका छन्। अडियोमा तत्कालीन भूमिसचिव अर्जुन पोखरेल, मन्त्रीका छोरा मनोज र निजी सचिव अनिल मरासिनी पनि तानिएका छन्।

महेन्द्र गुफानजिकै रहेको जग्गा हत्याउन व्यापारिक समूह लागिरहेको थियो, यही विवादमा केही वर्षयता बिचौलिया छिरेका थिए। हाल भोगचलन गर्दै आएकाहरूको

» पृष्ठ २ मा क्रमशः



■ एमाले केन्द्रीय सदस्य विष्णु रिजालले भूमि व्यवस्थामन्त्री अधिकारीका गतिविधिमाथि प्रश्न उठाएका छन्। उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्- **यस्तो 'हिम्मत'सँग कायल नभइरहन सकिएन। घुसकाण्डमा कर्मचारीका मन्त्री राजीनामा दिन्छन्, विभागीय मन्त्री (भूमिसुधार) मैले खाएको छैन भन्नमै असिनपसिन छन्। यस्तो वेलामा छेउको जिल्ला भक्तपुरमा मन्त्रीले छानेर पठाएका मालपोत प्रमुख हाकाहाकी साढे २४ लाख रकम असुल्छन्। यो उनको मात्रै हिम्मत होला त ? यस्तो काम चुपचाप कति भइरहेको होला, मालपोत र नापीमा ?**



■ मंगलबार साढे २४ लाख घुस लिँदै गर्दा पक्राउ परेका भक्तपुर मालपोत कार्यालयका प्रमुख कुमार आचार्यलाई पनि मन्त्री अधिकारीले नै रोजेर पठाएका थिए

■ सिआइबी स्थापनाको डेढ दशक

## अनुसन्धानमा सत्ताको छायाले साख जोगाउने चुनौती




सिआइबीले पछिल्ला वर्ष गरेका केही ठुला अनुसन्धान विवादमा परेका छन्। बाँसबारी छाला जुत्ता उद्योगको जग्गा हिनामिनामा सरकार फेरिएलगत्तै प्रहरीको अनुसन्धान शैलीसमेत फेरियो।

(विस्तृत पृष्ठ ३ मा)

## तीन वर्षमा सक्नुपर्ने कञ्चनपुर-कमला सडकको पाँच वर्षमा ६५% मात्रै प्रगति

(विस्तृत पृष्ठ ६ मा)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.




■ जसपाले फिर्ता लियो सरकारलाई दिएको समर्थन

# राष्ट्रिय सभामा सत्तापक्ष अल्पमतमा, भूमिसहित विवादित विधेयक पास गर्न कठिन



● **उपेन्द्र यादव**
अध्यक्ष, जसपा

ओली नेतृत्वको असफल भइसकेको सरकारलाई पार्टीले गर्दै आएको समर्थनको कुनै औचित्य एवं अर्थ नै नरहेको हुनाले समर्थन फिर्ता लिई अबउप्रान्त विपक्षमा बस्ने निर्णय गरियो।

**प्रेम गौतम**/नयाँ पत्रिका

भूमिसहितका कैयौं विवादित विधेयक अगाडि बढाउन खोजेका प्रधानमन्त्री केपी ओलीलाई झट्का लागेको छ। जसपा नेपालले समर्थन फिर्ता लिएसँगै राष्ट्रिय सभामा सत्तापक्ष अल्पमतमा परेको छ, जसकारण विधेयक अगाडि बढाउन सहज हुनेछैन।

जसपा नेपालका प्रतिनिधिसभामा पाँच र राष्ट्रिय सभामा तीन सांसद छन्। ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि

» पृष्ठ २ मा क्रमशः





■ विश्लेषक श्याम श्रेष्ठ भन्छन्-

राष्ट्रिय सभामा अल्पमतमा परेपछि मुख्यतया विधेयक पास गर्न गाह्रो हुने भयो। विधेयक दुवै सदनबाट पारित नभई कानुन बन्दैन। विधेयक आमनेपालीलाई फाइदा हुनेछ भने त सत्तापक्ष अल्पमतमा भए पनि पास हुन सक्छ। तर, एकथरीलाई मात्रै फाइदा हुने विधेयक आयो भने पास गर्न गाह्रो हुन्छ। प्रतिनिधिसभामा पनि दुईतिहाइ गुम्यो। राष्ट्रिय सभामा बहुमत नै नहुने भएपछि सरकारलाई अप्ठ्यारो पर्छ नै। सरकारले चाहेबमोजिमका विधेयक पास हुँदैनन्। संविधान संशोधनको विषय त धेरै टाढाको कुरा भयो।

■ निजामती विधेयक जालसाजी प्रकरणमा
राज्य व्यवस्था समिति सभापति खतिवडाको बयान

# ‘भरोसा गरेका कर्मचारीले षड्यन्त्र र विश्वासघात गरे’

नयाँ पत्रिका

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा देखिएको त्रुटिको दोष कर्मचारीमाथि थोपरेका छन् । उनले विधेयकको प्रतिवेदनमा दुईवर्षे ‘कुलिङ पिरियड’ निष्प्रभावी बन(ाउने गरी कर्मचारीले बदमासी गरेको बताएका हुन् ।

बुधबार प्रतिनिधिसभाले गठन गरेको विशेष छानबिन समितिमा दिइएको साढे दुईघन्टे बयानमा खतिवडाले समिति सचिवालय र कानुन मन्त्रालयका सहसचिवहरूलाई प्रतिवेदन लेखनको दोषी ठहर गरेका छन् । खतिवडाले १८ असारको राज्य व्यवस्था समितिको बैठकमै सचिवालय र कानुन मन्त्रालयका अधिकारीहरूमाथि आरोप लगाइसकेका थिए ।

छानबिन समितिका सदस्यहरूका अनुसार खतिवडाले सांसद जीवन परियार नेतृत्वको विशेष समितिमा पनि आफू निर्दोष रहेको दाबी दोहोर्‍याए । उनले आफूले त ‘कुलिङ अफ पिरियड’ राख्नुपर्ने अडान लिएको, तर अन्तिम मस्यौदामा कर्मचारीको चलखेलका कारण त्यसको असर नगर्ने खालको व्यवस्था प्रवेश गरेको बताएका बताए ।

सांसदहरूले प्रतिवेदन तयार भएपछि समितिमा दफावार छलफल नगर्नु, हस्ताक्षर गरिसकेपछि जिम्मेवारीबाट पन्छिन खोज्नु र कर्मचारीलाई मात्र दोष थोपर्नु उपयुक्त नहुने भन्दै सभापति खतिवडालाई कठोर प्रश्न गरेका थिए । जवाफमा खतिवडाले अन्तिम मस्यौदामा दफावार छलफल नगरिनु आफ्नो कमजोरी भएको स्विकारे । तर, उनले विश्वास गरेर जिम्मा दिएका कर्मचारीहरूमै ‘षड्यन्त्र र विश्वासघात’ भएको आरोप लगाए ।

‘हामीले प्रतिवेदन बनिसकेपछि समितिमा दफावार छलफलमा लगेनौँ । राजनीतिक रूपमा सहमति गरेर कर्मचारीलाई विश्वास गरेर मिलाउन भने । मिलाउन भनेका कर्मचारीबाट विश्वासघात भयो । धोका भयो । षड्यन्त्र भयो,’ सभापतिले भने ।  खतिवडाले कुलिङ पिरियड हटाउन मुख छोप्दै हिँडेका व्यक्तिहरू, घरदैलोको नेतृत्व गरेकाहरू र समिति सचिवालयले छलछाम गरेको आरोप लगाएका थिए । खतिवडाले यसो भनेर सरकारका मुख्यसचिव एकनारायण अर्याल, संसद्का महासचिव पद्मप्रसाद पाण्डेय र समिति सचिव सुरजकुमार दुरालाई आक्षेप लगाएका थिए ।

यसैगरी, कानुन मन्त्रालयको सहसचिव सुभाष भट्टराईको पनि भूमिका रहेको खतिवडाको भनाइ थियो । विधेयकसँग सम्बन्धित सामान्य प्रशासन मन्त्रालयले पनि विधेयकको प्रतिवेदन नहेरेको गुनासो खतिवडाले छानबिन समितिमा गरेका थिए । खतिवडाले यो प्रकरणमा आफ्नो र अरूको भूमिकाको पनि गर्न अनुरोध गरेका थिए ।

सोधपुछपछि सभापति खतिवडाले प्रतिवेदन बनाउँदा भएका घटनाक्रमबारे छलफल भएको बताए । ‘मैले समिति गठन हुनुपर्छ भनेको थिएँ । समितिमा प्रतिवेदन बनाउँदा भएका घटनाक्रमहरूको बारेमा छलफल भयो । म आफैँ सांसद हो । कठघरामा होइन । यो छलफल हो । आफैँले मागेको कुरा कहाँ कठघरा हुन्छ,’ उनले भने ।

छानबिन समिति सभापति जीवन परियारले खतिवडासँग समिति प्रतिवेदन निर्माणका चरणमा भएका घटनाक्रमबारे सवाल जवाफ भएको बताए । ‘प्रतिवेदन निर्माणको क्रम र हस्ताक्षरको क्रममा भएका घटनाक्रमबारे उहाँले छानबिन समितिलाई बताउनुभयो । हामी छानबिनकै चरणमा छौँ,’ उनले भने । प्रतिनिधिसभाले संघीय निजामती विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्दै २३ असारमा संसदीय छानबिन विशेष समिति गठन गरेको थियो । सभापति परियारका अनुसार समितिले १२ वटा बैठक राखिसकेको छ ।

**छानबिन समितिमा सहभागी सांसदहरूका अनुसार प्रारम्भिक अध्ययनमा ‘कुलिङ पिरियड’ निष्प्रभावी बनाउने कार्यमा मुख्यसचिव, संसद्का महासचिव, कानुनसचिव र समितिका केही कर्मचारीहरूको भूमिका छ**



सुरुमा राज्य व्यवस्था समिति बैठकको अडियो सुनेको थियो । त्यसपछि कानुन निर्माण, प्रतिवेदन लेखन प्रक्रियामा सहभागी सरोकारवाला व्यक्ति पहिचान गरेर छलफल गरिरहेको छ । बुधबार सभापतिसँग बयान लिएको समितिले यसअघि समिति सचिव सुरजकुमार दुरासँग सोधपुछ गरिसकेको छ । प्रतिवेदन लेखन र विधेयकको जिम्मेवारीको हिसाबले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहसचिव मीरा आचार्य, कानुन मन्त्रालयका सहसचिव सुभाषकुमार भट्टराईसँग पनि छलफल गरेको उनले बताए । विधेयकका हरेक प्रक्रियामा उनीहरूको सहभागी रहेको सभापति परियारको भनाइ छ ।

छानबिन समितिले विधेयकको छलफलमा निरन्तर सहभागी २७ जेठमा अवकाश पाएका कानुनसचिव उदयराज सापकोटासँग पनि बुधबार छलफल गरेको छ । यसैगरी, कानुन एवं प्रशासनविद् काशीराज दाहालसँग छलफल गरेको छ । यसअघि समितिले कानुन आयोगका पूर्वसचिव माधव पौडेलसँग छलफल गरेर सुझाव लिएको थियो ।

छानबिन समितिमा सहभागी सांसदहरूका अनुसार प्रारम्भिक अध्ययनबाट विधेयकको ८२औँ दफामा ‘कुलिङ अफ पिरियड’ निष्प्रभावी बनाउने कार्यमा मुख्यसचिव, संसद्का महासचिव, कानुन सचिव र समितिका केही कर्मचारीहरूको भूमिका देखिएको छ । यसमा सभापति खतिवडाको मौन समर्थन थियो कि थिएन भन्नेबारे समिति अझै परीक्षणमै छ । सभापति परियारका अनुसार बिहीबार समितिले संघीय निजामती विधेयक टुंग्याउन बनेको दिलेन्द्र बडू नेतृत्वको उपसमिति र समग्र समितिसँग दुई चरणमा छलफल गर्नेछ ।

■ गण्डकीका मुख्यमन्त्री पाण्डे साउन पहिलो साता तिब्बत जाँदै

# कैलाशयात्रीका लागि तत्काल मुस्ताङको कोरला नाका खोल्न प्रस्ताव गरिने

**पर्शुराम काफ्ले**/नयाँ पत्रिका

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेको नेतृत्वमा १३ सदस्यीय प्रतिनिधिमण्डल चीनको स्वशासित क्षेत्र तिब्बतको औपचारिक भ्रमणमा जाने भएको छ । ६ देखि १२ साउनसम्म हुने उक्त भ्रमणमा मुख्यमन्त्री पाण्डेले तिब्बत सरकारका उच्च अधिकारीसँग भेटवार्ता, कैलाश मानसरोवरको दर्शन र लिन्जी सहरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नेछन् । पोखरा महानगरपालिका र लिन्जी सहरबिच भगिनी सम्बन्ध छ ।

पाण्डेले तिब्बत सरकारका अधिकारीसँग मुस्ताङको कोरला नाकालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा सञ्चालन गर्न र नेपाली तथा विदेशी कैलाश मानसरोवर यात्रीलाई तीर्थयात्रामा जान सहजीकरण गर्न प्रस्ताव गर्ने भएका छन् । मुख्यमन्त्री पाण्डे र तिब्बत सरकारका अधिकारीबिच ७ साउनमा ल्हासामा भेटवार्ता तय भएको छ ।

पाण्डेको भ्रमण मन्त्रिपरिषद्ले स्वीकृत गरेको सूचना तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिएका छन् । ‘नेपाल र चीनबिच औपचारिक कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वर्षका अवसरमा आयोजित कार्यक्रममा सहभागिताका लागि प्रतिनिधिमण्डलको नेतृत्व गरेर तिब्बत जाँदै छु,’ मुख्यमन्त्री पाण्डेले भने, ‘ल्हासामा तिब्बत सरकारका उच्च अधिकारीहरूसँगको भेटमा कोरला नाका सुचारु गर्न प्रस्ताव गर्नेछु । यसबारे कुराकानी गर्न संघीय सरकारसँग पनि सहमति लिएको छु ।’

मुख्यमन्त्री पाण्डेले केरुङ नाका बाढीका कारण बन्द भएको र तातोपानी नाकाको सडक पनि वर्षामा सहज नभएकाले मुस्ताङको कोरला नाका कैलाशयात्रीका लागि सबैभन्दा उपयुक्त हुने बताए । ‘बाढीका कारण पुल र बाटो ध्वस्त हुँदा रसुवागढी-केरुङ नाका बन्द छ । कैलाशयात्रीहरूलाई अप्ठ्यारो परेको छ । त्यसकारण दुवै देशले केरुङ नाकालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा घोषणा गर्नुपर्ने, त्यहाँबाट नेपाली र विदेशी नागरिकलाई कैलाश मानसरोवर जान चीन सरकारले सहजीकरण गर्नुपर्ने प्रस्ताव गर्दै छु,’ पाण्डेले भने । उनले कोरोला नाकाबाट कैलाश मानसरोवर यात्राको दूरी छोटो भएकाले सहज हुने बताए । कोरला नाका गण्डकी प्रदेशअन्तर्गतको मुस्ताङ जिल्लामा छ ।

प्रधानमन्त्री केपी ओलीसँग सोमबार मुस्ताङका जनप्रतिनिधिले भेटका क्रममा कोरला नाका खुलाउने प्रयास गर्न अनुरोध गरेका थिए । प्रधानमन्त्री ओलीले पनि यसका लागि चीन सरकारसँग प्रस्ताव गर्ने जवाफ दिएका थिए ।

## भ्रमण दलमा १३ सदस्य

भ्रमण दलमा गण्डकी सरकारका तर्फबाट मुख्यमन्त्री पाण्डेसहित पाँचजना सहभागी हुनेछन् । यस्तै, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य नेतृत्वको टोली र नेपाल-चीन पिपुल्स फ्रेन्डसिप एसोसिएसनको टोली गरी थप आठजना पनि सहभागी हुनेछन् । पोखराबाट ६ साउनमा तिब्बतको ल्हासा उडानमा जाने र १२ साउनमा ल्हासाबाट पोखरा फर्किने कार्यक्रम रहेको मुख्यमन्त्री पाण्डेले बताए ।

ल्हासाबाट मुख्यमन्त्री पाण्डेको टोलीलाई तिब्बत सरकारले तिब्बत एयरलाइन्सको उडानमा आली विमानस्थलसम्म लैजाने र त्यहाँबाट गाडीमा कैलाश मानसरोवरको यात्रा गराउने कार्यक्रम छ । ल्हासामा हुने औपचारिक भेटवार्तामा नेपाली महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलालगायत अधिकारी पनि सहभागी हुने कार्यक्रम छ ।

# आमाको हत्यापछि बालबालिकासँग लिएका अन्तर्वार्ता हटाउन आदेश

**काठमाडौं**/ रुकुममा श्रीमानूले श्रीमतीको बीभत्स हत्या गरेको विषयमा बा(लबालिकासँग लिइएका अन्तर्वार्ताका भिडियो हटाउन अदालतले आदेश दिएको छ । रुकुम पश्चिमको जिल्ला अदालतले बुधबार यस्तो आदेश दिएको हो ।

न्यायाधीश रामप्रसाद बस्यालको इजलासले प्रमाण बुझ्नुका साथै आमाको हत्या र आरोपी पिता थुनामा रहेकाले बालबालिकाको हकमा तीनबुँदे आदेश गरेको हो । आदेशमा सिधै नेपाल सरकारबाट व्ययभार हुने गरी पीडित राहत कोषबाट सात लाख रुपैयाँ अन्तरिम क्षतिपूर्तिबापत भराइदिन आदेश गरेको छ ।

‘... चन्द्रबहादुर बुढाले आफ्नी पत्नीको हत्या गरिसकेपछि सञ्चारमाध्यममा समाचार आएको र युट्युबमा आएका भिडियोहरू हेर्दा बालबालिकालाई पीडामाथि थप पीडा हुने गरी प्रश्न सोधेको देखिएको र भविष्यमा समेत यस्ता भिडियोहरू रहिरहेको अवस्थामा बालबालिकालाई विगतले झस्काइरहने हुँदा उनीहरूको मानसिक अवस्थामा गम्भीर असर पर्न जाने देखिँदा त्यस्तो मानसिक असर पार्ने खालका युट्युब सामग्रीहरू बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी तत्काल हटाउन गृह मन्त्रालयमार्फत सम्बन्धित निकायमा समन्वय गर्नका लागि गृह मन्त्रालय र प्रेस काउन्सिल नेपाल काठमाडौंलाई प्रस्तुत आदेशको प्रतिलिपि राखी लेखी पठाइदिनू,’ आदेशमा छ ।

३२ वर्षीय चन्द्रबहादुरले १७ असारमा ३० वर्षीया श्रीमती देवीका बुढाथोकीको घरायसी विवादमा हत्या गरेका थिए । उनले श्रीमती देविकालाई घाँटी, हातसमेत शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरी हत्या गरेका थिए । घरायसी झगडामा श्रीमतीलाई खुकुरी प्रहार गरी क्रूर तथा निर्ममतापूर्वक हत्या गरेको अदालतसमक्ष पनि स्विकारेका छन् । जसपछि उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको हो ।

मृतक देविका र चन्द्रका तीन सन्तान छन् । तीनैजना नाबालक छन् भने उनीहरूलाई हेरचाह र संरक्षणको आवश्यकता रहेको बालबालिकाको सर्वोत्तम हितलाई मध्यनजर गर्दै यस्तो आदेश दिएको हो ।

आदेशमा रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारीका नाममा लेखी पठाउन भन्दै थप भनिएको छ, ‘वारदात भइसकेपछि बालबालिकाको सहयोगका लागि भनी विभिन्न व्यक्ति एवं निकायले सहयोगस्वरूप रकम जम्मा गरेको भन्ने सामाजिक सञ्जालबाट प्रसारण हुन आएको भनी बहसका क्रममा त्यसतर्फ समेत कुरा उठाइएकाले निज बा(लबालिकाका नाममा उठेको रकमको सदुपयोग र उचित व्यवस्थापनको लागि उक्त रकम बालबालिकाकै हितमा प्रयोग हुन दुरुपयोग हुन नदिन सम्बन्धित स्थानीय निक(ायसँग समन्वय सहजीकरण गरी आवश्यक व्यवस्था मिलाउनू ।’

## हिमालयन बैंकको...

पृष्ठ १ बाट क्रमशः

धितोपत्र बोर्ड (सेबोन) र नेपाल स्टक एक्सचेन्ज (नेप्से)सँग मिलेमतो गर्दै कार्यतालिका बनाएर कार्यान्वयनमा लगेको छ । जसअनुसार यो समूह आफूले तयार पारेको तालिकाको २५ मध्ये आठवटा चरण पूरा गर्न सफल भइसकेको देखिन्छ ।

गत ३० जेठमा हिमालयन बैंकले पाकिस्तानको हबिब बैंकको स्वामित्वमा रहेको दुई करोड ८० लाख १२ हजार ४४७.४५ कित्ता सेयर संस्थापक सेयरधनीहरूका लागि बिक्रीमा राखेको थियो । नेपाल राष्ट्र बैंकले पहिलो प्राथमिकता संस्थापक सेयरधनीलाई दिनुपर्ने व्यवस्था गरेको छ । प्रतिकित्ता ११२ रुपैयाँ आठ पैसा मूल्य तोकी बिक्रीमा राखिएको यस्तो सेयरमा संस्थापन सेयरधनीले आवेदन दिने समय २ साउनसम्म छ ।

म्यादसम्म संस्थापक सेयरधनीले आवेदन नदिएमा अन्य व्यक्ति वा संस्थालाई सेयर बेच्न पाउने व्यवस्था छ । सबै संस्थापकलाई सेयर किन्नबाट रोकेर हिमालयन रिइन्स्योरेन्समा लगानी गर्ने मुख्य समूहले सो सेयर हत्याउने तयारी गरिरहेको छ । यसको नेतृत्व विवादास्पद व्यापारी दीपक भट्ट तथा शंकर समूहका सञ्चालकले गरिरहेका छन् ।

बैंकको संस्थापक सेयरधनीमध्येको एक कर्मचारी सञ्चय कोष व्यवस्थापनले हबिबको सेयर किन्ने इच्छा देखाए पनि कोषको अध्यक्षको रूपमा रहने राजस्वसचिव दिनेश घिमिरेकै दबाबमा निर्णय हुन नसकेको अर्थ मन्त्रालयका अधिकारी बताउँछन् ।

स्रोतका अनुसार केही सञ्चालकले सस्तो मूल्यमा बिक्री हुन लागेकाले हिमालयन बैंकको संस्थापक सेयर किन्नुपर्ने राय राखेका छन् । तर, सचिव घिमिरे किन्न नहुने अडानमा छन् । ‘उहाँ कतैबाट प्रभावित हुनुहुन्छ जस्तो देखिन्छ,’ कोषका एक अधिकारीले भने । कोषले खरिद नगर्दा सिधै हिमालयन रिइन्स्योरेन्सले खरिद गर्न पाउने भएकाले पनि खरिदबाट रोक्ने खेल भइरहेको छ ।

यसअघि पनि हबिबले हिमालयन बैंकमा रहेको आफ्नो संस्थापक सेयर बिक्री गर्ने प्रयास गरेको थियो । तर, तीव्र चलखेलका कारण सफल हुन सकेको थिएन । सिभिल बैंकसँग मर्ज हुनुअघि ०७६ साल जेठताका हिमालयन बैंकको सेयर लन्डनको कमनवेल्थ डेभलपमेन्ट कर्पोरेसन (सिडिसी)ले खरिद गर्ने इच्छा देखाएको थियो । यद्यपि, बैंकका सञ्चालकहरूबिच विवाद हुँदा सेयर बिक्री प्रयास असफल भएको थियो । सिडिसीका प्रतिनिधिले तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडा र तत्कालीन गभर्नर डा. चिरञ्जीवी नेपाललाई पनि भेटेका थिए ।

केन्द्रीय बैंकका तत्कालीन डेपुटी गभर्नर चिन्तामणि सिवाकोटी (हाल केन्द्रीय बैंकका सञ्चालक)ले सकेसम्म हिमालयन बैंकमा असल अभ्यास भएका रणनीतिक साझेदार भित्र्याउनु उपयुक्त हुने बताए । ‘बैंकिङ क्षेत्रको अनुभव नभएका व्यक्ति वा संस्थाको हातमा हिमालयन बैंकको सेयर नजाओस् भन्ने प्रयत्न रहनुपर्छ,’ उनले भने । यस्ता विषय केन्द्रीय बैंकको सञ्चालक समितिमा छलफलमा नआउने भएकाले आफू हालको गतिविधिबारे जानकार नरहेको उनको भनाइ छ ।

१९ साउन ०८० (४ अगस्ट, सन् २०२३) मा हबिब बैंक, पाकिस्तानले हिमालयन बैंकमा रहेको संस्थापक सेयर हिमालयन रिइन्स्योरेन्सलाई बिक्री गर्ने सेयर खरिद-बिक्री सम्झौता नै गरेको थियो । हिमालयन रिइन्स्योरेन्सले प्रतिकित्ता १३० रुपैयाँमा किन्न सम्झौता गरेको थियो । जसअनुसार १४ मंसिरमा हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक राणाले सेयर खरिद-बिक्री स्वीकृत गराउन राष्ट्र बैंकको नियमन विभागलाई निवेदन दिएका थिए । यद्यपि, राष्ट्र बैंकले यसमा कुनै प्रक्रिया अगाडि बढाएको थिएन ।

अहिले प्रतिकित्ता सेयरको मूल्य ११२ रुपैयाँ ८० पैसाँ तोकेर बिक्री प्रक्रिया अघि बढाइएको छ । सेटिङमा प्रतिकित्ता १७ रुपैयाँ २० पैसा घटाएर बिक्री अघि बढाउनु शंकास्पद देखिएको राष्ट्र बैंक स्रोत बताउँछ । यसबाट करोडौँ पुँजीगत लाभकरसमेत छलीको जोखिम छ । हिमालयन बैंकमा हाल २१ अर्ब ६५ करोड रुपैयाँको चुक्ता पुँजी छ । जसमा हबिब बैंकको १२.९६ प्रतिशत सेयर छ ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले हिमालयन बैंकले सेयर खरिद गर्ने सम्भावित इच्छुक खरिदकर्ताको पहिचान गरेपछि मात्रै केन्द्रीय बैंकले स्वीकृतिका लागि प्रक्रिया अघि बढाउने बताए । ‘अहिले हिमालयन बैंकको संस्थागत सेयरधनी हबिब बैंकले सेयर बिक्रीका लागि प्रस्ताव आह्वान गरेको भन्ने बुझिएको छ । सुरुवातमा संस्थागत सेयरधनीहरूलाई नै बिक्री गर्नुपर्ने प्रावधान छ । संस्थागत सेयरधनीहरूका तर्फबाट कसैले इच्छा देखाएनन् भने अरू व्यक्ति वा संस्थालाई बिक्री गर्न सक्छ,’ उनले भने, ‘तोकिएको बिक्री मूल्यमा सेयर खरिद गर्न इच्छुक व्यक्ति वा संस्था पहिचान भएपछि प्रक्रियागत कागजातसहित राष्ट्र बैंकमा स्वीकृतिका लागि निवेदन दिनुपर्छ । इच्छुक लगानीकर्ता उक्त सेयर खरिदका लागि योग्य छ कि छैन भनेर हेर्न राष्ट्र बैंकले ‘फिट एन्ड प्रपर टेस्ट’ गर्छ । त्यसपछि मात्रै राष्ट्र बैंकले खरिद-बिक्रीका लागि अनुमति दिने हो ।’

यद्यपि, खरिद-बिक्रीका लागि निर्धारण गरिएको मूल्य उपयुक्त हो वा होइन भनेर राष्ट्र बैंकले नहेर्ने कार्यकारी निर्देशक पौडेलको भनाइ छ । उनले भने, ‘विदेशी मुद्रा बाहिरिने विषय भएकाले मूल्यमा चासो देखाउन सकिन्छ । तर, यसबाट पुँजीगत लाभकर छली गर्न खोजिएको हो कि होइन वा मूल्य वास्तविक हो कि होइन भनेर राष्ट्र बैंकले हेर्न मिल्ने विषय होइन ।’

पूर्वगभर्नर चिरञ्जीवी नेपालले कुनै पनि बैंकको संस्थागत सेयर खरिद गर्ने पहिलो अधिकार संस्थागत सेयरधनीको हुने भएकाले उनीहरूलाई अवसर दिएर मात्रै अरूका लागि बिक्री खुला गर्नुपर्ने बताए । ‘सेयर बिक्री गर्दा सबै प्रक्रिया पूरा गर्नुपर्छ । म हुँदा पनि हबिबको सेयर खरिद गर्ने विषय आएको  थियो । तर, सञ्चालकहरूकै विवादले अघि बढ्न सकेन । त्यहाँको बोर्डमा नै समस्या छ,’ उनले भने ।

कर्मचारी सञ्चय कोषका प्रवक्ता दामोदरप्रसाद सुवेदीले भने हबिबको सेयर खरिद गर्ने वा नगर्ने विषयमा आन्तरिक छलफल भइरहेको बताए । ‘सेयर किन्दा के हुन्छ, नकिन्दा के हुन्छ भन्नेबारे छलफल भइरहेको छ । समय अझै बाँकी छ, निष्कर्षमा पुग्नै लागेका छौँ ।’

## राष्ट्रिय सभामा...

पृष्ठ १ बाट क्रमशः

३० सदस्य आवश्यक पर्छ । कांग्रेसका १६ र एमालेका १० सदस्य मात्र छन् । सरकारमा सहभागी लोसपाको एक सदस्य जोड्दा सत्तापक्षसँग २७ सांसद मात्र हुन्छन् ।

जसपा नेपाल बाहिरिएपछि राष्ट्रिय सभामा प्रतिपक्ष दलहरूको बहुमत पुगेको छ । राष्ट्रिय सभामा माओवादीका १८, एकीकृत समाजवादीका ८, जसपाका ३, राष्ट्रिय जनमोर्चाका १ र स्वतन्त्र १ सांसद छन् ।

जसपा नेपालले प्रधानमन्त्री ओलीलाई संसद्मा विश्वासको मत दिए पनि सरकारमा सहभागी थिएन । जसपा नेपालबाट विभाजित जसपाबाट भने सरकारमा दुईमन्त्री छन् ।

बुधबार बसेको जसपा नेपाल संसदीय दलको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको जसपा अध्यक्ष एवं संसदीय दलका नेता उपेन्द्र यादवले बताए । ‘ओली नेतृत्वको असफल भइसकेको सरकारलाई पार्टीले गर्दै आएको समर्थनको कुनै औचित्य एवं अर्थ नै नरहेको हुनाले समर्थन फिर्ता लिई अबउप्रान्त विपक्षमा बस्ने निर्णय गरियो,’ बैठकपछि यादवले भने ।

जसपा नेपालले गत १० असारमा केन्द्रीय कार्यकारिणी समितिबाट सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेर संसदीय दललाई निर्देशन दिएको थियो । समर्थन फिर्ताको औपचारिक निर्णय नलिएको जसपा नेपाल सरकारसँगको संवादमा अघि बढेको थियो । अन्ततः तीन सातापछि औपचारिक रूपमा समर्थन फिर्ताको निर्णय भएको छ ।

प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँग छलफल गरेको दुई दिनपछि जसपाले समर्थन फिर्ता लिएको हो । भूमि विधेयक पारित गर्न ओली र देउवाले जसपा नेपालको साथ खोजेका थिए । राष्ट्रिय सभामा बहुमत कायम राख्न सत्तापक्षले जसपा नेपाललाई सरकारमा भित्र्याउने प्रयास गरेको थियो ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले भने संविधान संशोधन, भूमि विधेयक, सुशासन, भ्रष्टाचार नियन्त्रण, अर्थतन्त्रको सुधार, आमजनताका समस्यासहित समग्र विषयमा सहमति हुनुपर्ने बताएका थिए ।

जसपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ताको ११ कारणमा सरकारले सुशासनको प्रत्याभूति गराउन नसकेकोलगायतका विषय छन् । जसपाले समर्थन फिर्तामा सरकारले भ्रष्टाचार, अनियमितता, दण्डहीनता, कमिशनतन्त्र र बिचौलियाहरूको चलखेल नियन्त्रण गर्न नसकेको, मुलुकको अर्थतन्त्रलाई सुधार गरी आर्थिक विकासको गतिलाई अगाडि बढाउन नसकेको र असन्तुलित र पूर्वाग्रही रूपले बजेट ल्याएको पनि कारण देखाएको छ ।

यसबाहेक संघीयता कार्यान्वयन गर्न कुनै ठोस प्रयास नगरेको, कृषि, उद्योग, पर्यटन र जलस्रोतको विकास गरी गरिबी, बेरोजगारीजस्ता समस्यालाई हल गर्न नसकेको तथा स्वच्छ खानेपानी, शिक्षा, स्वास्थ्य आदि सेवाका क्षेत्रमा गुणात्मक सुधार गरी जनतामा सेवा प्रवाह गर्न नसकेको विषयलाई पनि सथर्मन फिर्ताको कारणका रूपमा राखेको छ ।

यस्तै, जसपाले समानतामा आधारित न्यायपूर्ण समाज निर्माण गर्न मधेशी, आदिवासी-जनजाति, दलित, महिला, पिछडावर्ग, थारू, अल्पसंख्यकलगायत उत्पीडित समुदायहरूको राष्ट्रिय समस्याहरूलाई हल गर्न नसकेको एवं मधेश, थरूहट, किराँत-लिम्बुवानलगायतका आन्दोलनहरूका क्रममा झुटा मुद्दा लगाई बन्दी बनाइएका राजबन्दीहरूलाई रिहाइ नगरेको समर्थन फिर्ताको कारण बताएको छ ।

जसपाले संविधान संशोधन गर्न हालसम्म कुनै प्रयास नगरेको, कृषिको विकास गर्न किसानलाई कृषि बजार, सिँचाइ, मलखाद्य, बिउबिजन र किटनाशक औषधिका साथै सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउन नसकेको साथै बेरोजगारी समस्या हल गर्न रोजगारीका अवसरहरू सिर्जना गर्न नसकेको मुद्दामा पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताएको छ ।

अध्यक्ष यादवले सुशासन कायम र भ्रष्टाचार नियन्त्रणमा सरकार असफल भएको दाबी गरे । यद्यपि, यादवले मूलभूत समस्या समाधानको दिशातर्फ सरकार अगाडि बढ्दा समर्थन हुने बताए । ‘विधेयक देश र जनताको हितमा आउँदा प्रतिपक्षमा भए पनि पारित गरिन्छ । प्रतिपक्ष पनि देश र जनताकै लागि हो,’ यादवले भने ।

राजनीतिक विश्लेषक श्याम श्रेष्ठले जसपाको निर्णयले सरकारलाई अप्ठ्यारो हुन सक्ने बताए । ‘राष्ट्रिय सभामा अल्पमतमा परेपछि मुख्यतया विधेयक पास गर्न गाह्रो हुने भयो । विधेयक दुवै सदनबाट पारित नभई कानुन बन्दैन । विधेयक आमनेपालीलाई फाइदा हुनेछ भने त सत्तापक्ष अल्पमतमा भए पनि पास हुन सक्छ,’ उनले भने, ‘तर, एकथरीलाई मात्रै फाइदा हुने विधेयक आयो भने पास गर्न गाह्रो हुन्छ । प्रतिनिधिसभामा पनि दुईतिहाइ गुम्यो । राष्ट्रिय सभामा बहुमत नै नहुने भएपछि सरकारलाई अप्ठ्यारो पर्छ नै । सरकारले चाहेबमोजिमका विधेयक पास हुँदैनन् । संविधान संशोधनको विषय त धेरै टाढाको कुरा भयो ।’

यस्तै, अर्का राजनीतिक विश्लेषक विजयकान्त कर्णले जसपा नेपालको निर्णय सुझबुझपूर्ण रहेको प्रतिक्रिया दिए । ‘नेपालका राजनीतिक दलमा सत्तालिप्सा व्याप्त छ । एउटै सिट भए पनि मन्त्री भइहालौँ भन्ने खालको प्रवृत्ति छ । सानातिना पार्टी पनि मौका पाए सरकारमा गइहाल्छन् । उपेन्द्र यादवले अहिले भूमि विधेयक, संविधान संशोधन, सुशासन र जनताका मूलभूत समस्या समाधानको विषय उठाउनुभयो,’ उनले भने, ‘फेरि सरकारमा गएर मधेशकेन्द्रित दलले आफ्ना विषय सम्बोधन गर्न सकेका छैनन् । सत्तामा गएकाले पनि गलत गरेका छन्, जान खोज्ने पनि गलत नै हुन् । यसपालि जसपा नेपालले सुझबुझपूर्ण निर्णय गरेको छ ।’

### प्रतिनिधिसभामा दुईतिहाइ गुम्यो

संविधान संशोधनलाई प्राथमिकतामा राखेर एक वर्षअघि कांग्रेस र एमालेले सत्तागठबन्धन गरेका थिए । संविधान संशोधन, स्थायित्व र समृद्धिका लागि भन्दै दुई दलबिच सातबुँदे सहमति भएको थियो । कांग्रेस-एमालेले दुईतिहाइ पुर्‍याउन साना दललाई पनि समेटेका थिए । तर, एक वर्ष बित्दासमेत संविधान संशोधनका लागि प्रक्रियासमेत थालेका छैनन् । बरु साना दललाई बिच्क्याउने काम गरेका छन् ।

पाँच सदस्य रहेको जसपा नेपाल र चार सदस्य रहेको नागरिक उन्मुक्तिले समर्थन फिर्ता लिएसँगै ओली नेतृत्वको सरकारले दुईतिहाइ बहुमत गुमाएको छ । नागरिक उन्मुक्तिले अघिल्लो हप्ता समर्थन फिर्ता लिएको थियो ।

संविधान संशोधनका लागि दुईतिहाइ अर्थात् १८४ सांसदको समर्थन चाहिन्छ । गत वर्ष ६ साउनमा विश्वासको मत लिँदा प्रधानमन्त्री ओलीको पक्षमा १८८, विपक्षमा ७४ र एक मत तटस्थ परेको थियो । कांग्रेसका ८८ र एमाले ७७ सांसद छन् । जसमध्ये कांग्रेसका मोहनबहादुर बस्नेत र एमालेका टोपबहादुर रायमाझी निलम्बनमा छन् । सभामुख घिमिरेले मत विभाजनमा सहभागी हुन पाउँदैनन् । सरकारलाई समर्थन गरेका जसपाका सात, जनमतका ६ र लोसपाका चार सांसद छन् ।

विपक्षमा रहेका माओवादीका ३२, रास्वपाका २१, राप्रपाका १४, एकीकृत समाजवादीका १०, जनमोर्चा, नेमकिपा र आजपाका एक-एक सांसद छन् । दुई स्वतन्त्र छन् । रास्वपाका रवि लामिछाने र एकीकृत समाजवादीका माधवकुमार नेपाल निलम्बनमा छन् । राप्रपा सांसद दीपक बोहराको निधन भएको छ ।

## जेब्रा झोलामा...

पृष्ठ १ बाट क्रमशः

जग्गा स्वार्थ समूहको डिजाइनबमोजिम अर्कैलाई दर्ता गरिदिने नाममा मन्त्री अधिकारीले घुस खाएको आरोप लागेको हो ।

नयाँ पत्रिकाको सम्पर्कमा आएका स्वार्थ समूहका व्यक्तिहरूले पनि भूमि व्यवस्थामन्त्री अधिकारीले जग्गा दर्ता गरिदिने भन्दै रकम बुझेको दाबी गरेका छन् । सार्वजनिक अडियोमा पनि पैसा जेब्रा झोलामा हालेरध मन्त्री अधिकारीलाई बुझाएको सुनिन्छ ।

सार्वजनिक भएको अडियोमा मन्त्री अधिकारीले ३२ लाख लिएको दाबी बिचौलियाले गरेका छन् । अडियोमा बलराम (मन्त्री अधिकारी)ले ३२ र भूमिसचिव (तत्कालीन सचिव अर्जुन पोखरेल) ले पाँच लाख रुपैयाँ बुझेको दाबी गरिएको छ । ‘यताउता गरेर डेढ (डेढ करोड) जति गइसकेको’ दाबी अडियो संवादमा गरिएको छ । सचिव पोखरेलले नयाँ पुलस्थित होटेलबाट दुइटा वनकुखुरा, १० हजारका विभिन्न सामान, भिआइपी रक्सी र लगभग पाँच लाख रुपैयाँ लगेको अडियोमा भनिएको छ ।

आफू मन्त्री भएपछि अधिकारीले न्युजिल्यान्डमा बस्ने छोरा मनोजलाई पैसा उठाउन नेपाल बोलाएको दाबी पनि अडियोमा गरिएको छ । ‘बुवा मन्त्री भएपछि नेपाल बस्न थाल्यो, यसैयसै (पैसा) उठाउन लाग्यो,’ मनोजबारे अडियोमा भनिएको छ । छोरा मनोजले पैसा उठाउने गरेको अडियोमा सुनिन्छ । मन्त्री अधिकारीबाट पटक-पटक पैसाको माग हुने गरेको दाबी पनि अडियोमा गरिएको छ । मन्त्रीका निजी सचिव अनिल मरासिनी पनि तानिएका छन् ।

भूमि व्यवस्थामन्त्री अधिकारीले भने यसको खण्डन गरेका छन् । नयाँ पत्रिकासँग कुरा गर्दै उनले घुस लिएको कुरा गलत भएको बताए । ‘कसले केके भन्छ । ममाथि आरोप लाग्न यस विषयमा म बोलेको, डिल गरेको वा भेटेको हुनुपर्छ । कसले कहाँ, कसलाई दियो, कसले दियो, कसले के भने त्यसको पछि म लाग्दिनँ । ३२ लाखबारे मैले जानेको, बुझेको र डिल गरेको केही छैन । हल्लाको पछि म लाग्दिनँ । कसैले सरुवा थमाइदिएन भनेर आरोप लगाएर हुन्छ र ! कसैले जाँड खाएर कुरा गरेको आधारमा हुन्छ ? भन्नेले त केके भन्छन्, कसैले मुछ्दैमा हुँदैन,’ उनले भने । छोराबारेको आरोपमा उनको भनाइ छ, ‘मेरो छोरा नेपाल आउन नपाउने ? ऊ घुम्न जान नहुने ?’

### मन्त्री अधिकारीले भक्तपुर मालपोत प्रमुख बनाएर पठाएका आचार्य साढे  साढे २४ लाख घुससहित पक्राउ

भूमि व्यवस्थामन्त्री अधिकारीले सरुवा गरेर पठाएका भक्तपुरको मालपोत प्रमुख साढे २४ लाख घुससहित पक्राउ परेका छन् । बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भक्तपुरको मालपोत कार्यालयमा रंगेहात पक्राउ गरेर प्रमुख कुमार आचार्यलाई नियन्त्रणमा लिएको हो । चाँगुनारायण नगरपालिकामा रहेको १४ रोपनी चार आना जग्गा मोही र तल्सिङको लगत कट्टा गरी जग्गा मोहीका नाममा धनीपुर्जा बनाउने प्रयोजनका लागि घुस लिइसकेको अवस्थामा अख्तियारले प्रमुख आचार्य र कार्यालय सहयोगी टीकाराम राउतलाई नियन्त्रणमा लिएको हो । अख्तियारको टोलीले मालपोत प्रमुख आचार्यको साथबाट दुईवटा मोबाइल डिभाइस र कार्यालय सहयोगी अधिकारीबाट एउटा मोबाइलसहित २४ लाख ५० हजार रुपैयाँ घुससहित पक्राउ गरेको थियो । उनीहरूमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

आचार्यलाई गत वर्ष मन्त्री अधिकारीले नै मालपोत प्रमुख बनाएर भक्तपुर सरुवा गरेका थिए । मन्त्रालयअन्तर्गतका कार्यालयका उपसचिव र सहसचिवको सरुवा मन्त्रालयले गर्छ ।

आचार्य विवादित कर्मचारी हुन् । यसअघि रुपन्देहीको मालपोत कार्यालयमा कार्यरत रहँदा उनी अख्तियारमा कारबाहीका लागि सिफारिस भएका थिए । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल परिसरको करिब ६ बिघा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरिदिएपछि उनीउपर रुपन्देही जिल्ला प्रशासनले स्पष्टीकरण नै सोधेको थियो । तत्कालीन प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले उनलाई १० बुँदे स्पष्टीकरण सोधेका थिए । उनीमाथि थप कारबाहीका लागि उनले अख्तियारमा पत्राचारसमेत गरेका थिए ।

सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेर मुआब्जाको दाबी गर्न आउँदा भेउ पाएर प्रमुख जिल्ला अधिकारी अर्यालले उनलाई स्पष्टीकरण सोधेका थिए । आचार्यमाथि थप छानबिन र कारबाहीका लागि अख्तियारमा सिफारिस गरिएको थियो । तर, उनीविरुद्ध अख्तियारले कुनै कारबाही गरेन । उनै आचार्यलाई भूमि व्यवस्थामन्त्री अधिकारले भक्तपुर मालपोतमा सरुवा गरेका थिए । उनी मन्त्रीका विश्वास पात्र मानिन्छन् । भक्तपुर मालपोत आकर्षक कार्यालयमा चिनिन्छ ।

भक्तपुरको मालपोत प्रमुखको सरुवासम्बन्धी विषयमा मन्त्री अधिकारीले सरुवामा मन्त्रीको भूमिका नहुने दाबी गरे । ‘देशभर कर्मचारीको सरुवा नियमित प्रक्रियाअनुसार हुन्छ । अवधि पुगेपछि सरुवा हुने व्यवस्था छ । यस्तो सरुवा सम्बन्धित सचिवको अधिकार क्षेत्रमा पर्छ । मन्त्रीको प्रत्यक्ष भूमिका हुँदैन,’ उनले भने ।

तर, यस प्रकरणमा एमाले केन्द्रीय सदस्य विष्णु रिजालले नै प्रश्न उठाएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, ‘यस्तो ‘हिम्मत’सँग कायल नभइरहन सकिएन । घुसकाण्डमा कर्मचारीका मन्त्री राजीनामा दिन्छन्, विभागीय मन्त्री (भूमिसुधार) मैले खाएको छैन भन्नमै असिनपसिन छन् । यस्तो वेलामा छेउको जिल्ला भक्तपुरमा मन्त्रीले छानेर पठाएका मालपोत प्रमुख हाकाहाकी साढे २४ लाख रकम असुल्छन् । यो उनको मात्रै हिम्मत होला त ? यस्तो काम चुपचाप कति भइरहेको होला, मालपोत र नापीमा ?’

## सिआइबी स्थापनाको डेढ दशक

# अनुसन्धानमा सत्ताको छायाले साख जोगाउने चुनौती



**एआइजी चन्द्रकुवेर खापुङ**, निर्देशक, सिआइबी

सिआइबीको अनुसन्धानमा कुनै दबाब आएको छैन । स्वतन्त्रतापूर्वक काम गरिरहेका छौं । अहिले सत्तारूढ दलकै केन्द्रीय सदस्य थुनामा छन् । राजनीतिले प्रभाव पार्ने भए त सत्तारूढ दलका मान्छे पक्राउ नै नपर्नुपर्ने हो नि ! राजनीतिक हस्तक्षेप भन्ने कुरा मात्र हो ।

**नवराज मैनाली**/नयाँ पत्रिका

गृहमन्त्री रमेश लेखकले सोमबार नेपाल प्रहरीका महानिरीक्षक दीपक थापालगायत प्रहरी अधिकारीलाई मन्त्रालयमा बोलाएर स्पेनमा भिजिट भिसामा गएर नफर्किएका व्यक्तिमाथि अनुसन्धान गर्न निर्देशन दिए । गृहमन्त्रीको निर्देशनलगत्तै प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले एसएसपी होविन्द बोगटीको नेतृत्वमा त्यस विषयमा छानबिनका लागि एक समिति गठन गऱ्यो ।

प्रधानमन्त्री केपी ओलीसमेत सहभागी भएको राष्ट्रसंघको एक कार्यक्रममा असम्बन्धित व्यक्तिलाई नक्कली कागजपत्रका आधारमा उतै बस्ने उद्देश्यले लगिएको थियो । यस विषयमा सुरुमा प्रश्न उठ्दा प्रधानमन्त्रीको सचिवालय र परराष्ट्र मन्त्रालयले खण्डन गऱ्यो । जब प्रमाणसहित विषय बाहिर आयो, त्यसपछि गृहमन्त्रीले अनुसन्धान गर्न निर्देशन दिए । पूर्वडिआइजी हेमन्त मल्ल भन्छन्, 'मन्त्री वा कसैको निर्देशनमा सिआइबीले अनुसन्धान गर्ने होइन, उसले स्वतन्त्र भएर यस्ता विषयमा आफैं अग्रसरता लिएर अनुसन्धान अघि बढाउनुपर्ने हो ।'

संगठित तथा गम्भीर प्रकृतिका अपराधको अनुसन्धान गर्ने नेपाल प्रहरीको विशिष्टीकृत निकायका रूपमा स्थापित सिआइबीले बिहीबार डेढ दशक पूरा गरेको छ । सुरुका वर्षको तुलनामा पछिल्ला वर्षमा सिआइबीप्रति आममानिसको विश्वास घट्दै गएको छ । पछिल्लो समय यस्तै निर्देशित भएर अनुसन्धान गर्न थालेको आरोप लाग्न थालेको छ । हरेकजसो ठुला अनुसन्धानमा सिआइबीमाथि सत्ताको छाया पर्न थालेपछि यो निकायको साख खस्कने जोखिम रहेको सिआइबीकै पूर्वप्रमुखहरूको चिन्ता छ ।

सिआइबीका संस्थापक निर्देशक पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी सिआइबीलाई सत्ताको नियन्त्रणबाट जोगाउनु अहिलेको प्रमुख चुनौती भएको बताउँछन् । 'सिआइबी ठुल्ठुला अनुसन्धानमा भित्र पसे पनि त्यसमा राजनीतिक निर्देशनको प्रभाव पर्न थाल्यो,' उनले भने, 'भुटानी शरणार्थीदेखि ललितानिवासका अनुसन्धानमा हस्तक्षेपका कारण यसले विश्वसनीयता गुमाउँदै गयो ।'

पछिल्ला केही ठुला अनुसन्धानमाथि सरकारको नियन्त्रण बढ्नु नै सिआइबीका लागि सबैभन्दा चुनौतीको विषय भएको पूर्वएआइजी उत्तमराज सुवेदी बताउँछन् । 'पछिल्ला दिन सत्तामा हुनेले आफ्ना प्रतिद्वन्द्वीलाई तह लगाउन सिआइबीलाई हतियारका रूपमा प्रयोग गरिएको देखियो,' उनले भने, 'यसलाई स्वतन्त्र राखिनुपर्छ, गृह मन्त्रालय तथा प्रधानमन्त्री कार्यालयको निर्देशनमा चल्ने बनाउनु गलत हो ।'




### ठुला मुद्दामा फितलो अभियोजन

सिआइबीले पछिल्ला वर्ष गरेका केही ठुला अनुसन्धान विवादमा परेका छन् । बाँसबारी छाला जुत्ता उद्योगको जग्गा हिनामिनामा सरकार फेरिएलगत्तै प्रहरीको अनुसन्धान शैलीसमेत फेरियो । जग्गा फिर्ता गर्ने सर्तमा आरोपीमाथि मुद्दा नचलाउने निर्णय भयो । बालमन्दिरको जग्गा लिजमा दिँदा भएको ठगीसम्बन्धी मुद्दामा पनि सिआइबी अनुसन्धानको सत्ताको छायामा पऱ्यो । अघिल्लो सरकारले बालमन्दिरका पूर्वसञ्चालकलाई पक्राउ गरेर अनुसन्धान थालेकोमा हालको सरकार बनेपछि अनुसन्धान सुस्तायो । पछि प्रमाणसमेत लुकाएर सामान्य बयान लिएर मुद्दा दायर गरियो । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहकी दिदी रितासिंह वैद्यसमेत मुछिएकाले अनुसन्धान नै प्रभावित बनेको थियो ।

६० केजी तथा ब्रेक सुमार्फत तस्करी भएको सुन प्रकरणमा पनि सिआइबी अनुसन्धान विवादमुक्त हुन सकेन । ब्रेक सुमार्फत तस्करी प्रकरणमा पूर्वसभामुख कृष्णबहादुर महरालाई जोगाएको तथा ६० केजी प्रकरणमा केहीलाई भगाएको आरोप लाग्यो । जसमा सरकारले पूर्वन्यायाधीशको अध्यक्षतामा जाँचबुझ आयोग नै गठन गऱ्यो ।

बालुवाटार जग्गा प्रकरणमा सिआइबीको अनुसन्धानमा पनि प्रश्न उठ्यो । त्यसमा संलग्न मुख्य आरोपीलाई पक्राउ गर्न चासो नदिएको, तर जग्गा खरिद गर्ने व्यवसायीलाई स्वार्थ राखेर दुःख दिएको आरोप सिआइबी नेतृत्वमाथि लागेको थियो । तत्कालीन सेञ्चुरी बैंकको घोटालामा पनि सिआइबीको अनुसन्धान वस्तुगत हुन सकेन । सुरुमा बैंकले तत्कालीन सञ्चालक तथा उच्चपदस्थलाई पक्राउ गऱ्यो भने पछि तारेखमा मात्र छाडिएन, मुद्दा नै चलाइएन । कञ्चनपुरकी निर्मला पन्तको बलात्कारपछि हत्या घटनाको अनुसन्धानमा भएको विवादले सिआइबीमाथि प्रश्न उठ्यो । सिआइबीले आरोपी भनेर सार्वजनिक गरिएका व्यक्तिको घटनास्थलमा भेटिएको डिएनएसँग म्याच नभएपछि आरोपी छुटे । सहकारी ठगीका अनुसन्धानमा पनि सिआइबीले छानीछानी अनुसन्धान गरेको आरोप लागेको छ । कतिपयमा अधिक अभियोजन गर्ने त कतिपय मुद्दा दर्ता गरेर पनि लामो समयसम्म अनुसन्धान रोकेर राखिएको थियो । जसकारण कतिपय सहकारी सञ्चालक विदेश भाग्न पुगे ।

सिआइबी प्रमुख चन्द्रकुवेर खापुङ भने अनुसन्धानमा आफूहरू स्वतन्त्र रहेको दाबी गर्छन् । 'अनुसन्धानमा कुनै दबाब आएको छैन । स्वतन्त्रतापूर्वक काम गरिरहेका छौं,' उनले भने, 'अहिले सत्तारूढ दलकै केन्द्रीय सदस्य हाम्रा थुनामा छन् । राजनीतिले प्रभाव पार्ने भए त सत्तारूढ दलका मान्छे पक्राउ नै नपर्नुपर्ने हो नि !' १५ वर्षको इतिहासमा सिआइबीले कतिपय प्रहरीकै इतिहासमा गर्व गर्ने किसिमका अपराधको सफल अनुसन्धान पनि गरेको छ । रातो पासपोर्टमा मानव तस्करीदेखि ठुला सुन तस्करीको उसले पर्दाफास गरेको छ ।

### १५ वर्षमा सफल अनुसन्धान गरेका १५ ठुला अपराध

- रातो पासपोर्टमा मानव तस्करी
- अप्रेसन भ्वाइस फक्स (भिओआइपी नियन्त्रण)
- अप्रेसन हन्ट (सयौं फरार अपराधी पक्राउ)
- अप्रेसन क्वाक (नक्कली प्रमाणपत्रधारी चिकित्सक पक्राउ)
- रानीबारी हत्याकाण्ड
- न्यायाधीश रणबहादुर बम हत्याकाण्ड
- पूर्वसांसद सरदुल मियाँ हकको हत्या
- ३३ किलो सुन तस्करी प्रकरण
- पाँच 'डन' को सम्पत्ति छानबिन
- वन्यजन्तु अपराधमा संलग्न समूहमाथि कारबाही
- कर्जा हिनामिनामा विभिन्न दर्जन बैंकका सञ्चालक र कर्मचारीमाथि कारबाही
- बालुवाटार जग्गा हिनामिना प्रकरण
- विवाहको आवरणमा चीनमा हुने मानव तस्करीको पर्दाफास
- बैंकक गएर अपहरित नेपालीको उद्धार
- अर्बौंको हुन्डी र क्रिप्टो कारोबार

### भुत्ते सूचना संयन्त्र, कमजोर स्रोत-साधन

सिआइबीको प्रमुख उद्देश्य लुकेका अपराध पत्ता लगाएर बाहिर ल्याउनु थियो । तर, पछिल्लो समय जाहेरीमा आधारित भएर सिआइबीले धेरै अनुसन्धान गरेको छ । सूचना संयन्त्र बलियो हुन नसक्दा सिआइबीले ठुला अपराध बाहिर ल्याउन सकेको छैन । सिआइबीको नियमावलीमा तलबमै अन्डरकभरमा समेत सुराकी राख्ने सक्ने अधिकार दिएको छ ।

सिआइबी कानुनी रूपमा बलियो नभएको प्रहरी अधिकारीहरू नै बताउँछन् । प्रहरी ऐनमा कुनै व्यवस्था नभएकाले सिआइबी नियमावलीको आधारमा चल्दै आएको छ । स्रोत-साधनमा पनि सिआइबी कमजोर अवस्थामा छ । सिआइबीको आफ्नै भवनसम्म छैन । लाजिम्पाटस्थित नेपाल ट्रस्टको भवनमा मुख्य कार्यालय छ भने हिरासतलगायत केही कार्यालय महाराजगन्जस्थित प्रहरी एकेडेमीसँगकै भवनमा छ । सिआइबीले विभिन्न पिलर बनाएर विशिष्टीकृत अपराधको अनुसन्धान गर्दै आएको छ । जघन्य अपराध, ठगी, किर्ते, वन्यजन्तुसम्बन्धी अपराध, फरार अपराधीको खोजीका लागि डिएसपीको कमान्डमा सिआइबीमा छुट्टाछुट्टै पिलर छन् ।

### आफैंलाई जोखिम हुने भएकाले सरकारले बलियो बनाउन चाहेको छैन



**राजेन्द्रसिंह भण्डारी**
संस्थापक निर्देशक, सिआइबी

संगठित अपराध बढ्दै जाने निष्कर्षका आधारमा विशिष्टीकृत निकाय आवश्यक छ भनेर ०६७ मा सिआइबी स्थापना गरेका हौं । त्यसवेलासम्म नेपाल प्रहरीमा केरकार (काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय)बाहेक अन्य निकाय थिएनन्, त्यसले पनि उपत्यकाको मात्र अपराध हेर्दथ्यो । प्रहरीका मुद्दा शाखाले गम्भीर खालका अपराधको अनुसन्धान गर्न सक्ने अवस्था थिएन । अपराध र राजनीतिको नेक्सस पनि बनिरहेको थियो । त्यो नेक्सस भत्काउन आवश्यक ठानियो । सिआइबीको तीनवटा 'मोटो' राखेका थियौं, विश्वसनीयता, निष्पक्षता र साहस । तर, राजनीतिक हस्तक्षेपबाट यसको विश्वसनीयता प्रभावित हुन थाल्यो । सुरुका वर्षमा सिआइबीले जसरी धमाकेदार काम गरेको थियो, पछिल्ला वर्ष त्यस्ता धमाका छैन । त्यसका लागि प्रहरी नेतृत्वले गर्नुपर्ने संरक्षण र व्यावसायिकताको विकास आवश्यक छ ।

### सिआइबी विरोधीलाई तह लगाउने हतियार बनाउनुहुँदैन



**उत्तमराज सुवेदी**, पूर्वनिर्देशक, सिआइबी

ठुला किसिमका अपराधको अनुसन्धान गर्ने नेपाल प्रहरीको विशिष्टीकृत र स्वतन्त्र अनुसन्धान इकाइका रूपमा सिआइबी स्थापना भएको थियो । सिआइबीलाई पछिल्ला वर्षमा सत्तापक्षले आफ्ना प्रतिद्वन्द्वी तथा विपक्षीलाई तह लगाउने हतियारका रूपमा प्रयोग गर्ने गरेको अवस्था पनि देखियो । यसलाई स्वतन्त्र राख्नुपर्दथ्यो । यसलाई गृह मन्त्रालय तथा अन्य निकायको हस्तक्षेपबाट मुक्त राख्नु नै अहिलेको मुख्य चुनौती हो । सिआइबीमा नेपाल प्रहरीमा भएका उत्कृष्ट अनुसन्धान अधिकृतहरूको टिम बनाउनुपर्दथ्यो, पछिल्लो समय त्यो सिस्टम भत्किएको छ । अनुसन्धानमा अनुभवी प्रहरीले मात्र स्थानीय प्रहरीलाई पनि अनुसन्धानमा सघाउन सक्छन् । दक्षता नभएका कर्मचारीलाई पनि राख्दा सिआइबीको जुन प्रतिफल आउनुपर्ने हो, त्यो पाउन सकेका छैनौं ।

### विश्वसनीयता बढाउन जरुरी छ



**हेमन्त मल्ल**, पूर्वडिआइजी

सिआइबी कुनै ठुलो विषय अनुसन्धान गर्ने निकायका रूपमा जनताको विश्वास पाएको संस्था हो । यो संस्थालाई बलियो बनाउन प्रहरीका करिअर डेभलपिङमा ध्यान दिनुपर्छ । अनुसन्धानमा विशिष्टीकरण आवश्यक छ । इन्टेलिजेन्सविनाको अनुसन्धान काम छैन । सिआइबीले स्रोत-साधनको अभाव झेलेको देखिएको छ । सिआइबीको भूमिका के हो भन्नेमा प्रस्ट हुनुपर्छ । कहिलेकाहीं अपराध अनुसन्धान कार्यालयले हेर्ने प्रकृतिका केस पनि यहाँबाट हेरिएको सुनिन्छ । त्यसले सिआइबीको विश्वसनीयता गुम्न सक्छ । प्रहरी महानिरीक्षकको प्रत्यक्ष निर्देशनमा चल्ने संस्थामा राजनीतिक हस्तक्षेप हुनुहुँदैन । पछिल्ला वर्ष अलि बढी नै राजनीतीकरण भएको छ कि जस्तो लाग्छ । स्पेनमा भिजिट भिसामा गएको विषयमा अनुसन्धान गर्न भनेर गृहमन्त्रीले निर्देशन दिएको सुनियो । त्यो गलत हो ।

---

संक्षेप

## नयाँ पत्रिकाकर्मी बसन्तसहितका स्रष्टा सम्मानित



**काठमाडौं**/ नयाँ पत्रिकाकर्मी मीनराज बसन्त प्रादेशिक प्रतिभा पुरस्कार- २०८१ गण्डकी प्रदेशबाट सम्मानित भएका छन् । बुधबार राजधानीमा संस्कृतिमन्त्री बद्रीप्रसाद पाण्डे र पूर्वमन्त्री छविलाल विश्वकर्माले भाषा-साहित्य विधामा बसन्तलाई सम्मानसहित पुरस्कार प्रदान गरे । दुई दशकदेखि नेपाली भाषा-साहित्यमा साधनारत बसन्त यसअघि गणेश-हस्तकुमारी पन्त स्मृति पुरस्कार (२०७३), नीलकण्ठ प्रतिभा पुरस्कार (२०७३), कविडाँडा साहित्य सम्मान (२०७३), अनेसास सर्वोकृष्ट कृति पुरस्कार (सन् २०१७, अमेरिका), नवोदित कृति अवार्ड (२०७६), कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार (२०७७) र गुरु गणेश-विष्णु स्मृति पुरस्कार (२०७७) बाट सम्मानित भइसकेका छन् । बसन्तका 'मुदिर' (२०७३) र 'पिपिरी' (२०७५) उपन्यासका साथै लेनिन (जीवनी) र पहेँलो छाता (आख्यान) अनुवादसमेत प्रकाशित छन् । मन्त्रालयले प्रादेशिक प्रतिभाअन्तर्गत नै भाषा तथा साहित्य विधामा कोशीबाट विमला तुम्खेवा, मधेशबाट श्यामसुन्दर शाह, बागमतीबाट नर्मदेश्वरी सत्याल, लुम्बिनीबाट भगवानदास यादव, कर्णालीबाट समिर शाह र सुदूरपश्चिम प्रदेशबाट नरेन्द्रप्रसाद भट्टलाई सम्मान गरेको हो ।

## लुम्बिनी बौद्ध विश्वविद्यालयको साढे ४९ करोड बजेट स्वीकृत

**लुम्बिनी**/ लुम्बिनी बौद्ध विश्वविद्यालय सभाको १८औं बैठकले आगामी आर्थिक वर्षका लागि ४९ करोड ५९ लाखको बजेट स्वीकृत गरेको छ । प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री एवं कुलपति केपी ओलीको अध्यक्षतामा बुधबार भएको बैठकमा विश्वविद्यालयका रजिस्ट्रार डा. तिलकराम आचार्यले प्रस्तुत गरेको बजेट स्वीकृत भएको हो । बैठकले वार्षिक नीति तथा कार्यक्रमसमेत स्वीकृत गरेको छ । बैठकले एकेडेमिक क्रेडिट बैंक स्थापना गर्ने निर्णय गरेको छ । जुनसुकै विश्वविद्यालयमा अध्ययन गरी बिचमै छाडेका विद्यार्थीले आफूले ग्रहण गरेको क्रेडिट बैंकमा जम्मा गरी उपाधिका लागि अपुग रहेको क्रेडिट आवर अध्ययन गरी उपाधि पाउन सक्नेछन् । विश्वविद्यालय यससम्बन्धी विनियम बनाई कार्यान्वयनमा लगिने जनाएको छ । बैठकले स्कुल अफ ल स्थापना, देवदह शिक्षा विकास परियोजनाको गुरुयोजना कार्यान्वयनमा लैजानेसमेत निर्णय गरेको छ ।

## अवैध रूपमा डिजेल बेच्ने पक्राउ

**नवलपुर**/ नवलपुरको देवचुली नगरपालिका- १ दुम्कौलीमा अवैध रूपमा डिजेल बिक्री गर्ने पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार अवैध रूपमा डिजेल बिक्री गर्ने देवचुली- १७ का प्रेमप्रसाद पौडेल पक्राउ परेका हुन् । प्रहरीले उनको साथबाट डिजेलसहित भरेको २० लिटरको १८ वटा ग्यालेन र १० लिटरको एउटा ग्यालिन गरी जम्मा ३७० लिटर डिजल बरामद गरेको जनाएको छ । त्यस्तै, २० लिटरको ३१ वटा खाली ग्यालिन पनि बरामद भएको छ । पक्राउ परेका पौडेललाई कालो बजारीकरण ऐनअनुसार कारबाही गर्ने प्रहरीको तयारी छ ।

## एक वर्षमा दुई लाख १७ हजारले गरे पाथीभरा मन्दिरको दर्शन

**ताप्लेजुङ**/ प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा एक वर्षमा दुई लाख १७ हजार ७७६ जनाले दर्शन गरेका छन् । पाथीभरामा भएको आन्दोलनका बाबजुद आर्थिक वर्ष ०८१/८२ मा ठूलो संख्यामा दर्शनार्थी आएका हुन् । आर्थिक वर्षको सुरु अर्थात् साउनमा एक हजार ९५५, भदौमा ९ हजार ९३९, असोजमा ५ हजार ९४९, कात्तिकमा ६१ हजार १७३, मंसिरमा २१ हजार १८०, पुसमा ६ हजार ४२७, माघमा चार हजार २४९ तीर्थयात्रीले पाथीभराको दर्शन गरेको निर्देशक प्रजिन हाडबाडले बताए । त्यस्तै, फगुनमा सात हजार ४२८, चैतमा ४० हजार ४३५, वैशाखमा ३८ हजार १७०, जेठमा १६ हजार २१० र असारमा ४ हजार ७६१ तीर्थयात्री पाथीभरा पुगेका छन् ।

## नुनको व्यापारमा निजी क्षेत्रलाई प्रवेश दिने निर्णय तत्काल लागू नगर्न अन्तरिम आदेश

नयाँ पत्रिका

आयोडिनयुक्त नुनको कारोबार निजी क्षेत्रलाई सुम्पिने सरकारको निर्णय तत्काल लागू नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । बिहीबार नयाँ आर्थिक वर्ष सुरु भएसँगै निर्णय कार्यान्वयनमा जाने भएकोमा बुधबार न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र महेश शर्मा पौडेलको इजलासले यस्तो आदेश दिएको हो । 'सरकारको निर्णय बिहीबारदेखि लागू हुने तयारीमा थियो, त्यो निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश मागेका थियौं । अन्तरिम आदेश जारी भएकाले माग गरेअनुसार भएको बुझेका छौं,' बसहकर्तामध्येका एक अधिवक्ता श्रीकृष्ण सुवेदीले भने ।

अधिवक्ता शीतल महर्जनले गत १७ असारमा दायर गरेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य मन्त्रालय, उद्योग मन्त्रालयलगायतलाई विपक्षी बनाइएको थियो । रिटमाथि एकल इजलासबाट कारण देखाऊ आदेश जारी भएको थियो । न्यायाधीश नृपध्वज




निरौलाले १८ असारमा अन्तरिम आदेशका लागि २४ असारको पेसी तोकेका थिए ।

'विषयवस्तुको गाम्भीर्यतालाई विचार गरी दुवै पक्षको कुरा सुनी छलफलबाट अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा निष्कर्षमा' पुग्नु उपयुक्त हुने भन्दै दुवै पक्षलाई डाकिएको थियो ।

निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता गोविन्द बन्दी, अधिवक्ता सुवेदीलगायत उपस्थित थिए । साल्ट ट्रेडिङका तर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्तलगायतले बहस गरेका थिए ।

गत २ वैशाखमा मन्त्रिपरिषद्ले आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री-वितरण) ऐन, २०५५ लाई १ साउनबाट कार्यान्वयन गर्ने निर्णय गरेको थियो । २२ वैशाखमा सूचना राजपत्रमा प्रकाशित भएको थियो । उक्त ऐनको दफा ४, ५ र ७ मा नुनको कारोबार गर्न इच्छुक सबैलाई अनुमति लिन सकिने व्यवस्था गरिएको छ । यो ऐन कार्यान्वयनपछि साल्ट ट्रेडिङबाहेकका उद्योगले पनि नुनको कारोबार गर्न पाउने थिए । ०७८/७९ कै बजेटबाट तत्कालीन प्रधानमन्त्री केपी ओली र अर्थमन्त्री विष्णु पौडेलले उक्त ऐन ब्युँताएर निजी क्षेत्रालाई समेत नुनको व्यापार गर्न दिने भएका थिए । ०६१ मै सर्वोच्च अदालतले नुनको कारोबारमा निजी क्षेत्रलाई आमन्त्रण गर्न नहुने रायसहितको फैसला गरेको थियो । नुनलाई अत्यावश्यक वस्तु भन्दै यस्तो आदेश भएको थियो ।

## फेवातालको तालघरमा पिलर गाड्ने काम सकियो

**कास्की**/ फेवातालको सीमांकनपछि तालघरमा पिलर गाड्ने काम सम्पन्न भएको छ । पोखराको मुख्य गहनाको रूपमा रहेको फेवाताल संरक्षणका लागि सर्वोच्च अदालतले ४ असार ०८० मा नेपाल सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाका नाममा जारी गरेको उत्प्रेषणयुक्त परमादेशपछि तालघरको सिमाना यकिन गरी १७ जेठदेखि सुरु गरिएको पिलर गाड्ने काम बुधबार सम्पन्न भएको हो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बाराही घाटमा एक नम्बर पिलर गाडेर कार्यको सुरुवात गरेका थिए । पोखरा महानगरका प्रमुख धनराज आचार्यले दुई नम्बर र संघ सरकारको प्रतिनिधिका रूपमा कास्कीका तत्कालीन प्रमुख जिल्ला अधिकारी भरतमणि पौडेलले तेस्रो नम्बरका पिलर गाडेका थिए ।

सर्वोच्चको परमादेशपछि गण्डकीका मुख्यमन्त्रीको संयोजकत्वमा फैसला कार्यान्वयन सहजीकरण समिति गठन गरी आवश्यक काम अघि बढाइएको थियो । सोही समितिमातहत रहने गरी ११ माघ ०८० मा बसेको समिति बैठकले फेवातालको सीमांकन गरी प्रतिवेदन पेस गर्न प्राविधिकसहित विभिन्न उपसमिति गठन गरेको थियो । प्राविधिक उपसमितिले दिएको प्रतिवेदनका आधारमा तीन तहका सरकार प्रमुख र प्रतिनिधिको सहभागितामा पोल गाडिएको आचार्यले जानकारी दिए । तालघरको सिमाना यकिन गर्न जिपिएस र ड्रोनमार्फत डिटेल सर्वेक्षणका क्रममा तालघरभित्र एक हजार ५५ वटा पिलर गाडिएको र सोही स्थानमा भौतिक रूपमा पिलर गाड्ने काम बुधबार सकिएको फेवाताल सीमांकन प्राविधिक उपसमितिका सदस्यसचिव एवं पोखरा महानगरपालिकाका नापी शाखा प्रमुख सर्वेक्षक वासुदेव पौडेलले बताए ।

# खडेरीका वेला किसानको आशा जगाउँदै कमला नहर

## नियमित पानी आपूर्ति भए १० दिनभित्रै धनुषा र सिराहामा रोपाइँ सकिने, ४० हजारभन्दा बढी किसान लाभान्वित

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेशमा खडेरीका वेला धनुषाको कमला सिँचाइ नहरको पानीले किसानको आशालाई जगाइरहेको छ । लामो समयदेखि वर्षा नहुँदा चिन्तित बनेका किसान कमला सिँचाइ व्यवस्थापन कार्यालयले नियमितजसो पानीको आपूर्ति गरिदिएपछि धनुषा र सिराहाका किसानलाई ठुलो राहत मिलेको छ ।

असारका वेला पनि वर्षा नहुँदा प्रदेश सरकारले मधेशलाई सुक्खा क्षेत्र घोषणा गरिसकेको छ । खडेरीको चपेटामा परेका यी क्षेत्रमा कमला नहरबाट सिँचाइ सम्भव भएपछि धमाधम रोपाइँ भइरहेको छ । कमला सिँचाइ व्यवस्थापन कार्यालय, धनुषाले सञ्चालन गर्ने कमला पश्चिमी नहर प्रणाली (धनुषा) र कमला पूर्वी नहर प्रणाली (सिराहा)अन्तर्गतका नहरहरूमा ९ असारमै पानी छाडिएको थियो । जसबाट किसानलाई आवश्यक पानी प्राप्त हुन थालेको छ । कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख वीरेन्द्रकुमार यादवका अनुसार हाल सिराहाको पूर्वी नहर र धनुषाको पश्चिमी नहरमा प्रतिसेकेन्ड १४ हजार लिटर पानी आपूर्ति भइरहेको छ ।

साबिकमा दुवै नहरको सिँचाइ क्षमता साढे १२ हजार हेक्टर गरी २५ हजार हेक्टर थियो । तर, पछिल्ला वर्ष साना कुलोको विस्तारसँगै अब यो दायरा करिब ३० हजार हेक्टरसम्म पुगेको छ । 'पहिला प्रत्येक वर्ष १ साउनदेखि मात्र नहरमा पानी प्रवाह हुन्थ्यो, तर म आएदेखि असारमै पानी प्रवाह गर्न थालिएको छ । यसले किसानलाई समयमै रोपाइँ गर्न, लागत घटाउन र उत्पादकत्व बढाउन निकै मद्दत गरेको छ,' उनले भने ।



खडेरीको समयमा नहरमार्फत पानी पाएपछि रोपाइँमा मजदुरी खर्च घटेको, उत्पादन लागत घटेको र सिँचाइ व्यवस्थापनसमेत प्रभावकारी बनेको प्रमुख यादवको भनाइ छ । सहिदनगर नगरपालिकाका किसान मनोज मरबैताले भने, 'पानी नपरेर चिन्तामा थियौं, तर ९ असारदेखि नै नहरमा पानी आएपछि खेत जोत्न र धान रोप्न सकेका छौं । यस वर्ष कमला नहरले खेतहरूमा जीवन भरिदिएको छ ।'

चारनाथ गणेशमान नगरपालिका किसान शेषनारायण यादवका अनुसार खडेरीका वेला कमला नहरमा पानीको प्रवाह मात्र नभई यस क्षेत्रका कृषकको श्रम, आशा र भविष्यको बहाव बगिरहेको छ ।

कमला सिँचाइ व्यवस्थापन कार्यालयले अहिले धनुषाका ६ नगरपालिका गणेशमान चारनाथ, सबैला, सहिद नगर, कमला, विदेह र हंशपुर र दुई गाउँपालिका जनकनन्दनी र औहरीमा सिँचाइ सुविधा पुऱ्याइरहेको छ । सिराहातर्फ, कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिराहा र सुखीपुर गरी पाँच नगरपालिका तथा विष्णुपुर, औहरी र अर्नामा गरी तीन गाउँपालिकामा सेवा विस्तार गरिएको छ । करिब २० हजारभन्दा बढी घरधुरीलाई कमला सिँचाइ योजनाबाट प्रत्यक्ष लाभ पुगेको प्रमुख यादवले बताए ।

हाल मधेश प्रदेशभरि मात्र ३५ प्रतिशत क्षेत्रमै धान रोपाइँ भएको देखिए पनि कमला नहरद्वारा सिञ्चित क्षेत्रमा ६० प्रतिशतभन्दा बढी रोपाइँ भइसकेको र यही गतिमा पानी आपूर्ति भइरहेमा आगामी १० दिनभित्र सम्पूर्ण क्षेत्रको रोपाइँ सम्पन्न हुने प्रमुख यादवको विश्वास छ । तर, कतिपय स्थानमा किसानहरूले नहरको संरचना बिग्रिने गरी जबर्जस्ती पानी लगिरहेका छन् । यसले गर्दा नहरको क्षति हुने, विवाद सिर्जना हुने र अन्य किसान प्रभावित हुने भएकाले यादवले किसानहरूसँग संयमित बन्न र सिँचाइ प्रणालीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आग्रह गरेका छन् ।

कमला पश्चिमी नहर प्रणालीअन्तर्गत १४.३ किलोमिटर लम्बाइ भएको मुख्य नहरबाट रघुनाथपुर, प्रवाह, महिनाथपुर र खजुरीमा नहर विस्तार भएका छन् । पूर्वी नहर प्रणाली ३१.१ किलोमिटर लामो छ । जसबाट भोक्राहा, सिक्रोन, मझाउ, कल्याणपुर, सुकठोर, सिराहा, लगडीगोठ र औरही गरी आठवटा शाखा नहर सञ्चालनमा छन् । धनुषा र सिराहालाई समेट्ने कमला सिँचाइ प्रणाली सात सय किलोमिटरभन्दा लामो छ, यसले ४० हजारभन्दा बढी किसानलाई प्रत्यक्ष लाभ दिइरहेको छ ।

कमला पश्चिमी नहर प्रणाली जल उपभोक्ता मूल समितिका अध्यक्ष श्यामबाबु यादवका अनुसार कमला नहरबाट पानी समयमै प्राप्त भएकाले रोपाइँ पनि समयमै भइहेको छ । 'यदि रोपाइँ समयमै सकियो भने किसानहरूले दोस्रो बाली पनि लगाउन सक्नेछन्, जुन अत्यन्तै लाभदायक हुनेछ,' उनले भने । मधेश प्रदेशमा लामो समयदेखि पानीको कमीले गर्दा कमला नदीमा पानीको सतह पनि घट्दै गएको यादवको भनाइ छ । त्यसैले आगामी दिनमा पानीको आपूर्ति सन्तुलित राख्न र वर्षभर सिँचाइ सम्भव बनाउन सुनकोशी-कमला डाइभर्सन परियोजना सरकारबाट छिटो अघि बढाउनुपर्ने उनले जोड दिए ।

# नयाँ गभर्नरको काम नगर्ने मौद्रिक नीति

## विद्यमान संरचनामा परिवर्तन नगरी मौद्रिक नीतिमार्फत गरिएको ब्याजदरसम्बन्धी बन्दोबस्तीबाट दुई दर्जनजति धनाढ्य परिवारलाई मात्र लाभ हुनेछ



● हरि रोका

अग्रलेख

मुलुकमा आर्थिक संकट थुप्रिँदै र गहिरिँदै गइरहेको छ। लामो समयदेखि अर्थतन्त्र मन्दीमा छ। कृषि तथा औद्योगिक उत्पादन घटिरहेको छ। आम सर्वसाधारणको राष्ट्रिय पुँजी निर्माणमा सहभागिता घट्दै गइरहेको छ। मुलुकका अर्थमन्त्रीहरूले वार्षिक बजेटमा विनियोजन गर्ने विकास बजेट ३० प्रतिशतबाट पनि ओरालो लागेको छ। यसले गर्दा शिक्षा तथा स्वास्थ्यजस्ता जीवनोपयोगी सेवा क्षेत्र प्रभावित बनेका छन्। प्राथमिक स्कुलदेखि विश्वविद्यालयका कक्षाकोठा रित्तिँदै जानु र अस्पतालका छतबाट बिरामी र अभिभावकले हामफालेर प्राण त्याग्नुपर्ने अवस्थाले हाम्रा सेवा क्षेत्र कस्ता छन्, भनिरहनुपर्दैन। ऋण काढेर र अँजुली थापेर बनाइएका पूर्वाधार विकासका परियोजना या त अधुरा, अपूरा छन् या त स्तरहीन छन्। अधिकांश ग्रामीण सडक ६ महिनाभन्दा बढी चल्दैनन्। ग्रामीण खानेपानी र सिँचाइ सुविधा वर्ष दिन पनि नियमित सञ्चालनमा ल्याउन सकिन्न। निर्यातभन्दा आयात १४ गुणाले बढी छ। बाह्य र आन्तरिक ऋण हरेक वर्ष थपिँदै गएर ऋण जालोमा (डेब्ट ट्र्याप) पर्ने सम्भावना बढेको छ। लगभग पाँच लाख ९० हजार हाराहारी श्रमिक श्रमबजारमा प्रवेश गर्छन्, तर त्यसको १० प्रतिशत मानिसलाई निजी तथा सरकारी क्षेत्रले रोजगारी उपलब्ध गराउन सक्दैन। यस्तो आर्थिक दिवालियापनबाट उक्सिन सरकार नवउदारवादी बजारवादी आर्थिक नीतिलाई नै पूर्णता दिन कम्मर कसेर लागिपरेको छ। उल्लिखित समस्या समाधान गर्न सरकारले पोहोर साल उच्चस्तरीय सुधार सुझाव आयोग गठन गरेको थियो र उसले दिएका सुझावका आधारमा गएको १५ जेठमा बजेट प्रस्तुत गरी असार अन्तिममा राष्ट्रबैंकका गभर्नरले मौद्रिक नीति ल्याएका छन्।

**के हो मौद्रिक नीति ? :** मौद्रिक नीति कुनै पनि मुलुकको केन्द्रीय बैंकहरूले अगाडि सार्ने समष्टिगत आर्थिक नीतिको दोस्रो पाटो हो। पुँजीवादी अर्थतन्त्र अनियन्त्रित, अव्यवस्थित नबनोस् र मुद्रास्फीतिले गाँजेर आर्थिक तथा राजनीतिक संकट ननिम्तियोस् भनेर विख्यात अर्थशास्त्री जोन मिन्यार्ड किन्सको सक्रियतामा वार्षिक बजेटपछि बजेटको उद्देश्यलाई सबल र सुदृढ बनाउन मौद्रिक नीतिको अभ्यास थालियो। नामअनुसार यसले मुद्रा आपूर्ति, ब्याजदर व्यवस्थापन र सरकारले अगाडि सारेको समष्टिगत आर्थिक उद्देश्य अर्थात् मागपक्षीय विषय, जस्तो- मुद्रास्फीति, उपभोग वृद्धि, रोजगारी अभिवृद्धि र तरलताबारे समष्टिगत व्याख्या र पूर्वानुमान प्रस्तुत गर्छ। राष्ट्रको केन्द्रीय बैंकले आफ्नो मौद्रिक नीति बजार, बैंक ब्याजदर, सञ्चित प्रणाली, ऋण प्रवाह नियन्त्रण नीति, नैतिक बन्धनका पाठ तथा अन्य कामलाग्दा नीतिगत औजारबारे प्रस्ट धारणा मौद्रिक नीतिमार्फत अगाडि सारेर कार्यान्वयन गराउँछ। यिनै औजारमार्फत ब्याजदर अर्थात् मुद्रा आपूर्ति व्यवस्थापन गरिन्छ।

मौद्रिक नीति विस्तारित तथा संकुचित दुवै प्रकृतिको हुने गर्छ। मुद्राको आपूर्ति वृद्धि गरियो भने ब्याजदर घट्छ र यसलाई विस्तारित नीति भनिन्छ। मुद्रा आपूर्ति घटाइयो र ब्याजदर बढ्न पुग्यो भने संकुचन मौद्रिक नीति अपनाएको मानिन्छ। मुद्राको आपूर्ति वा तरलता आर्थिक वृद्धिका लागि धेरै हिसाबले महत्त्वपूर्ण मानिन्छ र केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत तरलता व्यवस्थापन गर्ने हो। तरलता व्यवस्थापनको मुख्य उद्देश्य वस्तु तथा सेवाको मूल्य स्थिरता हो। स्थिर मूल्य भयो भने बचत गरिएको धन सस्तो ब्याजदरमा लगानी हुन्छ र त्यसले आर्थिक वृद्धिमा सहयोग पुग्छ। अत्यधिक मुद्रास्फीति भयो अर्थात् मूल्य अस्थिर हुन पुग्यो भने मानिसको क्रय क्षमता घट्छ। बचत वृद्धिदरमा आघात पुग्छ। त्यसले लगानी र आर्थिक वृद्धिमा असर पुग्छ। मुद्रास्फीति उच्च हुँदा ब्यापारमा जोखिमको मात्रा बढ्छ र निर्यात प्रतिस्पर्धात्मक क्षमता झनै कमजोर बन्न पुग्छ। त्यसैले, मौद्रिक नीतिको मूल उद्देश्य मुलुकको समग्र अर्थतन्त्रको व्यवस्थापन गर्ने भन्ने हुन्छ।

उल्लिखित मौद्रिक नीतिको पहिलो उद्देश्य मुद्रास्फीति नियन्त्रण गर्ने भन्ने नै हो। मुख्यतः केन्द्रीय बैंकको काम ब्याजदरलाई समायोजन गर्दै मुद्रास्फीति नियन्त्रण गर्ने हो। किनकि, उच्च मुद्रास्फीतिले निश्चित आय र सीमित बचत भएका मानिसको क्रयशक्तिलाई कमजोर बनाउँछ। दोस्रो, आर्थिक वृद्धिको व्यवस्थापन हो। मौद्रिक नीतिको दोस्रो अभिभारा भनेको दिगो र भरपर्दो आर्थिक वृद्धिमा सहयोग पुऱ्याउनु हो। विस्तारित मौद्रिक नीतिमा ऋणमा लगाइने ब्याजदर कम गरिन्छ। यसबाट लगानी र उपभोग तथा रोजगारीमा प्रोत्साहन दिलाउन र आय आर्जनमा मद्दत पुग्छ। यद्यपि, यसलाई राम्ररी विचार पुऱ्याइएन भने सम्पत्ति बढी मूल्यांकन (ओभर भ्यालुएसन) अथवा अत्यधिक ऋण बढ्ने हुन पुग्छ र सामान्य मानिसलाई आर्थिक असहजता सिर्जना हुन्छ। तेस्रो, मौद्रिक नीति परिस्थितिलाई मूल्यांकन गरेर बनाइएमा उद्योग र व्यापार फस्टाउँछ। राष्ट्रिय बचतमा वृद्धि हुन्छ। लगानीकर्ता उत्पादनमूलक उद्यममा लगानी गर्न प्रोत्साहित हुन्छन्। र, रोजगारी बढ्छ। तर, 'टाइट' नीति अपनाइयो भने ऋण लिएर उद्योग व्यापार गर्नेहरू दुरुत्साहित हुन्छन् र रोजगारी पनि हराउँछ। मुद्रा आफैँ व्यवस्थित हुँदैन। केन्द्रीय बैंकमा रहेका पदाधिकारीले मुद्रा आपूर्ति वृद्धि, ब्याजदरमा वृद्धि र कसरी र कस्तो परिवेशमा ऋणको मात्रालाई व्यवस्थित गर्ने भन्ने विषय वर्षभरि गरिएको खोज तथा अनुसन्धानबाट प्राप्त तथ्यलाई ध्यानमा राखेर तय गरिन्छ। खासगरी, समष्टिगत अर्थतन्त्रमा सरकारले अपनाउने वित्तीय नीतिअनुरूप मुद्रा व्यवस्थापन गर्न अपनाइने नीति नै मौद्रिक नीति हो।



कुल राष्ट्रिय आम्दानीको गतिविधि वृद्धि गर्नमा मुद्रा आपूर्तिले नै सबै भूमिका निभाउँछ र आर्थिक विकासका लागि सबैभन्दा महत्त्वपूर्ण कारक तत्त्व नै मुद्रा हो भन्ने ठानिनुलाई नै 'मोनिटारिज्म' भनिन्छ। नवउदारवादी मौद्रिक अर्थशास्त्री मुद्रा आपूर्तिमा ल्याइने परिवर्तनले कुल राष्ट्रिय आयमा प्रभाव पार्ने र दीर्घकालमा मूल्यलाई असर पार्ने ठान्छन्। मौद्रिक अर्थशास्त्रका पिता मानिने मिल्टन फ्रिडमेन मुद्राको आपूर्तिमा स्थायित्व र व्यापकता खोज्नुपर्ने नीतिका पक्षपाती थिए। तर, उनको यो मान्यतामा मार्क्सवादी र किन्सका अनुयायी सहमत रहेनन्। अर्थशास्त्री सऔल किफमैन भन्छिन्- राज्यका दुइटा नीतिगत उद्देश्य हुन्छन्। पहिलो, आन्तरिक सन्तुलन (मूल्यको स्थायित्वसँगै उच्च रोजगारी दर) र दोस्रो, बाह्य सन्तुलन। यी दुवैलाई वास्तविक कार्यान्वयन गराउन पनि दुई खालकै औजार सञ्चालनमा ल्याउनुपर्ने हुन्छ। पहिलो, खर्च बढाउने नीति र अर्को खर्च घटाउने नीति। खुला व्यापारिक संसारमा विनिमय दर खर्च बढाउने नीतिअनुरूप नै व्यवस्थित गरिने हुन्छ, जबकी मौद्रिक र वित्तीय नीतिचाहिँ खर्चको व्यवस्थापन गर्ने नीतिअनुरूप तय गरिन्छ। वित्तीय पुँजीको स्वच्छन्द आवतजावतसहितको 'हार्ड पेग रिजाइम'मा मौद्रिक व्यवस्थापनमा कार्यरत अधिकारीले मुद्रा आपूर्तिको नियमनमा आफ्नो नियन्त्रण गुमाउन पुग्छन्। त्यसपछि समग्र अर्थतन्त्रमा समस्या एकपछि अर्को थपिँदै जान्छन्।

**नयाँ गभर्नरको मौद्रिक नीति :** यसपटकको मौद्रिक नीति नवउदारवादी बजार अर्थतन्त्रलाई पूर्णता दिने गरी ल्याइएको बजेटलाई सफल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले ल्याइएको छ। नयाँ गभर्नरले यसपटक निक्षेपमाथिको ब्याजदर घटाउने भएका छन्। उनले ब्याजदर करिडोरको माथिल्लो सीमा ६.५ प्रतिशतबाट ६ मा र तल्लो सीमा तीन प्रतिशतबाट २.७५ प्रतिशत बनाएका छन्। यसको अर्थ सर्वसाधारणले पाउने न्यूनतम तीन प्रतिशत ब्याजदर पनि घटेर २.७५ प्रतिशतमा झर्नेछ। राष्ट्र बैंककै तथ्यांकअनुसार गत जेठमै कर्जाको औसत ब्याजदर ७.९९ प्रतिशत मात्रै छ। कुनै समय यस्तो औसत ब्याजदर १३ प्रतिशतभन्दा माथि पुगेको थियो। यसो गर्नुको मूल उद्देश्य उद्योगी तथा व्यवसायीलाई सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराउन सकियोस् भन्ने नै हो। तर, केही वर्षयता कम कर्जा विस्तार हुन पुगेको छ। यस्तो किन हुन पुग्यो भन्ने प्रश्नको उत्तर राष्ट्र बैंक, योजना आयोग र अर्थ मन्त्रालयलाई थाहा नभएको होइन। नेपालमा बैंक तथा वित्तीय संस्था केन्द्रीकृत तथा एकाधिकारवादी संस्थाका रूपमा हुर्किए। तिनको संरचनामै खराबी छ। जस्तो- एउटा बैंकर नै उद्योगपति, व्यापारी र बिमा कम्पनीको मालिक बन्न पाउँछ। २५ प्रतिशतसम्म हकप्रद सेयर होल्डिङ गर्ने र अरू थप्न पाउने जस्ता अमर्यादित छुट बैंकर्सले पाइरहेका छन्। बैंकर्सको आपसी मिलोमतोमा चार सयभन्दा कम परिवारले कुल कर्जा प्रवाहको ८० प्रतिशत कर्जा प्राप्त गरेका छन्। त्यसमध्ये पनि औँलामा गनिएका दुई दर्जन धनाढ्य परिवारले कुल कर्जाको ३० प्रतिशतसम्म सस्तो ब्याजदरमा ऋण प्राप्त गरेका छन्। संरचनामा परिवर्तन नगरी अहिले गरिएको बन्दोबस्ती तिनैलाई बल पुऱ्याउन हो भन्न सकिन्छ। यस्तो संरचनागत बन्दोबस्तीमा सामान्यतया नयाँ उद्यमी सरकारी भाषामा नवप्रवर्तक छिर्न पनि सक्दैनन्। बरु वृद्धवृद्धा, जसले तलबभत्ता वा पेन्सनबाट प्राप्त रकम बैंकको मुद्दति खातामा राखेर गुजारा चलाउँदै आएका थिए, ब्याजदर घट्दा उनीहरूको जीवनयापन कठिन बन्नेछ। अर्कातर्फ ब्याजदर घट्दा छिमेकी मुलुकतिर बचत पलायन हुने खतरा पनि बढ्नेछ।

> यसपटकको मौद्रिक नीति नवउदारवादी बजार अर्थतन्त्रलाई पूर्णता दिने गरी ल्याइएको बजेटलाई सफल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले ल्याइएको छ

नयाँ गभर्नरले घरजग्गा कारोबार (रियल स्टेट) मा लगानी गर्न प्रोत्साहन गरेका छन्। उनले घर किन्न पाइने गरेको दुई करोडलाई थप एक करोड बढी कर्जा प्रवाह गर्न बैंकलाई छुट दिएका छन्। धितो राखिने सम्पत्ति मूल्यको ७० प्रतिशतबाट ८० प्रतिशत पुऱ्याएका छन्। आमनागरिकको सहरतर्फको आकर्षण बढिरहेको समयमा घरजग्गा कारोबार प्रोत्साहित गरिनु व्यापारिक नाफा आर्जनका हिसाबले राम्रै हो। तर, काठमाडौं उपत्यका, पोखरालगायत देशका प्रमुख सहरका बासिन्दा नै विदेश पलायन भइरहेको यो अवस्थामा रियल स्टेट बिजिनेसमा लगानी प्राथमिकतामा पारिनुपर्थ्यो या पर्दैनथ्यो ? यो जटिल प्रश्न हो। मौद्रिक नीतिले सेयर धितोमा कर्जा सीमा बढाएर १५ बाट २५ करोड पुऱ्याएको छ। यसले बैंकमा लगानी जोखिम बढाउन सक्छ।

मुठीभर उद्यमी र व्यापारी तथा कथित सेयर कारोबारीलाई कर्जा प्रवाह गर्ने नीति लिएसँगै किसानमा पनि केही दिएजस्तो गर्नु त पऱ्यो भन्ने आशयले बैंकले आफ्नै मूल्यांकनका आधारमा १० लाखसम्म कर्जा दिन सक्ने उल्लेख गरिएको छ। तर, सर्वसाधारण किसानलाई सस्तो ब्याजदरमा न हिजो कर्जा लिन मिलेको थियो, न त आज नै त्यस्तो अवस्था छ। उदाहरणका लागि म आफैँ कृषि पेसामा छु। मेरो आफ्नै नाममा दुई बाली लाग्ने घरसहितको ५० रोपनी खेतीयोग्य जमिन छ, तर समग्र मूल्यांकन गर्ने हो भने दुईवटा दुधालु भैँसी किन्ने ऋण मैले प्राप्त गर्न सक्दिनँ। यसको अर्थ मभन्दा कमजोर हैसियत भएका लाखौँ किसान परिवार देशमा छन् र तिनले सस्तो ब्याजदरमा कर्जा प्राप्त गर्न सक्दैनन्।

जबसम्म बैंक, उद्योग, वैदेशिक व्यापार र बिमाको संयुक्त कारोबार वा संयुक्त पारिवारिक धन्दालाई अमर्यादित भनेर बन्देज लगाइँदैन, तबसम्म बहुसंख्यक सर्वसाधारण व्यक्ति, घरधुरी वा समुदाय कुनै पनि आर्थिक पेसा ग्रहण गर्न बैंकबाट सस्तो ब्याजदरको ऋण लिई लाभान्वित हुन सम्भव रहन्न। यसका लागि बैंक तथा वित्तीय संस्थाको 'लोकतान्त्रीकरण (डेमोक्रेटाइजेसन अफ बैंक एन्ड फिनान्सियल इन्स्टिच्युसन)' आवश्यक छ। दोस्रो, राष्ट्र बैंकको प्रभावशाली नियमन र नियन्त्रण जरुरी हुन्छ। खासगरी उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गर्न। तर, वर्तमान सरकार र धनाढ्यकेन्द्रित आर्थिक सोच रहुन्जेल यस्तो सुधारको कल्पना गर्नु मूर्खता हुनेछ।

---

## ३ प्रश्न

नेपाल सरकारकी पूर्वस्वास्थ्यसचिव **डा. किरण रेग्मीलाई**



**किशोरीको डिम्बको अवैध कारोबार भइरहेको तथ्यले के संकेत गर्छ ?**

किशोरीको डिम्बको अवैध कारोबार हुनु अत्यन्त गम्भीर र संवेदनशील छ। यसले महिलाको प्रजनन अधिकार, महिला अधिकारलगायत अनेक अधिकार उल्लंघन गरेको छ। खासगरी, निःसन्तान दम्पतीले आफैँले रोजेको 'डोनर'लाई कन्भिन्स गरेर डिम्ब लिन सक्छन्। तर, डिम्बको अवैध व्यापार गर्ने उद्देश्यले किशोरीलाई ललाइफकाइ डिम्ब निकाल्नु अत्यन्त गम्भीर विषय हो। यो मानव अंगको अवैध व्यापारभन्दा पनि संवेदनशील छ। खासगरी, महिलाको 'ओभरी'मा सानो घाउ बनाएर डिम्ब निकाल्दा त्यसका विभिन्न शारीरिक तथा मानसिक प्रभाव देखिन सक्छन्। डिम्ब निकाल्दा इन्फेक्सन हुन सक्छ। त्यसबाट डिम्बदातामा तत्कालदेखि भविष्यसम्ममा विभिन्न प्रभाव देखिन सक्छन्। यसका साथै यसले व्यक्तिको जिन तथा वंशमा समेत प्रभाव पर्ने हुनाले दातामा दीर्घकालमा मानसिक तनाव सिर्जना हुन पनि सक्छ।

**यससम्बन्धी कानुनी व्यवस्था कस्तो छ ?**

यससम्बन्धी प्रस्ट कानुन अहिलेसम्म ल्याउन सकिएको छैन। विशेषगरी, सुरक्षित मातृत्वसम्बन्धी कानुन बनेका छन्। तिनले महिला अधिकार, प्रजनन अधिकारलगायत विविध पक्षलाई समेटेका छन्। सामान्यतः कानुन निर्माण गर्दा जुन-जुन विषयमा कानुनी जटिलता सिर्जना भएको हुन्छ, तिनै विषयमा केन्द्रित भइन्छ। त्यसैले, यस विषयमा खासै नसोचिएको हुन सक्छ। तर, अहिले यसरी डिम्बको अवैध कारोबार नै चलिरहेको देखिनुले अब तत्काल यससम्बन्धी कानुन निर्माण गरिहाल्नुपर्छ। नत्र, कानुन अभावको फाइदा उठाउन खोज्नेहरू धेरै निस्कन सक्छन् र सोझासीधा किशोरी र महिला यसको सिकार हुन सक्छन्।

**हाम्रा स्वास्थ्य संस्थालाई नियमनमा राख्ने विधि केही छैनन् ?**

छन्, किन नहुनु ? स्वास्थ्य मन्त्रालयमा यससम्बन्धी अलग्गै महाशाखा पनि छ। तर, ढोका लगाएको अवस्थामा चोरी भएजस्तै नियमनका विधि हुँदाहुँदै पनि यस्ता अवैध कारोबार फस्टाएका हुन्। यसलाई रोक्न सामान्य 'गाइडलाइन' या 'प्रोटोकल'ले मात्र पुग्दैन, ऐन नै चाहिन्छ।

प्रेरक प्रसंग

## मृत्युपछिको चिन्ता किन ?

एकपटक बुद्ध आफ्ना शिष्यका साथमा संवादमा व्यस्त थिए। उनीहरू बुद्धसित अनेक प्रश्न सोधिरहेका थिए। बुद्ध पनि यथोचित उत्तर दिएर उनीहरूको जिज्ञासा शान्त बनाइरहेका थिए। यसै क्रममा एक शिष्यले उनलाई सोधे- भगवान्, तपाईंले आजसम्म हामीलाई धेरै कुराको ज्ञान दिएर बाटो देखाउनुभएको छ। हामी पनि हजुर जस्तो महान् गुरुका शिष्य बन्न पाउँदा धन्य भएका छौँ। तर, हजुरले आजसम्म हामीलाई मानिसको मृत्युपश्चात् के हुन्छ भन्ने विषयमा केही पनि बताउनुभएको छैन। यस विषयमा केही जान्न पाए हुन्थ्यो प्रभु !

उनको जिज्ञासा सुनेर बुद्ध मन्दमन्द मुस्कुराए। एकैछिन मौन रहे। एकछिनपछि गम्भीरतापूर्वक उनले भने- हो त हगि, मैले यसबारे तिमीहरूलाई केही पनि बताएको छैनँ। ठिकै छ आज म तिमीहरूलाई यसबारे बताउँछु। तर, यसबारे बताउनुअघि तिमी मेरो एक प्रश्नको जवाफ देऊ है ! उनका शिष्यले भने- आज्ञा होस् प्रभु !

बुद्धले भने- एकजना मानिस सुनसान जंगलको बाटो कतै जाँदै थियो। अचानक कतैबाट आएर एउटा विषालु वाण उसको शरीरमा घुस्यो। यस्तो अवस्थामा उसले तत्काल के गर्नु उचित हुन्छ ? पहिले शरीरमा घुसेको वाण हटाउनु ठिक हुन्छ कि त्यो वाण कसले चलाएको थियो, कताबाट आएको थियो र कसलाई लक्ष्य गरेर चलाइएको थियो, त्यो पत्ता लगाउनु उचित हुन्छ ? प्रश्नकर्ता शिष्यले जवाफ दिए- उसले सबैभन्दा पहिले शरीरमा घुसेको वाण निकाल्नुपर्छ। अन्यथा, वाणको विष पूरै शरीरमा फैलिएर उसको ज्यानै पनि जान सक्छ।

शिष्यको जवाफ सुनेपछि मन्द मुस्कुराउँदै बुद्धले भने- तिमीले बिल्कुलै ठिक भन्यौ। अब तिमी मलाई अर्को एउटा प्रश्नको जवाफ देऊ। हामीले सबैभन्दा पहिले यस जीवनका दुःखको निवारणको उपाय खोज्नु ठिक हुन्छ कि मृत्युपछि के हुन्छ भनेर टाउको दुखाउनु ठिक होला ? बुद्धको प्रश्न सुनेपछि शिष्यको जिज्ञासा शान्त भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## जनताका पिरमर्का नबुझ्नेहरू

नेपालमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र नेपालीले धेरै त्याग, तपस्या र बलिदान गरेर ल्याएको व्यवस्था हो। तिनै बलिदानी नेपालीको योगदानलाई मनन गर्दै इमानदारीपूर्वक राजनीतिक दलहरूले काम गर्नुपर्ने हो। तर, बलिदानी नेपालीको बलिदानको कदर गर्नुभन्दा पनि यहाँ त सबै नेता र तिनका कार्यकर्ता सत्ता, शक्ति र सम्पत्तिको पछि दौडिरहेका देखिन्छन्। तर, ती बलिदानी नेपालीले यसरी सीमित नेताको हालीमुहाली चल्ने व्यवस्था खोजेका थिएनन्। उनीहरूले त देशमा जनताका आवाज सुनिने, जनताका पिरमर्कामा मलम लगाउने र जनताको जीवनस्तर उकास्ने पथमा दत्तचित्त भई लाग्ने नेतृत्व खोजेका थिए। तर, आज जनताका पेटमा लात हानी आफू अघाउनेहरूको कब्जामा पुगेको छ यो देश।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## राजीनामाले मात्र हुँदैन

७८ लाख घुस 'डिल' गरेको अडियो सार्वजनिक भएपछि संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले पदबाट राजीनामा दिएका छन्। राजीनामा दिएर उनले यस प्रकरणमा राज्यले गर्ने छानबिनमा सघाउँछु भनेका हुन्। प्रधानमन्त्री केपी शर्मा ओली भने उनको राजीनामा स्वीकृत गरेर उनको स्थानमा अर्को मन्त्री नियुक्त गरी ढुक्क भई बसेका देखिन्छन्। तर, मन्त्री गुप्ताको राजीनामाले मात्र पुग्दैन। उनीमाथि छानबिन गरी कानुनी कारबाहीको बाटोमा जानुपर्छ।

● **सगुन मुल्मी**
पुतलीसडक, काठमाडौं

## अधिकारीमाथि पनि छानबिन गर

७८ लाख घुस डिल प्रकरणमा राजीनामा दिएका सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले आफूसँगै भूमि व्यवस्थामन्त्री बलराम अधिकारीलाई सो डिलमा तानेका छन्। तर, गुप्ताले राजीनामा दिइसक्दा पनि भूमि व्यवस्थामन्त्री अधिकारीको राजीनामाका विषयमा कोही बोलेका छैनन्, किन ? उनले पनि पदबाट राजीनामा दिएर छानबिनलाई सघाउनुपर्छ र सरकारले तत्काल विशेष छानबिन समिति गठन गरी छानबिन प्रक्रिया अघि बढाउनुपर्छ। यस प्रकरणमा अनेक बहाना बनाएर कसैले पनि उम्किन नखोजे हुन्छ।

● **सुचित्रा पुन**
गैरीधारा, काठमाडौं

## सुक्दो मधेश र सरकारी मौनता

नेपालको अन्न भण्डारको पहिचान बनाएको मधेश प्रदेश अहिले जलवायु परिवर्तनको कठोर मारमा परेको छ। सिँचाइको कमी, अनियमित वर्षा चक्र, भूमिगत जल सतहको तीव्र गिरावट र राज्यको उदासीनताले यो प्रदेश भीषण सुक्खा संकटमा फसेको छ। असार मसान्तसम्म जम्मा ३३.८ प्रतिशत मात्र रोपाइँ भएको तथ्यले परिस्थितिको गम्भीरता स्पष्ट देखाउँछ। सुक्खाले गर्दा खेतमा धाँजा फाटेका छन्, ट्युबवेलहरू सुकिसकेका छन् र जनता पिउने पानीका लागि त्राहिमाम गर्दै छन्।

सरकारले ढिलो गरी मधेशलाई 'सुक्खा प्रभावित क्षेत्र' घोषित त गऱ्यो, तर त्यसपछिका पहल केवल औपचारिक देखिन्छन्। राहत, वैकल्पिक सिँचाइ, भूजल पुनर्भरण र जलस्रोत संरक्षणका योजना कार्यान्वयनमा आउन अझै बाँकी नै छन्। कार्यान्वयन गर्ने समय आउँदा बल्ल दातृ संस्थासँग समन्वय सुरु गरिएको छ। सिँचाइ परियोजना अधुरो अवस्थामै छन्। चुरे विनाश नियन्त्रणबाहिर छ, सरकार आन्तरिक शक्ति सन्तुलन तथा ठेक्कामा अल्झिएको छ।

यो केवल मधेशको पीडा होइन, राष्ट्रिय खाद्य सुरक्षामाथिकै गम्भीर खतरा हो। अब पनि विलम्ब भयो भने गाग्रीको संकट थालसम्म आइपुग्नेछ। त्यसैले संघीय र प्रदेश सरकारले तुरुन्तै आपत्कालीन राहत र दीर्घकालीन रणनीति कार्यान्वयन गर्न जरुरी छ। नत्र मधेश मात्रै होइन, सिंगो नेपाल भोकको चपेटामा पर्न सक्छ।

● **प्रत्यूषकुमार झा**, वीरगन्ज पब्लिक कलेज, वीरगन्ज, पर्सा
pjha54652@gmail.com


लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# जन्मसिद्ध नागरिकता अन्त्यविरुद्धका कानुनी जटिलता

## सर्वोच्च अदालतले ट्रम्पको कार्यकारी आदेशलाई राष्ट्रव्यापी रूपमा रोक्ने प्रयासलाई पुनः अस्वीकार गरेपछि परिस्थिति झनै जटिल हुनेछ





देश / विदेश

● जुली नोभकोभ ● क्यारोल न्याकेनोफ

१० जुलाई २०२५ मा पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको जन्मसिद्ध नागरिकता अन्त्य गर्ने कार्यकारी आदेशविरुद्धको कानुनी संघर्ष जारी रह्यो। न्यु ह्याम्पसायरको एक संघीय जिल्ला अदालतले प्रारम्भिक निषेधाज्ञा जारी गरेको छ। जर्ज डब्लु बुसले नियुक्त गरेका न्यायाधीश जोसेफ लाप्लान्तेले यो कार्यकारी आदेशलाई 'संविधानतः गम्भीर रूपमा शंकास्पद' भन्दै यसले 'अपूरणीय क्षति' पुऱ्याउने ठहर गरेका छन्। सर्वोच्च अदालतले जुनको अन्त्यतिर ट्रम्प प्रशासनलाई अवैध आप्रवासीका सन्तानलाई नागरिकता नदिने छुट दिएको थियो। तर, त्यो छुट ती स्थानमा मात्रै लागू हुने भनिएको थियो, जहाँ कसैले यसविरुद्ध मुद्दा हालेका थिएनन्, यसमा मिड-अटलान्टिक, मध्य-पश्चिम र दक्षिणी क्षेत्रका धेरै राज्य पर्छन्।

ट्रम्पको आदेशअनुसार अब अमेरिकामा जन्मिए पनि त्यस्ता बालबालिकालाई नागरिकता दिइनेछैन, जसका आमाबुबामध्ये कम्तीमा एकजना पनि अमेरिकी नागरिक वा स्थायी बासिन्दा (ग्रिन कार्डधारी) छैनन्। यसले विद्यार्थी, कामदार, पर्यटक र अन्य अस्थायी भिसामा रहेका व्यक्तिका सन्तानलाई पनि नागरिकताबाट वञ्चित गर्छ। हाल जारी गरिएको निषेधाज्ञा सात दिनका लागि स्थगनमा राखिएको छ, ताकि ट्रम्प प्रशासनले अपिल गर्न समय पाओस्। सर्वोच्च अदालतको पछिल्लो निर्णयले तल्लो अदालतलाई यस्ता आदेशविरुद्ध सार्वभौम निषेधाज्ञा जारी गर्न सक्ने अधिकार सीमित बनाएको थियो। तर, लाप्लान्तेले अदालतले देखाएको विकल्प प्रयोग गर्दै यस मुद्दालाई सामूहिक मुद्दाका रूपमा अघि बढाए र त्यसकै आधारमा राष्ट्रव्यापी निषेधाज्ञा जारी गर्न सफल भए।

सर्वोच्च अदालतले ट्रम्पविरुद्ध कासा मुद्दामा भनेको छ, एउटै कानुनी आदेशबाट समान असर भोग्नेहरूलाई समेट्ने वर्गगत मुद्दा दायर गरेमा पीडितले अझै पनि व्यापक राहत पाउन सक्छन्। त्यही दिन न्यु ह्याम्पसायरमा मुद्दा दायर गरियो, जसले २० फेब्रुअरी २०२५ पछिका शिशु र तिनका (वा हुनेवाला) आमाबुबालाई समेट्छ। अदालतले यसलाई सामूहिक मुद्दा मान्न स्वीकृति दियो।

यदि माथिल्लो अदालतले निषेधाज्ञा खारेज गऱ्यो र अर्को कुनै आदेश जारी भएन भने ट्रम्पको आदेश ती राज्यमा लागू हुनेछ, जहाँ हालसम्म यसविरुद्ध मुद्दा चलेको छैन। त्यस्तो अवस्थामा २८ राज्यमा आदेश कार्यान्वयन हुने सम्भावना छ। हामी राजनीतिशास्त्री यदि आदेश खण्ड-खण्डमा लागू गरियो भने नागरिकता स्थिति निर्धारणमा गम्भीर अराजकता सिर्जना हुनेमा विश्वास गर्छौं। र, सन् १८६० यता पहिलोपटक अमेरिकामा जन्मिएका केही शिशु नागरिकताविहीन हुने जोखिममा पर्न सक्छन्। अमेरिकामा जन्मिएका अधिकांश शिशुले जन्मिएको राज्यबाट जन्म प्रमाणपत्र पाउँछन्। संघीय सरकारले तय गरेको जन्मदर्ता फारमले आमाबुबाको जन्मस्थान र सामाजिक सुरक्षा नम्बर संकलन गर्छ तर नागरिकता वा आप्रवासन स्थिति भने सोध्दैन। र, जन्म प्रमाणपत्रको ढाँचाका लागि कुनै पनि राष्ट्रव्यापी मापदण्ड छैन। परम्परागत रूपमा जन्म प्रमाणपत्र नागरिकता पुष्टि गर्ने सबैभन्दा सजिलो माध्यम रहँदै आएको छ। तर, ट्रम्पको आदेश लागू भएमा अस्पतालले दिएको प्रमाणपत्र मात्रै नागरिकताको प्रमाणका रूपमा स्वीकार नहुन सक्छ। अब नागरिकता प्रमाणित गर्न आमाबुबाको स्थिति छुट्टै प्रमाणित गर्नुपर्नेछ। राज्यहरूले जन्म प्रमाणपत्र जारी गर्ने प्रक्रिया नियन्त्रण गर्ने भएकाले तिनीहरूको प्रतिक्रिया फरक-फरक हुने निश्चित छ। केही राज्यहरूले यो आदेशको विरोध गर्दै २१ जनवरी २०२५मै मुद्दा दायर गरेका थिए र अब उनीहरूले कार्यान्वयन रोक्न ढिला गर्न वा जटिल बनाउने रणनीति अपनाउने सम्भावना छ।





तस्बिर : रोयटर्स

यद्यपि सर्वोच्च अदालतले ती राज्यसँग यस्तो चुनौती दिन कानुनी अधिकार छ कि छैन भन्ने अझै स्पष्ट पारेको छैन। मुद्दा सफल भयो भने केही राज्य वा डिस्ट्रिक्ट अफ कोलम्बियामा कार्यान्वयन रोकन सकिनेछ। तर, वकिलहरूले राज्यअनुसार फरक असर छुट्याउन गाह्रो हुने देखाए भने राष्ट्रव्यापी रूपमा रोक लाग्ने सम्भावना पनि छ। उता केही राज्यले ट्रम्प प्रशासनसँग सहकार्य गर्दै शिशुहरूलाई नागरिकता नदिन सक्रिय भूमिका खेल्न सक्छन्। उदाहरणका लागि टेक्ससले पहिले नै अवैध आप्रवासीका लागि आफ्ना शिशुको जन्म प्रमाणपत्र पाउन गाह्रो बनाएको देखिन्छ।

सर्वोच्च अदालतले कार्यकारी आदेशलाई राष्ट्रव्यापी रूपमा रोक्ने प्रयासलाई पुनः अस्वीकार गऱ्यो भने यसको कार्यान्वयन झनै जटिल हुनेछ। त्यो आदेश केही राज्य र व्यक्तिमा लागू हुनेछ भने अन्यत्र रोकिएको हुनेछ। जसका कारण एउटै अस्पतालमा जन्मिएका दुई शिशु एक मुद्दा जितेका पक्षमा पर्न सक्ने र अर्को नपर्न सक्ने फरक नागरिकता अधिकार पाउनेछन्। कार्यान्वयन सुरु हुनुको केही दिनअघि जन्मिएका शिशुको अधिकार सोही अस्पतालमा केही दिनपछि जन्मिएका शिशुको भन्दा फरक हुनेछ।

शिशुहरूलाई नागरिकता दिने वा नदिने निर्णयमा आमाबुबाको जातीयता र उत्पत्ति देशको प्रभाव पर्नेछ। ल्याटिनो समुदाय सीमावर्ती क्षेत्रमा बच्चा जन्माउने महिला वा फ्लोरिडाजस्ता राज्यमा जन्म दिने महिला बढी निगरानीमा पर्नेछन्, जहाँ अधिकारीहरू आदेश लागू गर्न उत्साहित देखिन्छन्। यसको परिणाम निकै गम्भीर हुन सक्छ। केही शिशु राज्यविहीन अर्थात् कुनै देशका नागरिक नभएका बन्न सक्छन्। धेरैले सरकारी सुविधा सामाजिक सुरक्षा नम्बर वा कानुनी रूपमा काम गर्ने अधिकार गुमाउनेछन्। र, अझै यो आदेश संविधानअनुकूल छ वा छैन भन्ने विषय टुंगो लागेको छैन। त्यसैले केही शिशु आधुनिक अमेरिकी इतिहासमा पहिलोपटक औपचारिक रूपमा नागरिकताबाट वञ्चित हुने सम्भावना देखिन्छ।

*(नोभकोभ अलबानी विश्वविद्यालयकी राजनीतिशास्त्र एवं लैंगिक अध्ययनकी प्राध्यापक हुन् भने न्याकेनोफ स्वार्थमोर कलेजकी राजनीतिशास्त्रकी इमिरेट्स प्राध्यापक हुन्)*
*द कन्भर्सेसनबाट*

# गाजाको मामिलामा पूर्वाग्रही छन् पश्चिमा सञ्चारमाध्यम

## गाजामा जे भएको छ, त्यो ठुलो दुर्लभ मानवीय विपत्ति हो, जसको निरन्तर र स्पष्ट छानबिनको आवश्यकता छ



● हावार्ड डब्लु फ्रेन्च

*हावार्ड विदेश नीतिका स्तम्भकार र कोलम्बिया विश्वविद्यालयमा पत्रकारिताका प्राध्यापक हुन् ।*

गाजाका मानवीय विपत्तिलाई पश्चिमी प्रेसले प्रायः कम महत्त्व दिन्छ । इजरायलले २१ महिनाको संकटमा अन्तर्राष्ट्रिय पत्रकारहरूलाई गाजामा पहुँच दिन सावधानी अपनाएको छ, ताकि त्यहाँ भएको विनाशको कभरेज सीमित होस् र घटनाहरूको स्वतन्त्र विवरण रोक्न सकियोस् । यो कुनै क्षम्य विषय होइन, तथापि पश्चिमी मिडियाले यो मानवीय विपत्तिलाई कम महत्त्व दिएका छन् ।

गत साता मैले सुनेको पहिलो समाचारमध्ये एक थियो, गाजामा इजरायलले अर्को रक्तपातपूर्ण हवाई आक्रमण गऱ्यो, दर्जनौं प्यालेस्टिनीको मृत्यु । मैले यो समाचार बिबिसीको बिहानी सेवाको रिपोर्टमा सुनें । दिन सुरु भएपछि थप विवरण खोज्न एउटा नोट नै बनाएँ । त्यसपछि एकपटक जुरुक्क उठें । मैले प्रमुख अमेरिकी अखबार र ब्रिटिस प्रेसबाट केही समाचार पढ्नुअघि अन्य दिनमा झैं नेसनल पब्लिक रेडियो सुनें ।

बिबिसीबाहेक कुनै पनि माध्यममा मृत्यु हुने प्यालेस्टिनीको संख्या खासै उल्लेख गरिएको थिएन । बिबिसी रेडियोले गाजाको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै अक्टोबर ७, २०२३ मा हमासको घातक हमलापछि इजरायली आक्रमणमा मृत्यु हुनेको संख्या ५७ हजारभन्दा बढी पुगेको उल्लेख गरेर प्रसारणको नेतृत्व गऱ्यो ।

उक्त दिन मैले पढेका गाजासम्बन्धी लगभग सबै अमेरिकी समाचार विवरण यसै साताको सुरुमा कतारमा हुने इजरायल-हमासबिचको अप्रत्यक्ष कूटनीतिको नयाँ चरणको सम्भावनामा केन्द्रित थिए ।

एक पत्रकार र पत्रकारिताको प्राध्यापकको हैसियतमा म केही समयदेखि पश्चिमी प्रेसको असंगत र प्रायः तुच्छ ध्यानप्रति चिन्तित छु, जुन इजरायलले गाजामा गरेको आश्चर्यजनक विनाशमा केन्द्रित छ । यो मुख्यतया ज्यान गुमाउने कुरा हो । तर, यसमा प्यालेस्टिनी समुदायको भौतिक विनाश, व्यापक भोकमरी र रोग पनि समावेश छ ।

आजको व्यस्त र अराजक संसारमा जानकारीमा रहन चाहने व्यक्तिको ध्यानको मागले लगभग सबैको क्षमतालाई उछिनेको छ । यद्यपि, गाजामा जे भएको छ, त्यो ठुलो गम्भीरता मात्र होइन, बरु दुर्लभ मानवीय र नैतिक विपत्ति हो, जसको निरन्तर र स्पष्ट छानबिनको आवश्यकता पर्छ ।

यस संकटको गम्भीरता गाजामा इजरायलको अभियानको सुरुवातदेखि नै स्पष्ट छ । यसको प्रारम्भिक चरणमा इजरायली सेनाले अस्पतालमा आक्रमण गऱ्यो, जसलाई धेरै विश्लेषकले जेनेभा महासन्धिको स्पष्ट उल्लंघनको रूपमा लिएका थिए । एकपछि अर्को आक्रमणले गाजाका अस्पताललाई ध्वस्त पारे । ती अस्पताललाई हमास लडाकुलाई कथित आश्रय दिन प्रयोग गरिएको इजरायली दाबी छ । आक्रमणका कारण बिरामी र घाइतेको उपचार गर्ने क्षमतामा ह्रास आएको छ ।

त्यसपछि इजरायलीले प्यालेस्टिनीलाई जबर्जस्ती स्थानान्तरण गर्ने अभियान चलाए, सहरहरू खाली गरे र हतास बासिन्दालाई गाजाको एक भागबाट अर्को भागमा र फेरि पुनः पहिलेको स्थानमा फर्काए । यसैबिच अन्तर्राष्ट्रिय राहत समूह र मानव अधिकार संगठनले गाजामा खाना र अन्य मानवीय आपूर्तिको प्रवाहमा बाधा पुऱ्याएकोमा इजरायलीको आलोचना गरे । तर, इजरायली अधिकारीले हमासलाई हतियार तस्करी हुनबाट रोक्न कडा निरीक्षण आवश्यक भएको भन्दै आफ्नो देशको सरकारले चालेको कदमको बचाउ गरे । मानवीय एजेन्सीहरूले भोकमरीको संकटको



चेतावनी दिँदा इजरायलले गाजामा खाद्यान्न आपूर्तिमा कुनै पनि कमी नआएको दाबी गर्दै राष्ट्र संघअन्तर्गतका समूह र अन्य राहत संस्था दोषी रहेको र सम्भवतः हमाससँग मिलेर काम गरिरहेको संकेत गऱ्यो ।

संकटको हालैको चरणमा इजरायलले यस वर्ष गाजामा लगभग सबै मानवीय आपूर्ति काटिदियो, जसले गर्दा यो क्षेत्र लगभग पूर्ण नाकाबन्दीमा पऱ्यो । दुई महिनाभन्दा बढी समयपछि इजरायलले सहायता पुनः सुरु गर्न अनुमति दियो । तर, यस्तो अनुमति केबल निजी सुरक्षा ठेकेदारसँग काम गर्ने इजरायली र अमेरिकाले अनुमोदन गरेको गाजा मानवीय फाउन्डेसनमार्फत दिइयो, जुन राहत वितरणका लागि खासै भरपर्दो मानिँदैन ।

संयुक्त राष्ट्र संघ, विभिन्न अनुभवी राहत संस्था र मानव अधिकार समूहहरूले यो निर्णयको आलोचना गरे । त्यसपछिको घटना अझ भयावह छ । हालैका साताभा चिन्ताजनक रूपमा यी सहायता वितरण केन्द्रमा पुग्ने वा लाइनमा उभिने क्रममा भोकमरीको सामना गरिरहेका प्यालेस्टिनीलाई बारम्बार गोली हानेर मारिएको छ । गत हप्तासम्म यस्ता राहत स्थलमा भएका हिंसाबाट मृत्यु हुनेको संख्या पाँच सय नाघेको र हजारौं घाइते भएका थिए ।

इजरायली सेनाले गाजामा अन्य गैरसैन्य निसानामा भएका अर्थहीन आक्रमणमा प्यालेस्टिनीलाई मारेको छ, जसमा गत हप्ता कफी पसलमा भएको हमला पनि समावेश छ । उक्त हमलामा कम्तीमा ३० जनाको मृत्यु भयो । यो अवस्था सामान्य कुरा होइन । जुनको अन्त्यतिर कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रमा मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघका विशेष प्रतिवेदक फ्रान्सेस्का अल्बानिजले गाजामा भएका अत्याचारको कठोर शब्दमा निन्दा गरे ।

हो, गाजामा अहिले भएका हिंसाको प्रकोपको पछाडि अनैतिकता पनि स्पष्ट छ । हमासले इजरायलमा एक हिंस्रक हमला सुरु गरेर यो संकटलाई उक्सायो । उक्त आक्रमणमा करिब एक हजार दुई सयजनाको मृत्यु भयो, जसमा दर्जनौं बालबालिका पनि थिए । त्यस्तै, थप २५१ जनालाई बन्धक बनाइएको थियो, जसमध्ये धेरैको मृत्यु भइसकेको छ । यद्यपि, यस त्रासदीपछि जे भयो, त्यो अझ स्पष्ट रूपमा इजरायलले गाजाको सम्पूर्ण जनसंख्यालाई हमासको अपराधका लागि सामूहिक रूपमा दोषी ठहऱ्याउने वास्तविक अभियानजस्तै भएको छ ।

२०औं शताब्दीले दुई विश्वयुद्ध र ठुलो मात्रामा रक्तपातका अनगिन्ती उदाहरणसहित ठुलो त्रास देख्यो । यद्यपि, त्यस समयमा मानव सभ्यता पनि अगाडि बढेको देखिन्थ्यो ।

गाजाको संकट चर्चा गरिरहँदा विश्वका अन्य स्थानका युद्धको प्रसंग पनि आउँछ । युक्रेनमा रुसी युद्ध, सहर र नागरिक जनसंख्यालाई बारम्बार लक्षित गर्नु, युद्धमा राष्ट्रहरूलाई न्यूनतम मापदण्डका लागि जिम्मेवार बनाउनु विश्वको असफलताको अर्को उदाहरण हो । दैनिक बर्बरताका अन्य उदाहरण प्रशस्त छन्, जस्तै- सुडानमा चलिरहेको गृहयुद्ध, जहाँ प्रतिद्वन्द्वी पक्षले नागरिकमाथि असंख्य अत्याचार गरेका छन् ।

मध्यपूर्वमा सुरक्षा कायम गर्न देशको अभियान (जसमा हालै इरानसँगको युद्ध पनि समावेश छ) दशकौंदेखि पश्चिमी समाचार कभरेजको मुख्य विषय बनेको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको ह्वाइट हाउस भ्रमणको व्यापक कभरेजले प्रमाणित गरेझैं संयुक्त राज्य अमेरिकासँग यसको सम्बन्ध पनि त्यस्तै छ । इजरायलको घरेलु राजनीतिले पनि अमेरिकी मिडियामा कभरेज पाउँछ ।

यद्यपि, गाजा मलाई त्यस्तो ठाउँजस्तो लाग्छ, जहाँ प्रेसले प्रायः आफ्नो आँखा चिम्लिन्छ वा भइरहेको मानवीय विपत्तिलाई कम महत्त्व दिन्छ । इजरायलले २१ महिनाको संकटमा अन्तर्राष्ट्रिय पत्रकारहरूलाई गाजामा पहुँच दिन सावधानी अपनाएको छ, ताकि त्यहाँ भएको विनाशको कभरेज सीमित होस् र घटनाहरूको स्वतन्त्र विवरण रोक्न सकियोस् । यो कुनै क्षम्य विषय होइन, तथापि पश्चिमी मिडियाले यो मानवीय विपत्तिलाई कम महत्त्व दिएका छन् ।

यसैबिच, इजरायली सरकारले आफ्नो अभियानलाई जारी राखेको छ । गाजा संकटको सुरुमा अमेरिकी अधिकारी र नीति-निर्माता (इजरायलका समर्थकसहित)ले नेतन्याहुले आफ्नो राजनीतिक करियरलाई बलियो बनाउन गाजामा द्वन्द्वलाई निरन्तरता दिइरहेका थिए भन्ने सुझाव दिएका थिए र युद्धको अन्त्यका लागि योजना नभएकोमा उनको आलोचना गरेका थिए ।

यद्यपि, ट्रम्प प्रशासनअन्तर्गत यस्ता आपत्तिका आवाज मधुरो बनेका छन् । त्यसको स्थानमा प्यालेस्टिनीविनाको गाजालाई आह्वान गर्ने आवाज अगाडि आएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्प आफैंले यस क्षेत्रलाई आकर्षक समुद्र किनारको घरजग्गामा परिणत गर्नेबारे बोलेका छन् । एक प्रमुख परामर्श समूहले गाजाबाट स्थानान्तरण गर्न प्यालेस्टिनीलाई प्रतिव्यक्ति नौ हजार डलर तिर्न सक्ने सम्भावनाबारे अध्ययन गरेको गतसाता फाइनान्सियल टाइम्सले रिपोर्ट गरेको थियो ।

यसैबिच पश्चिम किनारमा हालैका हप्तामा प्यालेस्टिनी गाउँमा यहुदी बसोवास गर्नेमाथि आक्रमण बढेको छ । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंले मे महिनामा प्यालेस्टिनी राज्यलाई मान्यता दिनु 'नैतिक कर्तव्य' हो भनेपछि इजरायली रक्षामन्त्री इजरायल काट्जले भने, 'तिनीहरूले कागजमा प्यालेस्टिनी राज्यलाई मान्यता दिनेछन् र हामी स्थलबाट यहुदी-इजरायली राज्य निर्माण गर्नेछौं । त्यो कागज इतिहासको रद्दीको टोकरीमा फ्याँकिनेछ, र इजरायल राज्य समृद्ध हुनेछ ।'

यस्ता शब्दका पछाडि अपराध र भ्रम दुवै लुकेका छन् । गाजा र वेस्ट बैंकको जमिनबाट प्यालेस्टिनीलाई हिंसात्मक रूपमा हटाउनु गैरकानुनी हो । यस आधारमा इजरायलले सुरक्षित र स्वस्थ भविष्य निर्माण गर्न सक्छ भन्ने सोच्नु एक भयानक कल्पना हो । इजरायललाई मद्दत गर्ने उत्तम तरिका भनेको प्यालेस्टिनीलाई मद्दत गर्ने तरिका पनि हो । र, त्यो भनेको मानव अधिकारलाई प्रवर्द्धन गर्ने र मानवजीवन र मर्यादाको अपमानको निन्दा गर्ने मापदण्डमा राख्नु हो ।

*फरेन पोलिसीबाट*

# यमनद्वारा केरलाकी नर्सको मृत्युदण्ड स्थगित

**नयाँदिल्ली** / यमनी अधिकारीले जुलाई १६ लाई तय गरिएको भारतीय नागरिक निमिषा प्रियाको मृत्युदण्डलाई पछि सारेका छन् । केरलाको पलक्कड जिल्लाकी स्थायी निवासी र पेसाले नर्स रहेकी निमिषा प्रियामाथि आफ्नो यमनी व्यापारिक साझेदारको हत्या गरेको आरोप छ । साझेदार तलाल अब्दो महदीको हत्याका लागि उनलाई मृत्युदण्डको सजाय दिइएको थियो ।

यमनमा विदेशी नागरिकले क्लिनिक खोल्नका लागि त्यहाँको नागरिकसँग अनिवार्य साझेदारी गर्नुपर्ने हुन्छ । निमिषाले काम गर्ने क्रममा महदीबाट आफूले यातना, आर्थिक शोषण र धम्की दिएको आरोप लगाएकी छिन् । साथै महदीले उनीसँग विवाह भएको भन्ने झुटो कागजात बनाएको पनि दाबी गरेकी छन् ।

निमिषा प्रियालाई यमनको राजधानी सानाको जेलमा सन् २०२० मा मृत्युदण्डको सजाय सुनाइएको थियो ।



सन् २०२३ मा दिइएको उनको अन्तिम अपिल अदालतले खारेज गरेको थियो । 'मुद्दाको सुरुवातदेखि नै यस विषयमा सबै सम्भावित सहयोग प्रदान गर्दै आएको भारत सरकारले हालैका दिनमा निमिषा प्रियाको परिवारलाई अर्को पक्षसँग परिवारलाई सहमतिपूर्ण समाधानमा पुग्न सघाइरहेको छ,' स्रोतलाई उल्लेख गर्दै भारतीय मिडियाले लेखेका छन् ।

स्रोतहरूका अनुसार भारतीय अधिकारीले 'घटनाको संवेदनशीलताको बाबजुद' सजायँ स्थगन गराउन सकेको बताए । यस क्रममा भारतीय अधिकारीले त्यहाँको जेल अधिकारी र अभियोजकको कार्यालयसँग नियमित सम्पर्कमा रहेको पनि स्रोतले बताए । जबकि, भारतले गृहयुद्धका क्रममा यमनको उत्तर-पश्चिम तथा सानासहित धेरैजसो भागमा नियन्त्रण कायम गरेको हुथी शासनलाई मान्यता दिँदैन ।

भारतका महान्यायाधिवक्ता आर बेंकटरमणिले निमिषा प्रियाको जीवनरक्षाका लागि भारत सरकारले हरसम्भव प्रयास गरिरहेको बताएका छन् । उता, केरलाका मुख्यमन्त्री पिनारायी विजयनले पनि निमिषा प्रियाको रिहाइ सुनिश्चित गर्ने केन्द्र सरकारद्वारा लिइएका प्रयासलाई समर्थन गरेका छन् । यस सम्बन्धमा उनले प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्रसमेत लेखेका छन् ।

# ट्रम्पले मस्को आक्रमणमा कुरा फेरे

**वासिंटन डिसी** / मंगलबार संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले पहिले युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीलाई लामो दूरीको हतियार प्रदान गरेमा मस्कोमाथि आक्रमण गर्न सकिन्छ कि भनेर सोधेको समाचार बाहिरियो । तर, सो समाचार बाहिरिएको केही घण्टाभित्रै ट्रम्पले मस्कोलाई लक्षित गर्न नहुने सुझाब दिएका छन् ।

'द फाइनान्सियल टाइम्स'ले मंगलबार अमेरिकी राष्ट्रपतिले जुलाई ४ मा जेलेन्स्कीसँग भएको फोनवार्तामा रुसको भित्रसम्म आक्रमण गर्न प्रोत्साहित गरेको समाचार प्रकाशित गरेको थियो । सो खबर छापिएको केहीपछि नै ट्रम्पले आक्रमण नगर्न सार्वजनिक टिप्पणी गरेका छन् । द फाइनान्सियन टाइम्सले फोनवार्ताबारे जानकार दुई नाम नखुलाइएका स्रोतलाई उद्धृत गर्दै लेखेको समाचारमा 'ट्रम्पले आफ्ना युक्रेनी समकक्षीलाई पर्याप्त दूरीको हतियार प्रदान गरेमा मस्को र सेन्ट पिटर्सबर्गमा आक्रमण गर्न सक्छन् कि सक्दैनन्' भनेर सोधेका थिए ।

तर, मंगलबार जेलेन्स्कीले मस्कोलाई लक्षित गर्नुहुन्छ कि हुँदैन भनेर पत्रकारले गरेको प्रश्नमा ट्रम्पले त्यस्तो कदम चाल्न नहुने बताए । ट्रम्पले पत्रकारलाई 'किभलाई लामो दूरीको क्षेप्यास्त्र प्रदान गर्नेबारे' नसोचेको बताए । ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले मिडिया आउटलेटलाई प्रदान गरिएको एक विज्ञप्तिमा फोनवार्तामा मस्कोमाथि मिसाइल हान्ने विषय उठेको पुष्टि गरेकी छन् ।

'राष्ट्रपति ट्रम्पले प्रश्न मात्र सोधेका थिए, आक्रमणका लागि प्रोत्साहन गरेका थिएनन्,' लेभिटले एबिसी न्युज र युएसए टुडेलगायत आउटलेटलाई प्रदान गरिएको विज्ञप्तिमा भनिएको छ । युद्धमा आफ्नो अडानमा परिवर्तन गर्दै ट्रम्पले सोमबार युक्रेनलाई थप हतियार आपूर्ति गर्ने बताएका थिए । त्यस क्रममा ट्रम्पले ५० दिनभित्र शान्ति सम्झौता नभएमा रुससँग व्यापार गर्ने साझेदारमाथि समेत भारी सहायक कर लगाउने धम्की दिए ।

# संसारमा बहुपक्षीयताको छैन विकल्प

सन् २०२५, विश्वको साझा संगठन संयुक्त राष्ट्र संघ अस्तित्वमा आएको आठ दशक भएको उत्सवको समय हुनुपर्छ । तर, इतिहासमा सन् १९४५ (राष्ट्र संघ स्थापना भएको वर्ष) स्थापित अन्तर्राष्ट्रिय व्यवस्था ध्वस्त भएको वर्षको रूपमा जाने जोखिम पनि छ । दरार धेरै पहिलेदेखि देखिन थालेका थिए । इराक र अफगानिस्तानमा भएका हमला, लिबियामा हस्तक्षेप र युक्रेनमा युद्धपछि सुरक्षा परिषद्का केही स्थायी सदस्यले बलको अवैध प्रयोगलाई तुच्छ ठानेका छन् । गाजामा भएको नरसंहार रोक्न चुकेको असफलताले मानवताको सबैभन्दा आधारभूत मूल्यको अस्वीकारलाई प्रतिनिधित्व गर्छ । मतभेदको सामना गर्न देखिएको असमर्थताले मध्यपूर्वमा हिंसाको नयाँ वृद्धिलाई बढावा दिइरहेको छ, जसको पछिल्लो अध्यायमा इरानमाथिको आक्रमण समावेश छ । तत्कालका लागि मध्यपूर्वको यस महत्त्वपूर्ण देशमाथिको हमला टरेको भए पनि तनाव बढ्दो छ ।



सबैभन्दा बलियो कानुनले बहुपक्षीय व्यापार प्रणालीलाई पनि जोखिममा पार्छ । निश्चय पनि व्यापक शुल्क वृद्धिले मूल्य शृंखलालाई विघटन गर्छ र विश्वव्यापी अर्थतन्त्रलाई उच्च मूल्य र निष्क्रियताको जञ्जालमा धकेल्छ । विश्व व्यापार संगठन (डब्लुटिओ) खोक्रो साबित भएको छ, र दोहा डेभलपमेन्ट राउन्ड (डब्लुटिओद्वारा नोभेम्बर २००१ मा सुरु गरिएको व्यापार वार्ताको एक शृंखला, जसको लक्ष्य व्यापार अवरोध कम गर्नु र अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा सुधार गर्नु हो) लाई कसैले सम्झँदैन । सन् २००८ को वित्तीय पतनले नवउदारवादी विश्वव्यापीकरणको असफलतालाई उजागर गऱ्यो, तर संसार चरम कठोरताको रणनीतिमा फस्यो । साधारण नागरिक र साना व्यवसायको खर्चमा अति धनी र ठुला निगमलाई उद्धार गर्ने छनोटले असमानतालाई गहिरो बनाएको छ । विगत दश वर्षमा विश्वका सबैभन्दा धनी (एक प्रतिशत)ले जम्मा गरेको ३३.९ ट्रिलियन डलर विश्वव्यापी गरिबी उन्मूलन गर्न आवश्यक पर्ने स्रोतको २२ गुणाबराबर हो ।

राज्यको कार्यक्षमतामा रहेको दमनले संस्थामाथि जनताको अविश्वास बढाएको छ । लोकतन्त्रलाई खतरामा पार्ने र राजनीतिक परियोजनाको रूपमा घृणालाई प्रवर्द्धन गर्ने अतिवादी कथाका लागि असन्तुष्टि उर्वर भूमि बनेको छ । धेरै देशले सन् २०३० सम्ममा दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने प्रयासलाई दोब्बर पार्नुको सट्टा सहयोग कार्यक्रम कटौती गरेका छन् । उपलब्ध स्रोत अपर्याप्त छन्, लागत उच्च छ, पहुँच सहज

हिंसा र दुःखले घेरिएको शान्ति र समृद्धिका टापु जोगाउन संसारका कुनै पनि पर्खाल पर्याप्त अग्ला छैन । आजको संसार १९४५ को भन्दा धेरै फरक छ । नयाँ शक्ति र चुनौती खडा भएका छन् । यदि अन्तर्राष्ट्रिय संस्था प्रभावहीन देखिन्छन् भने तिनीहरूको संरचनाले अब वर्तमान वास्तविकतालाई प्रतिबिम्बित गर्दैन ।



● लुला दा सिल्भा

*लेखक ब्राजिलका राष्ट्रपति हुन् ।*

छैन र लगाइएका सर्त प्रायः स्थानीय वास्तविकतालाई सम्मान गर्न असफल हुन्छन् । यो परोपकारको बारेमा होइन, तर ल्याटिन अमेरिका र क्यारिबियन, अफ्रिका र एसियाका जनताविरुद्ध शताब्दीयौंदेखिको शोषण, हस्तक्षेप र हिंसामा जरा गाडेको असमानतालाई सम्बोधन गर्नेबारे हो । एक सय ट्रिलियन डलरभन्दा बढीको संयुक्त जिडिपी भएको संसारमा ७० करोडभन्दा बढी मानिस अझै पनि भोकमरीबाट पीडित हुनु र विद्युत् वा पानीविना बाँच्नु अस्वीकार्य छ ।

बढ्दो ध्रुवीकरणको समयमा डिग्लोबलाइजेसनजस्ता शब्द सामान्य भइसकेका छन् । तर, हाम्रो साझा अस्तित्वलाई डिप्लानेटाइज (आकाशीय वस्तुको प्लानेट स्टाटस अर्थात् ग्रह स्थिति हटाउने) गर्न असम्भव छ । हिंसा र दुःखले घेरिएको शान्ति र समृद्धिका टापु जोगाउन कुनै पनि पर्खाल पर्याप्त अग्लो छैन । आजको संसार १९४५ को भन्दा धेरै फरक छ । नयाँ शक्ति चुनौती देखा परेका छन् । यदि अन्तर्राष्ट्रिय संस्था प्रभावहीन देखिन्छन् भने तिनीहरूको संरचनाले अब वर्तमान वास्तविकतालाई प्रतिबिम्बित गर्दैन । सामूहिक नेतृत्वको अभावले एकतर्फी र बहिष्करणकारी कार्य बिग्रिएका छन् । बहुपक्षीय संकटको समाधान यसलाई त्याग्नु होइन, तर यसलाई निष्पक्ष र थप समावेशी जगमा पुनर्निर्माण गर्नु हो । ब्राजिलले गत वर्ष आफ्नो जी २० अध्यक्षताको समयमा राम्रो समझधारी प्रदर्शन गरेको थियो । र, यस वर्ष ब्रिक्स र कोप ३० मा पनि अध्यक्षतामार्फत उसले प्रतिकूल परिदृश्यमा पनि साझा आधार खोज्न सम्भव छ भनेर पुष्टि गरेको छ ।

कूटनीतिमा पुनः प्रतिबद्ध हुनु र वास्तविक बहुपक्षीयताको जग पुनर्निर्माण गर्नु तत्काल आवश्यक छ, जो आफ्नो भविष्यका लागि डराएको मानवताको आक्रोशको जवाफ दिन सक्षम हुनेछ । तब मात्र हामी असमानताको वृद्धि, युद्धको अर्थहीनता र हाम्रो आफ्नै ग्रहको विनाशलाई रोक्न सक्छौं ।

*-चाइना डेलीबाट*

## इतिहासमा आज

जुलाई १७



अफगानिस्तानका पहिलो राष्ट्रपति मोहम्मद दाउद खानको तस्बिरसहित सेना ।

सन् १९७३ : अफगानिस्तानका राजा मोहम्मद जाहिर शाह उपचारका लागि इटलीमा गएका वेला पूर्वप्रधानमन्त्री तथा राजाका भाइ पर्ने मोहम्मद दाउद खानले सेनाभित्रको वामपन्थी समूहको साथ लिएर शक्ति हातमा लिए र देशमा राजतन्त्र उन्मूलन भएको घोषणा गरे । जाहिर शाहले इटलीबाटै राज्य त्याग गरेसँगै देश औपचारिक रूपमा गणतन्त्र बनेको थियो ।

**सन् १७६२** : क्याथरिन द्वितीयले (जो पछि क्याथरिन महान् भनेर चिनिइन्) आफ्ना श्रीमान् जार पिटर तृतीयलाई थुनेर आफूलाई सम्राज्ञी घोषणा गरिन् । जार पिटरको तृतीयको कारबासमै रहस्य रूपमा निधन भयो ।

**सन् १९३६** : स्पेनमा भएको निर्वाचनमा वामपन्थी समूहको सरकार गठन भएपछि दक्षिणपन्थी जनरलद्वय फ्रान्सिस्को फ्रान्को र इमिलियो मोराले विद्रोहको घोषणा गरे । देश तीन वर्ष लामो गृहयुद्धमा फस्यो, जसमा दक्षिणपन्थीको जित भएको थियो ।

**सन् १९६८** : जनरल अहमद हस्सन अल-बकरको नेतृत्वमा इराकमा भएको रक्तपातविहीन कुमा राष्ट्रपति अब्दुल रहमान आरिफ सत्ताच्युत गरेर वाथ पार्टी सत्तामा आयो ।

**सन् १९७६** : इन्डोनेसियाका राष्ट्रपति सुहार्तोले पोर्चुगलको उपनिवेश रहेको छिमेकी पूर्वीटिमोर कब्जामा लिएर देशमा गाभे । पूर्वीटिमोर आफैं पोर्चुगलको औपनिवेशिक शासनबाट स्वतन्त्र हुन आन्दोलन गरिरहँदा इन्डोनेसियाले कब्जा गरेको थियो ।

**सन् १९९२** : स्लोभाक संसद्ले स्वतन्त्र स्लोभाकिया बन्ने घोषणा गऱ्यो । त्यसपछि सुरु भएको लामो छलफलपछि स्लोभाकिया चेकोस्लोभाकियाबाट शान्तिपूर्वक जनवरी १, १९९३ मा औपचारिक रूपमा अलग देश बन्यो ।

सन् २०१४ : पूर्वीयुक्रेनमा सक्रिय रुस समर्थित पृथक्तावादी समूहले हानेको मिसाइलले मलेसिया एयरलायन्सको फ्लायट १७ मा लाग्दा विमानमा सवार २९८ जनाको ज्यान गयो ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १ साउन ०८२

# अर्थतन्त्रमा उच्च योगदान पुऱ्याउने ३० व्यवसायीलाई सिआइपी अवार्ड

## धेरै निर्यात गर्ने महिला निर्यातकर्ता रइसा टिवडेवाललाई पनि अवार्ड



**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

सरकारले उद्योग-व्यवसायमार्फत राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याएबापत ३० जना व्यवसायीलाई 'महत्त्वपूर्ण व्यावसायिक व्यक्ति' अर्थात् (सिआइपी) सम्मान तथा सुशोभन प्रदान गरेको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आयोजना र नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा बुधबार काठमाडौंमा भएको विशेष कार्यक्रममा विभिन्न विधाका ३० जना व्यवसायी तथा प्रतिष्ठानलाई सिआइपी सम्मान प्रदान गरिएको हो।

सरकारले ०७६ यता हरेक दुई वर्षमा व्यवसायीहरूलाई यस्तो सम्मान प्रदान गर्दै आएको छ। विगतमा २५ जनालाई यस्तो सम्मान गरिएकोमा यसपालि स्टार्टअपलाई समेत समावेश गरेर ३० जनालाई सिआइपी सम्मान गरिएको छ।

व्यवसायीका प्रतिनिधिमूलक संस्थातर्फ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल र नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल रहेका छन्।

यस्तै, नेपाल हस्तकला महासंघका अध्यक्ष रवीन्द्र शाक्य, निर्यात व्यवसायी महासंघ नेपालका अध्यक्ष गोविन्दप्रसाद घिमिरे, नेपाल छुर्पी व्यवसायी संघका अध्यक्ष रेशमबहादुर पोखरेल, नेपाल गलैँचा उत्पादक तथा निकासीकर्ता संघका अध्यक्ष बलराम गुरुङ, नेपाल तयारी पोसाक उद्योग संघका अध्यक्ष पशुपतिदेव पाण्डे र नेपाली ऊनी फेल्ट उत्पादक तथा निर्यातकर्ता संघका नरेशलाल श्रेष्ठलाई सिआइपी सम्मान दिइएको छ।

यस्तै, निर्याततर्फ थर्ड आई इन्टरनेसनलका प्रोपाइटर छेवाङ डन्डुल लामा, नेपाल फेसन प्रालिका पबन्ध निर्देशक हरिप्रसाद भट्ट, नेसलन एक्पोर्टस् प्रालिका सञ्चालक चन्द्रबहादुर थापा, मनराम हिमालयन हेन्डिक्राफ्ट प्रालिका प्रबन्ध निर्देशक सुरजकुमार श्रेष्ठ र ट्राइकोट इन्डस्ट्रिज प्रालिका प्रबन्ध निर्देशक शक्तिकुमार गोल्यानलाई पनि सिआइपीमा सम्मान दिइएको छ।

भारततर्फ धेरै निर्यात गर्ने डावर नेपाल प्रालिका व्यापार प्रमुख हरकिरतसिंह वेदी, दोम्रोमा आरती स्ट्राइप्सका सिनियर महाप्रबन्धक दिव्यराज सापकोटा र तेस्रोमा रिलायन्स स्पिनिङ मिल्सका प्रबन्ध सञ्चालक अक्षय गोल्यानलाई सिआइपी सम्मान प्रदान गरिएको छ।

यस्तै, चीनतर्फ धेरै निर्यात गरेका आधारमा पहिलोमा छोमेन ट्रेडर्सका प्रोपाइटर पासाङ शेर्पा, दोस्रोमा फिन्जो सोनाम इन्टरप्राइजेजका मेनेजर कर्मा छोडुप गुरुङ र तेस्रोमा अष्ठमंगलका प्रोप्राइटरका उर्गेन लामालाई पनि सिआइपी सम्मान प्रदान गरिएको छ।

यस्तै, हस्तकला वस्तुको धेरै निर्यात गर्ने गिफ्टल्यान्ड इन्टरप्राइजेज प्रालिका सञ्चालकका पद्मरत्न धाख्वालाई पनि सिआइपी सम्मान प्रदान गरिएको छ। जडीबुटीतर्फ धेरै निर्यात गर्ने नेपाल एभरेस्ट कार्डामम प्रडक्सनका अध्यक्ष ओमकृष्ण विमिल र एबी हर्बल ट्रेडर्स एन्ड सप्लायर्सका प्रोप्राइट जनकराज अवस्थीलाई पनि सम्मान गरिएको छ।

यसैगरी, सबैभन्दा निर्यात गर्ने महिला निर्यातकर्तातर्फ जनकपुर रिफाइनरीका सञ्चालक रइसा टिवडेवाललाई सम्मान गरिएको छ।

यस्तै, तेस्रो मुलुकतर्फ एक अर्ब रुपैयाँभन्दा बढीको निर्यात गर्ने द सांग्रिला कार्पेट एन्ड ह्यान्डिक्राफ्ट इन्डस्ट्रिजका अध्यक्ष दोर्जे ग्याल्छेन लामा, एभरेस्ट फेसनका प्रमुख कार्यकारी अधिकृत महेश्वर श्रेष्ठ र त्रिवेणी स्पिनिङ मिल्सका अध्यक्ष रामचन्द्र संघाईलाई पनि सिआइपी सम्मान प्रदान गरिएको छ।

यस्तै, स्टार्टअपतर्फ माइन्डफुल क्राफ्ट प्रालिका प्रबन्ध निर्देशक कुवेर सापकोटा सम्मान गरिएको छ। रेमिट् यान्सतर्फ आइएमई लिमिटेडका अध्यक्ष हेमराज ढकाल र पर्यटनतर्फ एभरेस्ट हस्पिटालिटी होटेलका प्रबन्ध सञ्चालक गौरव अग्रवाललाई सिआइपी सम्मान प्रदान गरिएको छ।

सिआइपी अवार्ड व्यवसायीहरूलाई प्रोत्साहन गर्न

### यो सम्मान मात्रै होइन, जिम्मेवारीको प्रयास पनि हो



● **दामोदर भण्डारी**, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री

यो केवल सम्मान मात्रै होइन, दायित्व र जिम्मेवारीको प्रयास पनि हो। उद्योग-व्यापार क्षेत्रको विस्तार बढाउनका लागि पनि हो, साथै काम गर्दा राज्यले सहयोग, सम्मान र सहकार्य गर्छ भन्ने सन्देश पनि यसले दिएको छ। यसले व्यवसाय गर्न थप प्रोत्साहन मिल्छ। यो सफलता व्यवसायीहरूको मात्रै नभएर समग्र मुलुकको पनि हो।

विश्वका अधिकांश मुलुकमा प्रदान गरिँदै आएको छ। नेपाल सरकारले ०७६ यता दुई-दुई वर्षमा यस्तो सम्मान निजी क्षेत्रका व्यवसायीलाई प्रदान गर्दै आएको छ। यस्तो सम्मान पाउने व्यक्तिले विभिन्न सुविधा पाउँछन्। दिवेशी मुलुकमा यस्ता व्यक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलमा डेडिकेटेड लाउन्ज (कक्ष) बनाइएको हुन्छ। हवाई टिकट 'इकोमिक क्लास' भए पनि बोर्डिङ पास लिने वेलामा 'बिजनेस क्लास'सरहको सुविधा दिइन्छ। बिजनेस क्लास सिट खाली भएको अवस्थामा पनि सिआइपी अवार्ड पाएका व्यक्तिहरूलाई राखिन्छ। साथै, सरकारी सेवा-सुविधा पनि विभिन्न सुविधा दिइन्छ। यसले निजी क्षेत्रलाई व्यापार-व्यवसायमा थप प्रोत्साहन गरेको हुन्छ।

नेपालको हकमा सिआइपी सम्मान पाएका व्यक्तिलाई भने सुविधा सीमित छन्। उनीहरूलाई नेपालको प्रमुख प्रशासकीय क्षेत्र सिंहदरबारमा प्रवेश गर्न रोकतोक हुँदैन। अन्तर्राष्ट्रिय विमानस्थलको आगमनमा छुट्टै डेडिकेटेट लाउन्ज बनाइएको छ। सरकारले यीलगायतका विभिन्न सुविधा सिआइपीबाट सम्मानित व्यक्तिहरूलाई दिँदै आएको छ।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सिआइपी सम्मानले व्यापार-व्यवसायमा निजी क्षेत्रलाई थप प्रोत्साहन मिल्ने बताए। उद्योग तथा व्यापारलाई थप प्रवर्द्धन गर्न सरकार र निजी क्षेत्रसँगसँगै अघि बढ्ने उनको भनाइ छ।

'यो केवल सम्मान मात्रै होइन, । अबको दायित्व र जिम्मेवारीको प्रयास पनि हो। उद्योग व्यापार क्षेत्रको विस्तार बढाउनका लागि पनि हो,' उनले भने, 'साथै, काम गर्दा राज्यले सहयोग, सम्मान र सहकार्य गर्छ भन्ने सन्देश पनि यसले दिएको छ। यसले व्यवसायी गर्न थप प्रोत्साहन मिल्छ। यो सफलता व्यवसायीहरूको मात्रै नभएर समग्र मुलुकको पनि हो।'

यस्तै, अर्थतन्त्रमा देखिएका वर्तमान समस्या समाधान गर्ने गरी सरकार अघि बढेको उनले बताए। यस्तै, मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले अबका दिनमा सरकार र निजी क्षेत्रको समन्वयन तथा सहकार्य अघि बढाउने बताए। 'निजी क्षेत्रको योगदानविना समृद्धि सम्भव छैन। निजी क्षेत्रलाई थप प्रोत्साहन गर्दै अघि बढ्नेछौं,' उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले यो सम्मानका कारण निजी क्षेत्रलाई प्रोत्साहन मिल्ने बताए। 'यसलाई अझ व्यवस्थित बनाउन सरकारले सिआइपी डे नै घोषणा गर्नुपर्छजस्तो लाग्छ। निजी क्षेत्रलाई सहयोग गर्न सरकारले कन्जुस्याइँ गर्नुहुन्न। व्यावसायिक गतिविधि बढाउन प्रोत्साहन गर्नुपर्छ,' उनले भने, 'त्यसको नतिजा सकारात्मक नै आउनेछ। त्यो भयो भने आगामी दिनमा सिआइपी सम्मान पाउने व्यक्तिको संख्या पनि बढ्ने छ।'

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक शरदविक्रम राणाले यो पुरस्कारले निजी क्षेत्रलाई प्रोत्साहन मिल्ने बताए। '०७६ यता सरकारले यो कार्यक्रम गर्दै आएको छ। यसले उत्पादन, निर्यात बढाउन सहयोग पुग्छ। यो कार्यक्रम गर्न लागेपछि निर्यात बढेको अवस्था पनि छ,' उनले भने, 'समग्रमा यसले निजी क्षेत्रको मनोबल बढाएको छ।

# तीन वर्षमा सक्नुपर्ने कञ्चनपुर–कमला सडकको पाँच वर्षमा ६५% मात्रै प्रगति

लहानमा **मणिलाल विश्वकर्मा**

तीन वर्षमा सम्पन्न गर्नुपर्ने कञ्चनपुर-कमला सडक योजनाको पश्चिम खण्डको निर्माण पाँच वर्ष हुन लाग्दा पनि सम्पन्न हुन सकेको छैन। सप्तरीको कुसहादेखि सिराहाको पश्चिमी सीमा कमला नदीसम्मको निर्माणकार्य चार वर्ष नौ महिना बित्दा ६५ प्रतिशत मात्रै सम्पन्न भएको योजना कार्यालयले जनाएको छ।

योजनाको काम सुस्त भएपछि लहान मुख्य बजार क्षेत्रको सडक निर्माण अविलम्ब सुचारु गर्न माग गर्दै सोमबार स्थानीयले लहानमा करिब एक घण्टा चक्काजाम गरेका छन्। पूर्व-पश्चिम लोकमार्गको लहान खण्डमा निर्माण भइरहेको ओभरपास, अन्डरपास र अकासे पुलको पाइल फाउन्डेसन निर्माणको कारण मुख्य बजार क्षेत्रमा करिब दुई महिनादेखि धुलो उड्ने, हिलाम्मे हुने तथा दुर्घटनाको जोखिम पनि बढेको स्थानीयको गुनासो छ।

पीडित नागरिकको अगुवाइ गरिरहेका राजनीतिकर्मी सत्यनारायण यादवले ठेकेदार कम्पनीले बलानदेखि पडरियासम्मको करिब पाँच किलोमिटर खण्ड छिटो निर्माण नगरेसम्म आन्दोलनलाई निरन्तरता दिइने बताए। 'सडकको कारणले दुर्घटनासँगै सडकबाट उड्ने धुलोले सास फेर्ने गाह्रो भइरहेको छ,' उनले भने, 'स्थानीय व्यापार व्यवसाय चौपट बन्दै गएकाले दबाबका लागि सांकेतिक विरोधस्वरूप एक घण्टा चक्काजाम गरेका हौं, निर्माण सुचारु नगरिए हरेक दिन एक-एक घण्टा बढाएर बन्द गर्नेछौं।'



## ■ मुख्य संरचनाका कारणले ढिलाइ भएको दाबी

कञ्चनपुर-कमला सडक योजना पश्चिम खण्डका प्राविधिक शाखाका इन्जिनियर सरोजकुमार कोइरालाका अनुसार लहानमा ओभरपास, अन्डरपास, अकासे पुलको पाइल फाउन्डेसनलगायत मुख्य संरचनाको काम नगरी अन्य काम गर्ने नसकिने भएकाले सडक निर्माणको काममा ढिलाइ भएको बताए। 'मुख्य चोकमा रहेको ओभरपासका लागि ३५ मिटर गहिरो २६ वटा पाइल फाउन्डेसनको काम सकिएको छ,' उनले भने, 'त्यसको २८ दिनपछि परीक्षण गरेर मात्र अन्य काम गर्नुपर्ने बाध्यता छ।'

त्यसबाहेक लहान बसपार्क, प्रादेशिक अस्पतालमा अकासे पुलका लागि फाउन्डेसनको काम सकिएको उनले बताए। 'ओभरपासका लागि गरिएको पाइल फाउन्डेसनको माटो केही कमजोर देखिएकाले २० वटा ग्राभेल फाउन्डेसनको काम गर्नुपर्नेछ,' उनले भने, 'पाइल फाउन्डेसनको परीक्षण नगरी ग्राभेल फाउन्डेसनको काम गर्न नमिल्ने भएकाले केही ढिलाइजस्तो लागेको हो।' उनका अनुसार दरबार होटेलदेखि पडरियासम्म उत्तरतर्फको सर्भिस लेनको सबबेससम्मको निर्माण सकिएको भए पनि स्थानीयको अवरोधले रोकिएको उनले बताए। केही ठाउँमा नाला, खानेपानी र बिजुलीको खम्बाका कारणले निर्माण सुचारु गर्न समस्या भइरहेको जानकारी दिँदै उनले त्यसका लागि स्थानीय अगुवाले सहजीकरण गरिदिँदा कालोपत्रेसम्मको काम छिटो सकिने बताए।

काम थालेको उनले बताए। सप्तरीको कञ्चनपुरदेखि सिराहा-धनुषा जोड्ने कमला नदीसम्मको ८६ दशमलव ८२ किलोमिटर कञ्चनपुर कमला सडक चार लेनमा स्तरोन्नति गर्न ग्रुपले सम्झौता गरेको थियो। सप्तरीको कुसहादेखि पूर्व ३९ दशमलव ४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड र पश्चिम खण्ड आठ अर्ब ३८ करोड ९९ लाखमा निर्माण सम्झौता गरेको थियो।

योजनाअन्तर्गत कञ्चनपुरदेखि कमलासम्म ५४ पुल, आठ अन्डरपास र दुईवटा ओभरपासमध्ये कुसहादेखि कमलासम्मको पश्चिम खण्डमा एक सय १२ कल्भर्ट निर्माण भइसकेको, साना-ठुला गरी २५ पुलको ढलान गरी मिर्चैया पश्चिम बगहा, भालु, सुकलाहा र भिभाखोलाको पुलमा सवारीसाधन चलाउन खुला गरिएको उनले बताए। पुलमा रेलिङ, एक्सपान्सन ज्वाइन्ट र रङरोगन गर्न बाँकी रहेकाले छिट्टै सिध्याउने उनले बताए।

उनका अनुसार कुसहा पश्चिम कमलासम्मको ४७ किलोमिटर खण्डमध्ये ३० किलोमिटर खण्ड कालोपत्रे गरिएको र बाँकी १७ किलोमिटर खण्ड आगामी डिसेम्बरभित्र कालोपत्रे गरी सवारीसाधन सञ्चालन गर्ने गरी काम भइरहेको छ।

२९ अक्टोबर २०२० मा सुरु भई २८ अक्टोबर २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको भए पनि निर्माण सम्पन्न नभएपछि पहिलोपटक २३ डिसेम्बर २०२४ सम्मका लागि म्याद थप गरिएको सडक स्तरोन्नति गर्न अन्तिमपटकका लागि २०२५ डिसेम्बरसम्मको म्याद थप गरिएको छ। योजनाको २ असारसम्म भौतिक प्रगति ६४.९७ प्रतिशत रहेको जनाइएको छ।




## सडक खुलेको २२ वर्षपछि पक्की पुल निर्माण



बागलुङमा **नारायण रिजाल**

बागलुङको दक्षिण कुश्मिसेरा जोड्ने सडकअन्तर्गत जुम्लीखोलामा सडक निर्माणको २२ वर्षपछि मोटरेबल पुल निर्माण भएको छ। विसं ०५६ सालदेखि निर्माण सुरु भएको सडकमा ०६५ देखि यातायात सञ्चालनमा आए पनि जैमिनी नगरपालिका- १ मा पर्ने जुम्लीखोलामा पुल भने भर्खरै निर्माण भएको छ। जुम्लीखोलामा पक्की पुल नबन्दा हरेक बर्खायाममा सडक बगाउने तथा पैदलयात्रीलाई समेत यात्रा कठिन हुन्थ्यो।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय पोखराले २३ असार ०८१ मा पुल निर्माणका लागि बिमए/जयकालिका भगवती जेभीलाई जिम्मेवारी दिएको थियो। १५ पुस ०८२ मा निर्माण सक्ने गरी निर्माण कम्पनीसँग सम्झौता भएको आयोजनाका सिनियर डिभिजन इन्जिनियर जनकराज पन्तले बताए। उनका अनुसार एक करोड ९४ लाख लागतमा निर्माण थालिएको हो। हालसम्म ८० प्रतिशत भौतिक प्रगति भइसकेको पुलका अधिकांश काम सकिएका छन्। जुम्लीखोलामा १५.८० मिटर लामो र ८.४० मिटर चौडा पुल बन्नेछ। पुल निर्माणले जैमिनी नगरपालिका र दक्षिण बागलुङको विकासमा महत्त्वपूर्ण योगदान गर्ने जैमिनी नगरपालिका उपप्रमुख हरिहर शर्माले बताए। एसियाली विकास बैंकको सहयोगमा ०५६ सालमा निर्माण सुरु भएको दुई जिल्ला जोड्ने प्रमुख सडक भए पनि यो सडकका केही जोखिमपूर्ण खोलामा पक्की पुल बन्न सकेका थिएनन्। यही सडकअन्तर्गत यसै वर्ष जैमिनी नगरपालिका- ९ र १० को सिमानामा पर्ने ठेउले खोलाको रुम्टामा पनि पक्की पुल निर्माण भएको छ। पुल निर्माणपछि स्थानीय उत्पादनको बजारीकरणमा थप टेवा पुग्ने विश्वास गरिएको उपप्रमुख शर्माको भनाइ छ।

'पुल बनाउँदा महत्त्वपूर्ण कुरा मुख्य स्ट्रक्चरको हो, यो पलमा मुख्य स्ट्रक्चर बनिसकेको छ,' पन्तले भने 'निकै मिहिनेतपछि जुम्लीखोलाको पुल तयार भएको छ, सायद छिट्टै नै यसलाई सञ्चालनमा ल्याउनेछौं।' सम्झौता मितिभन्दा पुल निर्माणको कामअगावै काम सकिएको पन्तले बताए। पुलको वारिपारि भने केही सडकतर्फको काम बाँकी रहेको र वर्षाका कारण कालोपत्रेको काम सकिन केही समय लाग्ने निर्माण व्यवसायी बताउँछन्।

# पहिलोपटक नेपाल-चीन सांस्कृतिक सम्मेलन हुँदै

**काठमाडौं**/ फोनेक्स इन्स्पिरेसनले नेपालमा पहिलोपटक 'नेपाल-चीन सांस्कृतिक सम्मेलन २०२५' आयोजना गर्ने भएको छ। नेपाल-चीनको दातृ निकाय सम्बन्ध भएको ७० वर्षको अवसरमा फोनेक्स इन्स्पिरेसनले दुई देशको संस्कृति आदान-प्रदान गर्न कार्यक्रम आयोजना गर्न लागिएको इन्स्पिरेसनका अध्यक्ष विनोद ब्लोनले जानकारी दिए। 'नेपाल-चीनका विद्यार्थीहरू शुक्रबार २ साउनमा विभिन्न सांस्कृतिक कार्यक्रम गर्नेछन्,' उनले भने। 'कार्यक्रममा दुई देशको संस्कृति झल्काउने गीत, नृत्य तथा कविता पस्किनेछन्।' नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष सन्तोषकुमार पाण्डेले दुई देशबिच हुने यस्ता कार्यक्रमले नेपाल-चीनको सम्बन्ध अझ प्रगाढ बनाउने बताए। नेपालबाट शिक्षक र विद्यार्थी गरेर ७० जना र चीनतर्फको पनि सोही संख्यामा शिक्षक र विद्यार्थी कार्यक्रममा सहभागी हुनेछन्। नेपालतर्फबाट ७० जनाको टोलीले जुलाईको पहिलो हप्ता चीन भ्रमण गरेको थियो भने चिनियाँ पक्ष बुधबार नेपाल आइपुगेका छन्।

साउन २ गते हुने सम्मेलनमा प्रधानमन्त्री केपी ओली प्रमुख अतिथिको रूपमा रहनेछन् भने चीनतर्फबाट राजदूत छन् सोङ सहभागी हुनेछन्।

## ■ मौद्रिक नीति कार्यान्वयनमा ल्याउन राष्ट्र बैंकको सर्कुलर

# भूकम्प प्रभावितले ब्याजको १० प्रतिशत तिरेर कर्जाको पुनर्तालिकीकरण गर्न पाउने



**नयाँ पत्रिका**

नेपाल राष्ट्र बैंकले ०८० को कात्तिकमा जाजरकोट र रुकुमलगायतका भूकम्प प्रभावित सर्वसाधारण र व्यवसायीलाई कर्जाको साँवाब्याजमा राहत दिएको छ। खासगरी भूकम्पपीडित व्यवसायीले लिएका कर्जा र सर्वसाधारणले लिएका आवासीय घरकर्जाको साँवाब्याज भुक्तानीमा राहत पाउने भएका हुन्। भूकम्पपीडितले लिएका कर्जामा तिर्नुपर्ने ब्याजको न्यूनतम १० प्रतिशत बुझाएर कर्जाको पुनर्तालिकीकरण गर्न पाउने भएका छन्। असोज मसान्तभित्र यस्तो कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गरिसक्नुपर्ने राष्ट्र बैंकको परिपत्रमा उल्लेख छ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमा घोषणा गरेका आँशिक व्यवस्थाहरूलाई एकीकृत निर्देशनमार्फत बुधबार कार्यान्वयनमा लगेको छ। राष्ट्र बैंकले गत २७ असारमा नयाँ आर्थिक वर्ष ०८२/८३ का लागि मौद्रिक नीति ल्याएको थियो। त्यसमा उल्लेखित नीति कार्यान्वयन गर्न एकीकृत निर्देशनमा समावेश गर्नुपर्छ। राष्ट्र बैंकले आव ०८२/८३ को पहिलो दिनदेखि नै लागू हुने गरी निर्देशन संशोधन गरेको हो।

### ■ सेयर धितो कर्जाको सीमा बढ्यो

व्यक्तिले लिने सेयर धितो कर्जाको सीमा १५ करोडबाट बढाएर २५ करोड पुऱ्याइएको छ। यस्तै, घर खरिद तथा निर्माण गर्दा मूल्यको अनुपातमा दिइने कर्जाको 'लोन टु भ्यालु रेसियो' ६० प्रतिशतबाट ७० प्रतिशत पुऱ्याइएको छ। पहिलोपटक घरनिर्माण-खरिद गर्ने व्यक्तिलाई ८० प्रतिशतको कर्जा मूल्य अनुपातमा ऋण प्रवाह गर्न सकिने भएको छ। पहिलोपटक आवासीय घरनिर्माण-खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा दुई करोडबाट बढाएर तीन करोड रुपैयाँ पुऱ्याइएको छ।

यस्तै, अब बैंक तथा वित्तीय संस्थाले त्रैमास सकिएको १५ दिनभित्र वित्तीय विवरण सार्वजनिक गर्नुपर्ने भएको छ। यसअघि सात दिनभित्र वित्तीय विवरण प्रकाशन गर्नुपर्ने थियो। यस्तै, चौथो त्रैमासको वित्तीय विवरण प्रकाशन गर्नुपर्ने समय सीमा २१ दिनबाट ३० पुऱ्याइएको छ। यस्तै, राष्ट्रियस्तरका वित्त कम्पनीलाई निक्षेप परिचालनमा लगाइएको सीमा हटाइएको छ। पहिला उनीहरूलाई प्राथमिक पुँजीको १५ गुणासम्म मात्रै निक्षेप परिचालन गर्न पाउने व्यवस्था थियो।

मौद्रिक नीतिमा उल्लेख भएअनुसार ब्याजदर करिडोरको सीमाहरू घटाइएको छ। करिडोरको माथिल्लो सीमाको रुपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतबाट घटाएर ६ प्रतिशतमा सीमित गरिएको छ। ब्याजदर करिडोरको तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलनदरलाई पनि तीन प्रतिशतबाट घटाएर २.७५ प्रतिशतमा सीमित गरिएको छ। नीतिगत दरलाई पनि ५ प्रतिशतबाट घटाई ४.५ प्रतिशत कायम गरिएको छ।

यस्तै, बैंकहरूले गैरबैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था पनि गरिएको छ। यसले बैंकको कर्जा दिने क्षमता बढाउने, पुँजीकोष माथिको दबाब घट्ने उल्लेख छ।

# आजदेखि सुनमा दुई प्रतिशत विलासिता कर

## तर, कर नउठाउन र साबिककै व्यवस्थाअनुसार कारोबार गर्न छाता संगठनको अपिल

**नयाँ पत्रिका**

बिहीबारदेखि सुनको कारोबारमा दुई प्रतिशत विलासिता कर तिर्नुपर्ने भएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को बजेटले सुनको कारोबारमा दुई प्रतिशत विलासिता कर र हीरा-पत्थरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने व्यवस्था गरेको छ। बिहीबारदेखि नयाँ बजेट कार्यान्वयनमा आएसँगै सुनको कारोबारमा विलासिता कर लाग्ने भएको हो। तर, व्यवसायीहरूले भने यो व्यवस्थाको अवज्ञा गर्ने सार्वजनिक घोषणा गरेका छन्।




बजेटको व्यवस्थाअनुसार अब उपभोक्ताले सुन खरिदमा दुई प्रतिशत विलासिता कर तिर्नुपर्नेछ। उपभोक्ताबाट उठाएको विलासिता कर व्यवसायीले कर कार्यालयमा दाखिला गर्नुपर्ने हुन्छ। संसद्ले पास गरेको आर्थिक ऐनमै व्यवस्था भएकाले यो व्यवस्था बिहीबारबाट स्वतः लागू हुनेछ। अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद घिमिरेले सैद्धान्तिक हिसाबले १ साउनबाट सुनको कारोबारमा २ प्रतिशत विलासी कर र हीरामा भ्याट लाग्ने बताए। तर, व्यवसायीहरूले भने करका विषयमा सरकार र महासंघबिच वार्ता जारी रहेको तथा अध्ययन समितिसमेत गठन भएको सन्दर्भमा तत्काल यो व्यवस्था लागू नगर्ने घोषणा गरेका छन्।

नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघले सार्वजनिक अपिल गर्दै 'तत्कालका लागि आफ्ना व्यवसाय भ्याटमा दर्ता नगर्न, विलासिता कर नउठाउन र साबिक व्यवस्थाअनुसार दुक्कसाथ व्यवसाय सञ्चालन गर्न' भन्दै आह्वान गरेका छन्। नयाँ व्यवस्थाले उपभोक्तालाई दोहोरो-तेहरो मार पर्ने तथा व्यवसायसमेत नराम्ररी प्रभावित हुने भन्दै व्यवसायीले तीव्र विरोध गरे। सांसदहरूले समेत सुनमा लगाइएको कर फिर्ता लिनुपर्ने माग गरे।

सुनचाँदी व्यवसायीले प्रधानमन्त्रीदेखि प्रमुख दलका नेताहरू र सभामुखसम्मलाई भेटेर विलासी कर र भ्याट हटाउन माग गरे। व्यवसायी सटर बन्द गरेर सडक आन्दोलनमा आएपछि सरकारले वार्तामा बोलायो। सरकार र आन्दोलनरत पक्षबिच 'विलासिताको परिभाषाभित्र राखिएको सुन तथा सुनका गरगहनाको सन्दर्भमा आवश्यक अध्ययन गरी पुनरावलोकन गर्न सिफारिस गरिने'सहित ६ बुँदे सहमति भयो। सहमतिपछि व्यवसायीले आन्दोलन रोकेर पसल खोले। तर, बजेटको उक्त व्यवस्था संशोधन नभएको तथा सरकारले अर्को निर्णय नगरिसकेको सन्दर्भमा कर र भ्याट लागू हुने देखिन्छ।

### कर तिर्न असमर्थ रहेको भन्दै राजस्व विभागलाई महासंघको पत्र

सुनचाँदी तथा रत्न आभूषणसँग सम्बन्धित दुई महासंघले आन्तरिक राजस्व विभागका महानिर्देशकलाई संयुक्त पत्र लेख्दै विलासी कर र भ्याट लगाउने व्यवस्था कार्यान्वयनका लागि दबाब नदिन आग्रह गरेका छन्। नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनार र नेपाल सुनचाँदी व्यवसायी महासंघका कार्यवाहक अध्यक्ष दियशरत्न शाक्यले हस्ताक्षर गरेर पठाएको पत्रमा कर र भ्याट दिन व्यवसायी असमर्थ रहेको जानकारी गराइएको छ।

'नेपाल सुनचाँदी व्यवसायी महासंघ तथा नेपाल सुनचाँदी रत्न आभूषण महासंघमा आबद्ध सदस्य संघ, जिल्ला र नगर संघहरूलाई आर्थिक ऐन-२०८२ को दफा-१७ बमोजिम सुनका गरगहना कारोबार गर्ने व्यक्तिले जारी गर्नुपर्ने कर बिल-बिजकी नमुना पठाई कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गरिदिन अनुरोध भई आएकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' पत्रमा उल्लेख छ, 'यस विषयमा सरकारबाट वार्ताका लागि आह्वान भएअनुरूप आन्दोलनरत पक्ष र सरकारबिच भएको पाँचबुँदे सहमतिलाई कार्यान्वयन प्रक्रियामा लानका लागि कार्यदल गठन भएको अवगत छ, उक्त कार्यदलको आफ्नो कार्य सर्तमा विलासिता कर र भ्याटको पुनरावलोकन नै मुख्य विषय हुन्। तसर्थ, कार्यदलले विलासिता कर र भ्याट कार्यान्वयनमा सहयोग गर्न सम्बद्ध व्यवसायी असमर्थ रहेको जानकारी गराउँदछौं।'

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६७६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६७६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

## धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

### तपसिल

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १) | **ऋणी कम्पनी: आर. एन. मोवाइल ट्रोन प्रा.लि.**, संचालक तथा जमानतकर्ता: १) सरोज गौतम २) मेनुका के.सी.<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २३७८७९/७६/०७७, दर्ता मिति: २०७७/०३/२४, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. २२<br>**धितोको विवरण**<br>१) राजेन्द्र बहादुर कुँवर क्षेत्रीकी छोरी, गोपाल बहादुरकी बुहारी, मान बहादुर के.सी.की पत्नी, गुल्मी जिल्ला, सिमीचौर गा.वि.स. वडा नं. ५ बस्ने मेनुका के.सी.को नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं ६ ग स्थित कित्ता नं. ५९२, ४५१ र ४५२ को क्षेत्रफल क्रमश: २८१४.८६, ७११.०२ र ६७७.१७ (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) आर.एन.मोवाइल ट्रोन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| २) | **ऋणी कम्पनी: पद्मिनी ज्वेलर्स प्रा.लि.**, संचालक तथा जमानीकर्ता: योगेन्द्र दर्शनधारी<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं मा कम्पनी दर्ता नं. १३९५३९/०७२/०७३, दर्ता मिति: २०७२/०५/१७, ठेगाना: जिल्ला काठमाडौं, कीर्तिपुर न.पा वडा. १७<br>**धितोको विवरण**<br>१) श्री सिध्दि नाथ दर्शनधारीकी छोरी, कृष्ण बहादुर दर्शनधारीकी बुहारी, गणेश दर्शनधारीकी पत्नी, काठमाडौं ज़िल्ला, पालिफल गा.वि.स. वडा. ३ बस्ने श्रीमती बसला दर्शनधारीको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, कीर्तिपुर न.पा वडा. ५ (हाल काठमाडौं जिल्ला, कीर्तिपुर न.पा वडा. ३) स्थित कित्ता नं. १६० को क्षेत्रफल २७४.१७ (ब.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) पद्मिनी ज्वेलर्स प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ३) | **१) ऋणी फर्म: ज्याकेट्स वेयर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: प्रेम ध्वज तामाङ<br>दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखामा प्रा.फ.र.नं. १५३५८२/०७६/७७, दर्ता मिति: २०७६/१०/१७ ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा वडा नं २२<br>**२) ऋणी: प्रेम ध्वज तामाङ**<br>स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५, स्वयम्भू, बाबु: चन्द्र ध्वज तामाङ, बाजे: बुद्धिमान तामाङ<br>**धितोको विवरण**<br>१) बुद्धिमान तामाङको नाती, चन्द्र ध्वज तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, सरमथली गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं १५ बस्ने प्रेम ध्वज तामाङको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, मातातीर्थ गा.वि.स. वडा नं. ७क (हाल चन्द्रागिरी न.पा. वडा नं. ८) स्थित कित्ता नं. १५४७ को क्षेत्रफल ०-९-१-१ (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) ज्याकेट्स वेयर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ४) | **ऋणी कम्पनी: बि.एस. पाथिभारा एग्रो फार्म प्रा.लि**, संचालक तथा जमानतकर्ता: विपिन सापकोटा<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७१५१८/०७८/०७९, दर्ता मिति: २०७८/०५/२८ ठेगाना: जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं. ६<br>**धितोको विवरण**<br>१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं २७१५१८/०७८/०७९ अर्न्तगत मिति २०७८/०५/२८ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ६ स्थित बि.एस. पाथिभारा एग्रो फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगतमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा. वडा नं. ८क (हाल धुलिखेल न.पा. वडा नं. ६) स्थित कित्ता नं. १६६ को क्षेत्रफल २-१-३-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) बि.एस. पाथिभारा एग्रो फार्म प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ५) | **१) ऋणी कम्पनी: तमु मार्ट प्रा.लि., संचालक तथा जमानीकर्ता: कुम बहादुर गुरुङ**<br>दर्ता नं. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा १७१०७९/०७४/०७५, दर्ता मिति: २०७४/०४/०३, जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १५<br>**२) ऋणी: कुम बहादुर गुरुङ**<br>स्थायी ठेगाना: लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ७, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५, बाबु: बुध मान गुरुङ बाजे: धनराज गुरुङ<br>**धितोको विवरण**<br>१) धनराज गुरुङको नाती, बुध मान गुरुङको छोरा लमजुङ जिल्ला, दोर्दी गा.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५, बस्ने कुम बहादुर गुरुङको नाममा मालपोत कार्यालय चावहिल काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, विष्णु (बुढानिलकण्ठ) गा.वि.स. वडा नं. २क (हाल बुढानिलकण्ठ न.पा. वडा नं. ३), स्थित कित्ता नं. ७१० को क्षेत्रफल ०-४-३-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) तमु मार्ट प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ६) | **१) ऋणी कम्पनी: शोटाईम एक्जिम्पो प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: प्रकाश श्रेष्ठ<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कायालर्य त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९३१४२/७४/०७५, दर्ता मिति: २०७५/०३/२८, ठेगाना: जिल्ला काठमाडौं, तारकेश्वर न.पा. वडा नं.५<br>**२) ऋणी: प्रकाश श्रेष्ठ**<br>स्थायी ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. १०, हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ५<br>बाबु: देव बहादुर श्रेष्ठ, बाजे: हर्क बहादुर श्रेष्ठ<br>**धितोको विवरण**<br>१) हर्क बहादुर श्रेष्ठको नाति, देव बहादुर श्रेष्ठको छोरा, काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं.१०, स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं.५ बस्ने प्रकाश श्रेष्ठको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुंगा गा.वि.स. वडा नं. ३ग, (हाल तारकेश्वर न.पा. वडा नं.५) स्थित कित्ता नं. २७२ र ५५४ को क्षेत्रफल क्रमश : ०-८-१-० र ०-२-२-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) शोटाईम एक्जिम्पो प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ७) | **१) ऋणी फर्म: धनगढी फेन्सी**, प्रोप्राईटर तथा जमानीकर्ता: अरुणा कुमारी सिंह<br>दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं.: २८४४५/०७६/७७, दर्ता मिति: २०७६/१२/०६, ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. १<br>**२) ऋणी :अरुणा कुमारी सिंह**<br>स्थायी ठेगाना: दार्चुला जिल्ला, लटीनाथ गा.वि.स. वडा नं. २, हालको ठेगाना: कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. १<br>बाबु: कर्ण बहादुर सिंह, बाजे: बिष्णु बहादुर सिंह<br>**धितोको विवरण**<br>१) बिष्णु बहादुर सिंहकी नातीनी, कर्ण बहादुर सिंहकी छोरी, दार्चुला जिल्ला, लटीनाथ गा.वि.स. वडा नं. १ बस्ने अरुणा कुमारी सिंहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला,फुलबारी गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ९९६ को क्षेत्रफल ४६३० (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) धनगढी फेन्सीको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। |
| ८) | **१) ऋणी फर्म: समैजी ट्रेड**, प्रोप्राइटर तथा जमानीकर्ता: कान्छु कुमारी शेर्पा<br>दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा) मा प्रा.फ.र.नं. १५५१७१/०७७/७८, दर्ता मिति: २०७७/०४/१८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १४<br>**२) ऋणी: कान्छु कुमारी शेर्पा**<br>स्थायी ठेगाना: डडेलधुरा जिल्ला, असिग्राम गा.वि.स. वडा नं. ७, हालको ठेगाना: डडेलधुरा जिल्ला, असिग्राम गा.वि.स./उ.म.न.पा. वडा नं. ७<br>बाबु: पासाङ शेर्पा, ससुरा: तोक बहादुर खत्री, पति: हिक्मत बहादुर खत्री<br>**धितोको विवरण**<br>१) पासाङ शेर्पाकी छोरी, तोक बहादुर खत्रीकी बुहारी, हिक्मत बहादुर खत्रीकी पत्नी, डडेलधुरा जिल्ला, असिग्राम गा.वि.स. वडा नं. ७ बस्ने कान्छु कुमारी शेर्पा (खत्री) को नाममा भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. २ (हाल धनगढी उ.म.न.पा वडा नं. २) स्थित कित्ता नं. १७४ को क्षेत्रफल ५०७.९० (व.मि)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) समैजी ट्रेडको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ९) | **१) ऋणी फर्म: महाकाली टेर्डस एण्ड सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: दिपेन्द्र सिंह ऐरी<br>दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, दार्चुलामा प्रा.फ.र.नं. ९२९/०७१/०७२, दर्ता मिति: २०७२/०१/१७, ठेगाना: जिल्ला दार्चुला, अपी न.पा. वडा नं. १२<br>**२) ऋणी फर्म: डि.पि. फेन्सी स्टोर एण्ड सप्लायर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: पार्वती विष्ट<br>दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, दार्चुलामा प्रा.फा.र.नं. १४८०/०७६/०७७, दर्ता मिति: २०७६/०५/०१, ठेगाना: जिल्ला दार्चुला, महाकाली न.पा. वडा नं. ५<br>**धितोको विवरण**<br>१) कल्याण सिंहको नाति, हरक सिंहको छोरा, दार्चुला ज़िल्ला, खलंगा गा.वि.स. वडा नं. ३ बस्ने आन सिंह ऐरीको नाममा मालपोत कार्यालय दार्चुलाको लगतमा दर्ता कायम रहेको दार्चुला जिल्ला, खलंगा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १४११, १४१२, १२७ र ७३७ को क्षेत्रफल क्रमश: १-५-३-१, १-५-३-१, ०-२-०-३ र ०-३-०-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) महाकाली टेर्डस एण्ड सप्लायर्स र डि.पि. फेन्सी स्टोर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| १०) | **१) ऋणी कम्पनी: डिजाइन मि इन प्रा.लि.** संचालक तथा जमानीकर्ता: विनोद शर्मा<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २६४३१५/७७/०७८, दर्ता मिति: २०७८/०३/२४, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३२<br>**२) ऋणी: विनोद शर्मा**<br>स्थायी ठेगाना : वागलुङ जिल्ला, हटिया गा.वि.स. वडा नं. ३, हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, बाबु: दधिर ाम शर्मा, बाजे : दिला राम शर्मा<br>**धितोको विवरण**<br>१) दिलाराम शर्माको नाती, दधिराम शर्माको छोरा, वागलुङ जिल्ला, हटिया गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बस्ने विनोद शर्माको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, दहचोक गा.वि.स. वडा नं. ८ क (हाल चन्द्रागिरी न.पा. वडा नं. १) स्थित कित्ता नं. २६४, ३७५ र २६३ को क्षेत्रफल क्रमश: १५८.९५, ३६९.५७ र १५८.९५ (व.मि.)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) डिजाइन मि इन प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ११ ) | **१) ऋणी कम्पनी: देव एग्रीकल्चर प्रा.लि.**, संचालक तथा जमानीकर्ता: देवेन्द्र कुमार चौधरी<br>दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. १९५५६७/०७५/०७६ दर्ता मिति : २०७५/०४/२४, ठेगाना: जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ८<br>**२) ऋणी फर्म: देव गल्ला भण्डार**, प्रोप्राईटर तथा जमानीकर्ता: पुष्पा कुमारी<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. ९२९८/१४८, दर्ता मिति : २०७७/०५/२३, ठेगाना: जिल्ला पोठीयाही गा.वि.स. वडा नं. ६ख (हाल गरुडा न.पा. वडा नं. ६)<br>**धितोको विवरण**<br>१) लगाड साह कलवारको नाती, नथुनी प्रसाद चौधरीको छोरा, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ मा बस्ने देवेन्द्र कुमार चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर गा.वि.स. वडा नं ४ (हाल चन्द्रपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ११८६ र ११८७ को क्षेत्रफल क्रमश: ०-९-० र ०-२-० (विगाह) को घर/जग्गा तथा रौतहट जिल्ला, चपुर गा.वि.स. वडा नं १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८५७ को क्षेत्रफल ०-०-१६ (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) लगाड साह कलवारको नाती, नथुनी प्रसाद चौधरीको छोरा, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ मा बस्ने देवेन्द्र कुमार चौधरीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोढीयाही गा.वि.स. वडा नं ५ (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५२२ को क्षेत्रफल ०-७-० (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) राम रतन चौधरीकी छोरी, नथुनी प्रसाद चौधरीकी बुहारी, देवेन्द्र कुमार चौधरीकी पत्नी, रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ६ मा बस्ने पुष्पा कुमारीको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, पोढीयाही गा.वि.स. वडा नं ६ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८८३ को क्षेत्रफल ०-०-६ (विगाह) को घर/जग्गा तथा रौतहट जिल्ला, महम्मदपुर गा.वि.स. वडा नं ८क (हाल गरुडा न.पा. वडा नं. ५) स्थित कित्ता नं. २१९२ को क्षेत्रफल ०-०-७१/२ (विगाह) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>४) देव एग्रीकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।<br>५) देव गल्ला भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गारी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

## एनसेल 'लिग अफ क्रिएटर्स'
# विजताले जिते १० लाखसम्मको ब्रान्ड डिल




**काठमाडौं**/ एनसेलले अपट्रेन्ड्लीसँगको सहकार्यमा आयोजना गरेको 'लिग अफ क्रिएटर्स' प्रतियोगितामा ललितपुरका अमन महर्जनले १० लाख रुपैयाँबराबरको एक वर्षको ब्रान्ड डिल जितेका छन् । उनले प्रतियोगितामा प्रथम स्थान हासिल गर्दै पुरस्कारस्वरूप यो डिल हात पारेका हुन् । त्यस्तै, काठमाडौंकी प्रभा श्रेष्ठ द्वितीय र बागलुङका मनीष रुचेल तृतीय र बुटवलका प्रशान्त पाण्डे चौथो बनेका छन् । उनीहरूले क्रमशः पाँच लाख, अढाई लाख र एक लाखको ब्रान्ड डिल पुरस्कार जितेका हुन् ।

शुक्रबार काठमाडौंमा आयोजित ग्रान्ड फिनाले कार्यक्रममाझ विजयी क्रिएटरहरूलाई पुरस्कार प्रदान गरिएको एनसेलले जनाएको छ । देशैभरका डिजिटल स्टोरी टेलर्स (कथावाचक)लाई सशक्त बनाउने उद्देश्यसहित एनसेलले यो प्रतियोगिता आयोजना गरेको हो ।

प्रतियोगितामा प्राप्त भएका भिडियोमध्येबाट उत्कृष्ट ५० जना क्रिएटरलाई पाँचजना मेन्टर सन्जोग कोइराला, प्रतिमा अधिकारी, मिस्टर फुडी नेपाल, पराक्रम राणा र एकता तण्डुकारले छानेका थिए । उनीहरूलाई १०-१० जनाको समूहमा पाँचजना मेन्टरमार्फत विशेष प्रशिक्षण र मेन्टरसिप प्रदान गरिएको थियो । सहभागीले सामग्री योजना, सिर्जना प्रक्रिया, सन्देश प्रवाह, ब्रान्डसमक्ष आफू प्रस्तुत गर्ने रणनीतिलगायतबारे प्रशिक्षण पाएका थिए ।

## नेपाल इन्भेस्टमेन्ट मेगा बैंक नेपाल पे कार्डमा आबद्ध



**काठमाडौं**/ नेपाल इन्भेस्टमेन्ट मेगा बैंक नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)को नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेमा आबद्ध भएको छ । यससम्बन्धी सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्योतिप्रकाश पाण्डे र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका छन् ।

एनसिएचएलले हालै एनपिएस-एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ । बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो । त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन् । पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् यस बैंकका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन् ।

एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिन लागेको एनसिएचएलले जनाएको छ । उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । एनसिएचएलले ५४ भन्दा बढी बैंक तथा वित्तीय संस्था, पिएसओ, पिएसपी र सयभन्दा बढी गैरबैंकिङ सदस्यलाई विभिन्न राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन गरी सेवा प्रदान गर्दै आएको छ ।

## एनआइसी एसिया बैंक र ई-स्टपबिच छुट सम्झौता




**काठमाडौं**/ एनआइसी एसिया बैंक र ई-स्टप नेपालबिच बैंकका ग्राहकलाई छुट प्रदान गर्न सम्झौता सम्पन्न भएको छ । सम्झौतापछि बैंकका ग्राहकले ई-स्टप नेपालले उपलब्ध गराएका रेस्टुरेन्टका परिकारमा १० प्रतिशत र चार्जिङ स्टेसन सेवामा ५ प्रतिशत छुट पाउनेछन् ।

ई-स्टप नेपालले नवलपुरस्थित दलदले, सिन्धुलीस्थित रामटार र कुरिनटारमा रेस्टुरेन्टसँगै उपलब्ध गराएको चार्जिङ स्टेसनमा गाडी चार्ज गर्दै खानामा छुट सुविधा उपभोग गर्न सक्नेछन् । बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्दा उक्त छुट पाइने बताइएको छ । यस सहकार्यले डिजिटल भुक्तानी र हरित अर्थतन्त्रको प्रवर्द्धनमा टेवा पुग्ने बैंकले विश्वास लिएको छ ।

## प्रभु बैंकका ग्राहकलाई होपफुल होराइजनमा छुट

**काठमाडौं**/ प्रभु बैंकका ग्राहक तथा कर्मचारीले होपफुल होराइजन नेपालमा मानसिक स्वास्थ्यसम्बन्धी सेवामा छुट पाउनेबारे द्विपक्षीय सम्झौता भएको छ । सम्झौतापत्रमा होपफुल होराइजनकी डा. प्रकृति प्रधान र बैंकका प्रमुख मार्केटिङ अफिसर रमेशकुमार श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार ग्राहकले ललितपुरको झम्सिखेलस्थित होपफुल होराइजनमा बैंकका बैंकको डेबिट, क्रेडिट कार्ड तथा प्रिभिलेज कार्डमध्ये कुनै एकबाट भुक्तानी गर्नुपर्नेछ । होपफुल होराइजन एक दक्ष एवं अनुभवी विशेषज्ञको टोलीद्वारा निजी क्षेत्रबाट सञ्चालित मानसिक स्वास्थ सेवाप्रदायक संस्था हो । यस संस्थाले सबै उमेर समूहका लागि विभिन्न किसिमका मानसिक स्वास्थ्यसम्बन्धी सेवा उपलब्ध गराउँदै आएको छ । प्रभु बैंकले देशका तीन सय १२ शाखा कार्यालय, दुई सय ८६ एटिएमका साथै ६८ एक्सटेन्सन काउन्टरमार्फत सेवाप्रवाह गर्दै आएको छ ।

## सातै प्रदेशमा सिटिजन्सको वित्तीय साक्षरता



**काठमाडौं**/ सिटिजन्स बैंक इन्टरनेसनलले आर्थिक वर्ष ०८१/८२ मा सातवटै प्रदेशमा रहेका आफ्ना विभिन्न एक सय ४८ शाखा कार्यालयबाट वित्तीय साक्षरताका विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । बैंकले कोशीका १९, मधेशका १६, बागमतीका ४७, गण्डकीका १४, लुम्बिनीका ३२, कर्णालीका ११ तथा सुदूरपश्चिम प्रदेशका नौ शाखामार्फत आमसर्वसाधारणलाई वित्तीय सचेतना जगाउन यी कार्यक्रम गरिएको हो ।

कार्यक्रममार्फत विभिन्न उमेर समूहका व्यक्ति, महिला, विद्यार्थी, कृषक, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्ति र अन्य समूहका गरी विभिन्न वर्गलाई लक्षित गरी वित्तीय ज्ञान प्रदान गरेको हो । कार्यक्रममा उपस्थित सम्पूर्णमा वित्तीय साक्षरताको आवश्यकता र महत्त्वका बारेमा विस्तृत प्रकाश पारिएको थियो । यससँगै वित्तीय साक्षरताको अवस्था र डिजिटल बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमबारे जानकारी पनि गराइएको थियो । साथै, नगद कारोबार, लेनदेन तथा विप्रेषणजस्ता वित्तीय कारोबार बैंकिङ प्रणालीबाटै गर्दा बैंकिङ प्रणाली मजबुत हुने र सर्वसाधारणमा वित्तीय ज्ञानको पनि विकास हुने विश्वास बैंकले लिएको छ ।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
बिहीबार १ साउन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# १२८ वर्षको प्रतीक्षापछि ओलम्पिकमा क्रिकेट समावेश



एजेन्सी

दुई वर्षपछि अमेरिकाको लस एन्जलसमा हुने ग्रीष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिताअन्तर्गत क्रिकेटको खेलतालिका सार्वजनिक भएको छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले बुधबार क्रिकेटको खेल हुने मिति र स्थान सार्वजनिक गरेको हो। यससँगै ओलम्पिकमा आधिकारिक रूपमा क्रिकेट खेल समावेश भएको आइसिसीले जनाएको छ। ओलम्पिकमा अन्तिमपटक सन् १९०० मा क्रिकेट समावेश थियो। त्यसपछिका कुनै पनि संस्करणमा क्रिकेट समावेश गरिएन।

आयोजक अमेरिकाले पछिल्लो समय चर्चित हुँदै गएकाले आयोजकका रूपमा क्रिकेटलाई समावेश गरेको हो। ओलम्पिकका खेल आयोजक राष्ट्रले आफूअनुकूल राख्न पाउँछ। यसै प्रावधानअनुसार अमेरिकाले पुरुष र महिला क्रिकेट इभेन्ट्स राखेको आइओसीले जनाएको छ। अमेरिकाले १२ देखि २९ जुलाईसम्म लस एन्जलस सहरमा ओलम्पिक आयोजना गर्दै छ।

> ओलम्पिकमा अन्तिमपटक सन् १९०० मा क्रिकेट समावेश थियो। त्यसपछिका कुनै पनि संस्करणमा यो विधा समावेश थिएन। सन् २०२८ को आयोजक अमेरिकाले पुरुष र महिलातर्फ समान ६ राष्ट्रको सहभागिता रहने गरी खेलतालिका सार्वजनिक गरेको छ।

ओलम्पिकमा क्रिकेट खेल फेयरप्लेक्स मैदानमा हुनेछ। पुरुष र महिला इभेन्ट्समा धैरै टोली भने छैनन्। यसको व्यवस्थापन गर्न गाह्रो हुने भएकाले आइओसीले दुवैतर्फ समान ६ राष्ट्रलाई मात्र समावेश गरेको छ। पुरुष र महिला टोलीको छनोट कसरी हुने भन्ने आइओसीले प्रस्ट पारेको छैन। यस विषयमा आइओसी र अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)बिच छलफल हुन बाँकी छ। आइसिसी बोर्ड बैठकबाट निर्णय हुन बाँकी रहे पनि छनोट प्रक्रिया सिंगापुरमा गरिनेछ। क्रिकेटअन्तर्गत पुरुषतर्फको फाइनल २९ जुलाईमा हुनेछ। महिलातर्फको स्वर्णपदक भिडन्त २० जुलाईमा हुने आइओसीले जनाएको छ।

सन् १९०० मा फ्रान्समा भएको ओलम्पिकमा पहिलोपटक क्रिकेट खेल राखिँदा बेलायतले स्वर्ण पदक जितेको थियो।

### टी-२० वरीयताको प्रस्ताव

आइसिसीले आयोजक र आइओसीलाई छनोटको आधार टी-२० वरीयता राख्न भनेको छ। आइसिसीको टी-२० वरीयतामा शीर्ष ६ स्थानमा रहने राष्ट्रलाई सिधै ओलम्पिकमा छनोट गर्नुपर्ने आइसिसीको प्रस्ताव छ। यद्यपि, यस सम्बन्धमा आधिकारिक निकायबाट निर्णय हुन बाँकी छ। आइओसी भने छनोटबाट टोलीको छनोट गरिनुपर्ने पक्षमा छ। आइसिसीले कुन वर्ष वा महिनाका आधारमा शीर्ष ६ टोली छनोट गर्ने आधिकारिक जानकारी दिएको छैन। टोलीहरूको छनोटबारे अन्तिम निर्णय भने यसै वर्षको अन्त्यसम्म हुनेछ।

पुरुष र महिलामा समान १५ खेलाडी हुनेछन्। आइओसीले समग्रमा दुवैतर्फ गरी १८० खेलाडीको कोटा राखेको छ। यसकारण आयोजकले प्रतियोगितामा केवल ६-६ टोलीबिच मात्र स्वर्ण, रजत र कांस्यका लागि भिडन्त हुने जनाएको हो। फेरि क्रिकेट मैदान भने लस एन्जलसबाट ५० किलोमिटर टाढा पोमोना फेयरप्लेक्समा हुनेछ। आयोजकले प्रत्येक दिन दुई खेल हुने तालिका बनाएको छ।

### टी-२० विश्वकपमा जस्तै अस्थायी मैदान

गत वर्ष अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आइसिसी पुरुष टी-२० विश्वकप आयोजना गरेका थिए। अमेरिकामा क्रिकेट त्यति धेरै चर्चित नभए पनि विश्वकपमा अस्थायी रूपमा विश्वस्तरीय क्रिकेट मैदान बनाइएको थियो। कतिपय रंगशालाका संरचना प्रतियोगितालगत्तै भत्काइएको थियो। अमेरिकाले ओलम्पिकमा पनि अस्थायी रंगशाला नै प्रयोग हुने जनाएको छ। क्रिकेटका सम्पूर्ण खेल अस्थायी रंगशाला निर्माण गरी दक्षिण क्यालिफोर्नियास्थित पोमोना मैदानमा खेलाइनेछ। साँझमा हुने खेल फ्लड लाइटमा खेलाइनेछ। लस एन्जलसका मेयर कारेन बासले क्रिकेट खेलको समावेशले फरक रोमाञ्चकता आउने बताएका छन्।

'ओलम्पिक खेलमा सहभागी हुन आउने सबैले फरक अनुभव गर्नेछन्। विशेषतः एक शताब्दीपछि समावेश हुन लागेको क्रिकेटको दर्शकले रोमाञ्चकता लिनेछन्,' मेयर बासले भने, 'विश्वकपमा जस्तै ओलम्पिकमा पनि क्रिकेटलाई धेरै ब्रान्डिङ गर्छौं।'

### कमनवेल्थ र एसियाडमा पनि

धेरै राष्ट्र सहभागी हुने अन्तर्राष्ट्रिय खेलकुदमा बिस्तारै क्रिकेटले स्थान बनाइरहेको छ। ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)ले आयोजना गर्ने एसियन खेलकुद प्रतियोगिताका तीन संस्करणमा क्रिकेट समावेश भइसकेको छ। सन् २०१० मा चीनले आयोजना गरेको ग्वान्झाउ एसियाडमा पहिलोपटक पुरुष तथा महिला क्रिकेट समावेश भएको थियो। त्यसपछि सन् २०१४ को दक्षिण कोरियाको इन्चोन एसियाडमा पनि क्रिकेटले निरन्तरता पायो। सन् २०२३ मा चीनको हाङझाउमा भएको एसियाडमा पुरुष क्रिकेट खेल रह्यो। सन् २०२२ मा बेलायतले आयोजना गरेको कमनवेल्थ गेम्समा क्रिकेटमा पुरुष तथा महिला टोलीले प्रतिस्पर्धा गरेका थिए।

# एनपिएल ट्रेडमार्कका लागि जोरा स्पोर्टस् उच्च अदालत जाने

नयाँ पत्रिका

उद्योग विभागले नेपाल प्रिमियर लिग (एनपिएल) को ट्रेडमार्क नेपाल क्रिकेट संघ (क्यान)ले प्रयोग गर्न पाउने फैसला गरिसकेको छ। यसअघि जोरा स्पोर्टस् इन्टरटेनमेन्ट प्रालिले एनपिएल ट्रेडमार्क आफ्नो स्वामित्वमा रहेको भन्दै उद्योग विभागमा मुद्दा दर्ता गरेको थियो। तर, विभागले जोरा स्पोर्टस्को दाबीमा प्रमाण नपुगेको भन्दै मुद्दा किनारा लगाएको थियो। यस निर्णयपछि एक वर्षदेखिको एनपिएल ट्रेडमार्कसम्बन्धी विवाद समाप्त भएको थियो। तर, उक्त फैसला चित्त नबुझेको भन्दै जोरा स्पोर्टस्का सञ्चालक आमिर अख्तर उच्च अदालत जाने भएका छन्। अख्तरले आफूलाई अन्याय भएको र न्यायका लागि उच्च अदालत जाने बताएका छन्। 'क्यानलाई दिएको एनपिएलको ट्रेडमार्कको सम्बन्धमा उद्योग विभाग गएको थिएँ, उहाँहरूले लोगो र ट्रेडमार्क क्यानसँगै रहने भन्नुभयो,' अख्तरले भने, 'न्यायका लागि उच्च अदालत जान्छु। एनपिएलको लोगो र ट्रेडमार्क हाम्रै हो।'

उनका अनुसार जोरा स्पोर्टस् प्रालिकै नाममा कम्पनी दर्तादेखि बैंक अकाउन्ट छ। 'कम्पनी दर्ता, पान नम्बर र बैंक अकाउन्ट हेर्नुभयो भने हाम्रै कम्पनीको नाम छ,' उनले भने, 'अझ मैले नै ट्रेडमार्कको कर तिर्दै आएको छु। यति हुँदाहुँदै क्यानले कसरी प्रयोग गर्न पाउँछ?' ०७१ मा जोराले धनगढीको फाप्ला मैदानमा पहिलो संस्करणको एनपिएल आयोजना गरेको थियो। क्यानले सम्झौताविपरीत काम गरेको उनको दाबी छ।

### भावना लुम्बिनीकी सिइओ नियुक्त

दोस्रो सिजनको एनपिएलका लागि लुम्बिनी लायन्सले क्यानकी पूर्वसिइओ भावना घिमिरेलाई सिइओका रूपमा नियुक्त गरेको छ। घिमिरेले राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा समेत क्रिकेटसम्बन्धी कार्यमा महत्त्वपूर्ण भूमिका निभाएकी छिन्। लुम्बिनीका अध्यक्ष ईश्वर जिसीले अन्तर्राष्ट्रियस्तरमै अनुभव प्राप्त व्यक्तित्वलाई भित्र्याएको बताए। 'उनको अनुभव, नेतृत्व क्षमता र क्रिकेटप्रतिको समर्पणले लुम्बिनीलाई नयाँ उचाइमा पुऱ्याउनेछ,' जिसीले भने।

### धनगढी र एसपिएबिच तीन वर्षको सम्झौता



साबिक उपविजेता सुदूरपश्चिम रोयल्सले दोस्रो संस्करणको एनपिएलका लागि धनगढीस्थित एसपिए कलेजसँगको साझेदारी गरेको छ। एसपिएले सुदूरपश्चिमसँग थप दुई वर्षको सम्झौता गरेको जनाएको छ।

फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्राम पूर्वाधार विकास समितिका अध्यक्षसमेत रहेका एसपिए कलेजका प्रबन्ध निर्देशक सुभाष शाहीले सुदूरपश्चिम रोयल्सँग थप सम्झौता गर्न पाउँदा खुसी लागेको बताए। 'खेलकुदले युवालाई प्रेरणा दिने ठुलो क्षमता राख्छ। सुदूरपश्चिम रोयल्ससँगको सहकार्यले कक्षाकोठाबाहिर पनि विद्यार्थीलाई सहयोग गर्न सक्ने अवसर दिएको छ,' उनले भने। एसपिए कलेजले एसिसी यू-१६ इस्ट जोन कप विजेता टोलीमा सुदूरपश्चिमबाट प्रतिनिधित्व गरेका दुई युवा खेलाडी सचिन भट्ट र सुशील रावललाई जनही २५ हजार रुपैयाँ प्रदान गरेको उनले बताए। सुशील रावल पहिलो संस्करणमा ट्यालेन्ट हन्टमार्फत छनोटका खेलाडी हुन्। उनले सुदूरपश्चिमबाट पहिलो संस्करणमा आफ्नो प्रतिभा देखाउन अवसर पाए। सुदूरपश्चिमका सिइओ प्रकाश खड्काले टोलीलाई एक फ्रेन्चाइजका रूपमा स्थापित गर्न कोसिस भइरहेको बताए। उनले आगामी वर्षमा साझेदारीलाई निरन्तरता दिने बताए।

> उद्योग विभागको फैसला स्वीकार्य नभएको जनाउँदै जोरा स्पोर्टस् इन्टरटेनमेन्ट प्रालि न्यायका लागि उच्च अदालत जाने

## खेल संक्षेप

### चर्च ब्वाइजको सानदार जित

**काठमाडौं**/ चर्च ब्वाइज क्लबले बुधबार एन्फा यू-१६ लिगमा सातदोबाटो युवा क्लबमाथि ९-२ को सानदार जित निकालेको छ। लिगमा सातदोबाटोको यो लगातार पाँचौं हार हो। सातदोबाटो अंकतालिकाको पुछारमा छ। चर्च ब्वाइजको जितमा स्वप्निल दर्नाल र सुशन थापामगरले ह्याट्रिक गरेका थिए। सुजन तामाङले दुई गोल गपे। पहिलो हाफमै चर्च ब्वाइजले चार गोल गरेको थियो। जितसँगै चर्च ब्वाइज पाँच खेलबाट ६ अंक जोड्दै आठौं स्थानमा उक्लिएको छ। हिमालयन शेर्पा र फ्रेन्ड्स क्लबले गोलरहित बराबरी खेले।

### राजविराज र तिरहुट फाइनलमा

**सप्तरी**/ राजविराज राजदेवी रोयल र तिरहुट टाइगर्स सातौं सप्तरी प्राइड लिगको फाइनलमा प्रवेश गरेका छन्। निरन्तर वर्षाका कारण बुधबार दुवै सेमिफाइनल खेल रद्द हुँदा समूह चरणको नतिजाअनुसार फाइनलमा पुग्ने दुई टोलीको छिनोफानो भएको हो। राजविराज र तिरहुट आ-आफ्नो समूहका शीर्ष स्थानमा थिए। आठ टोली सहभागी प्रतियोगिताको समूह 'ए'को विजेता राजविराज थियो। राजविराजले ३ खेलबाट ५ अंक बटुलेको थियो।

### ज्ञान निकेतन उपाधिनजिक

**काठमाडौं**/ ज्ञान निकेतन र विल्सन एकेडेमी दोस्रो काठमाडौं जेभियर्स पब्लिक श्री बाई श्री बास्केटबल प्रतियोगिताको सिनियर्स पुरुषको फाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको सेमिफाइनलमा ज्ञान निकेतनले माइलस्टोनलाई १७-९ ले हरायो। विल्सनले हेम्सलाई १२-९ ले पराजित गऱ्यो। जुनियर पुरुषमा स्पाइगेलले केएमसीलाई ८-६ तथा ग्रिनलन्सले ज्ञान निकेतनलाई १०-८ ले हराउँदै फाइनलमा भेट पक्का गरे।

# ठेकेदार कम्पनीलाई दैनिक दुई लाखभन्दा बढी जरिवाना

नयाँ पत्रिका

सहरी विकास मन्त्रालयले कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान स्तरोन्नतिको काम समयमै नसक्ने ठेकेदार कम्पनीलाई जरिवाना लगाएको छ। तोकिएको मितिमा काम सम्पन्न नभएपछि ठेकेदार कम्पनीलाई सम्झौताअनुसार हर्जना लगाइएको मन्त्रालयले जनाएको छ। सम्झौताअनुसार ठेकेदार कम्पनीले योजनाको कुल रकमको ०.०५ प्रतिशत दैनिक हर्जना तिर्नुपर्नेछ। जुन करिब दैनिक दुई लाखभन्दा बढी हुने मन्त्रालयले जनाएको छ।

प्यारापिट बनाउन बिकेओआई केसिडिसी बिजीको ज्वाइन्ट भेन्चर कम्पनी (जेभी) ले गत १९ फागुन र फ्लडलाइट जडानका लागि विसन ईश्वरी जेभीले २२ फागुनमा मन्त्रालयको मातहतमा संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय सानो गौचरनसँग सम्झौता गरेका थिए। प्यारापिट बनाउन ४९ करोड २५ लाख रुपैयाँ र फ्लडलाइट जडानका लागि ४७ करोड ३७ लाख रुपैयाँमा सम्झौता भएको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले जनाएको छ।

कार्यकाल प्रमुख चक्रवर्ती कण्ठले ३० असारमै ठेकेदार कम्पनीलाई निर्धारित समयमा काम नसकेपछि हर्जना लाग्ने बताए। '३० असारमै निर्माण कम्पनीहरूलाई पूर्वनिर्धारित क्षतिपूर्ति (हर्जना)बारे जानकारी गराइसकेका छौं। मंगलबारदेखि उहाँहरू दैनिक हर्जना तिरेर काम गरिरहनुभएको छ। अब काम नसक्दासम्म दैनिक हर्जना लाग्नेछ,' उनले भने।

निर्माण कम्पनीले एक महिनामा काम सक्ने प्रतिबद्धता जनाएको थियो। अहिले चार हजार सिट फिटिङ र ६ फ्लडलाइटमध्ये तीनवटाको पोल कम्पनीले ल्याएको छ। प्यारापिटतर्फ वित्तीय प्रगति ६३ प्रतिशत र भौतिक प्रगति ७७ प्रतिशत छ भने फ्लडलाइट जडानतर्फ २९ प्रतिशत वित्तीय प्रगति र ४५ प्रतिशत भौतिक प्रगति भएको छ।




# एक अर्ब २५ करोड पाउन्ड खर्चंदा पनि बनेन क्याम्प नोउ रंगशाला



एजेन्सी

बार्सिलोनाका खेलाडीले यसपटकको नयाँ सिजनमा पनि घरेलु मैदान क्याम्प नोउ प्रयोग गर्न नपाउने भएका छन्। सन् २०२३ देखि रंगशालाको पुनर्निर्माण भइरहेको छ। दुई वर्षमा पुनर्निर्माणका लागि एक अर्ब २५ करोड पाउन्ड खर्च भइसकेको छ। तैपनि रंगशालाले पूर्णता पाउन नसक्दा खेलाडी तथा व्यवस्थापन पक्ष असन्तुष्ट छन्। पुनर्निर्माणपछि रंगशाला एक लाख पाँच हजार दर्शक क्षमताको हुनेछ।

> सन् २०२३ देखि पुनर्निर्माण भइरहेको बार्सिलोनाको घरेलु मैदान क्याम्प नोउको दर्शक क्षमता एक लाख पाँच हजार रहेको छ

यसअघि रंगशाला ९९ हजार दर्शक क्षमताको थियो। क्याम्प नोउ पूरै बनिसक्दा युरोपकै सर्वाधिक दर्शक अटाउने रंगशालाका रूपमा दर्ता हुनेछ। ठेक्का पाएको कम्पनीले गत नोभेम्बरमा क्याम्प नोउ हस्तान्तरण गरिने भनिएको थियो। प्राविधिक तथा आर्थिक समस्याका कारण अर्को महिना मात्र यहाँ खेल हुन सक्ने कम्पनीले जनाएको छ। बार्सिलोनाले यसमा आशंका व्यक्त गरेको छ। बार्सिलोनाले लगातार दुई वर्ष लुइस कम्पनी ओलम्पिक रंगशालालाई घरेलु मैदानका रूपमा प्रयोग गरिरहेको छ। जहाँ दैनिक स्पेनको राष्ट्रिय महिला तथा युवा टोलीले अभ्यास गरिरहेका छन्। यसले पनि बार्सिलोनाका खेलाडीले नियमित प्रशिक्षण गर्न पाएका छैनन्। पूर्वनिर्धारित कार्यक्रमअनुसार बार्सिलोनाले यसै साता जाआन गाम्पेर ट्रफी प्रतियोगिता क्याम्प नोउमा गर्ने भनेको थियो। तर, यो प्रतियोगिता जोसेफ रंगशालामा हुनेछ।

स्पेनको प्रमुख पत्रिका मार्काले क्याम्प नोउ रंगशाला अर्को महिना पनि पूरा नहुने दाबी गरेको छ। 'अहिलेको प्रगतिअनुसार यो रंगशाला अर्को महिना पनि सकिँदैन,' मार्काले उल्लेख गरेको छ, 'ठेक्का पाएको कम्पनीले सुस्त गतिमा काम गरिरहेको छ।' बार्सिलोना १४ सेप्टेम्बरमा भ्यालेन्सियासँग हुने स्पेनिस ला लिगाको खेल खेल्ने योजनामा छ। रंगशालामा अझै सिट राख्ने काम बाँकी छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com